



# नेपाल समाचारपत्र

नेपाली मनको नेपाली पत्रिका

NEPAL SAMACHARPATRA



नेपाल समाचारपत्र दैनिक, कामना, साधनाका ग्राहक बन्नुपरेमा, पत्रिका समयमा नआएमा, कुनै गुनासो भएमा सम्पर्क गर्नुहोला।

कामना न्यूज पब्लिकेसन्स्

कामना प्लाजा, भीमसेनस्थान, काठमाडौं
सम्पर्क : ९८०१००३७३७, ०१-४२६११७९
एक्सटेन्सन: २२५ (९ बजेदेखि ६ बजेसम्म)




# सरकार ! यो के गरेको ?



## असारे विकासको चटक

## बनाउँदै–भत्काउँदै

हेमन्त जोशी, काठमाडौं

**दृष्टान्त १ :** सडक विभागले त्रिपुरेश्वरदेखि टेकुसम्मको ८ सय मिटर सडक जेठ १५ भित्र कालोपत्रे गरिसक्ने गरी ठेकेदारलाई निर्देशन दिएको थियो। तर विस्तार गरिएको भनिएको सडकको उक्त क्षेत्रमा अझै पनि नेपाल विद्युत् प्राधिकरणका ४ वटा बिजुलीका पोल हटेका छैनन्। व्यक्तिगत भवनहरू मात्र नभई उद्योग मन्त्रालयअन्तर्गतको घरेलु तथा साना उद्योग विभागको भवन पनि भत्काउनुपर्ने देखिन्छ। तर सरकारी निकाय नै सडक विस्तारका लागि तगारो बन्ने काम गरिरहेको छ।

**दृष्टान्त २ :** विद्युत् प्राधिकरणले रत्नपार्क वितरण केन्द्रदेखि महाराजगन्ज वितरण केन्द्रसम्मको विद्युत् प्रसारण लाइनलाई भूमिगत गर्न एक महिनाभित्रै ठेक्कापट्टाको काम सकेर निर्माणको काम गर्ने गरी तयारी गरिरहेको छ। जबकि सोही क्षेत्रमा मेलम्ची खानेपानी आयोजनाले करिब एक महिना अगाडि मात्र सडक भत्काएर पाइप बिच्छ्याउने काम सकाएको थियो। सरकारी निकायहरूको समन्वयको अभावमा कसरी सडक भत्काउने र बनाउने काम भइरहन्छन् भन्ने यो एउटा नमुना हो।

**दृष्टान्त ३ :** काठमाडौं महानगरपालिकाले १५ करोड रुपियाँ बराबरको लागतमा सडकमा सोलार बत्ती जोड्ने काम गरिरहेको छ। तर, सोलार बत्ती जोड्न गाडिएका पोलहरू केही सडकमै पर्ने गरी गाडिएका छन् भने केही सर्वसाधारण हिँड्न नै अप्ठेरो पर्ने गरी फुटपाथको बीच भागमा ठूलाठूला खाल्डो खनिएका छन्। सोलार बत्ती जोड्दा महानगरपालिकाले विभागसँग समन्वय नै नगरेको स्वयम् सडक विभागका अधिकारीहरू बताउँछन्।

(क्रमशः पृष्ठ ९ मा)

## हप्ता दिनमा झ्वाङ्झ्वाङ

प्रकाश पन्त, वीरेन्द्रनगर

विकास निर्माणमा सरकारी निकायले कतिसम्म हेलचेक्र्याइँ र लापरबाही गर्छ भन्ने कुराको एउटा उदाहरण सुर्खेत-नेपालगन्ज सडक भएको छ। यो सडकअन्तर्गत छिन्चु-पैंसठ्ठी सडक खण्डमा गरिएको कालोपत्रे हप्ता दिनमै उप्किएको छ। छिन्चु-वीरेन्द्रनगर सडक खण्डको दायाँबायाँ छेउमा गरिएको कालेपत्रे उप्किएको मात्र छैन पानी जमेको र खाल्डाखुल्डीसमेत परेको छ।

सडक कार्यालयका कर्मचारी र ठेकेदारको मिलेमतोमा बजेट सक्नका लागि हतारहतारमा कालोपत्रे गरिएकाले हप्ता दिनमै कालोपत्रे उप्किएको स्थानीयले आरोप लगाएका छन्। सडक चौडा बनाउने नाममा गरिएको कालोपत्रेको काम हास्यास्पद भएको उनीहरूले गुनासो गरेका छन्।

सडक चौडा पार्ने नाममा जनताको आँखामा छारो हाल्ने काम भएको स्थानीयले बताएका छन्। 'यो राम्रो काम भएन', स्थानीय ओम केसीले भने- 'यदि विकास नै गर्ने हो भने गुणस्तरीय काम गर्नुपर्‍यो। गुणस्तरहीन कालोपत्रे गरेर बजेट किन सिध्याउने ? यो जनताको आँखामा छारो हाल्ने काम मात्र हो। त्यसैले यस्ता ठेकेदार र कर्मचारीलाई कारबाही गर्नुपर्छ।'

यता डिभिजन सडक कार्यालय सुर्खेतले भने नगरभन्दा भन्दै ठेकेदारले जबरजस्ती रूपमा कालोपत्रे गरेकाले समस्या देखिएको बताएको छ।

(क्रमशः पृष्ठ ९ मा)

## संविधान संशोधन प्रकरण

# कसरी चोर्ने सांसद ?

मधुसूदन रायमाझी
काठमाडौं

स्थानीय तहको दोस्रो चरणको निर्वाचन भएलगत्तै सरकार संविधान संशोधन विधेयक पारित गराउनका लागि बहुमत जुटाउने गृहकार्यमा लागेको छ।

संविधान संशोधन विधेयक पारित गराउनका लागि दुई तिहाइ बहुमत नरहेकाले सरकारले राप्रपा नेपालसहितका साना दलहरूलाई समेटी विधेयक पारित गराउनका लागि बहुमत जुटाउने गृहकार्यमा लागेको हो।

प्रधानमन्त्री शेरबहादुर देउवा मन्त्रिपरिषद् विस्तार गर्न छोडेर नै राष्ट्रिय जनता पार्टीको माग सम्बोधन गर्न संविधान संशोधन विधेयक पारित गराउने गृहकार्यमा लाग्नुभएको छ। स्थानीय तहको दोस्रो चरणको निर्वाचन सम्पन्न भएलगत्तै प्रधानमन्त्री देउवा संविधान संशोधनको गृहकार्यमा लाग्नुभएको छ।

उहाँले सत्तारूढ दल नेकपा माओवादी केन्द्रलगायतका दलहरूसँग दैनिक रूपमा छलफल गर्नुका साथै राप्रपालाई पनि संविधान संशोधनको पक्षमा ल्याउने गृहकार्य गरिहनुभएको छ।

सत्तारूढ दलले संविधान संशोधन विधेयक पारित गराउने तयारी तीव्र बनाए पनि प्रमुख प्रतिपक्षी दल एमालेले कुनै पनि हालतमा विधेयक पारित गर्न नदिने अडान लिँदै आएको छ। संविधान संशोधन विधेयक पारित गर्न नदिनका लागि एमालेसहितको ९ दलीय गठबन्धन बनाएर नै उसले विरोध गर्दै आएको छ।

(क्रमशः पृष्ठ ९ मा)

## बाढीको पूर्वानुमान

# 'सतर्क रहौं, खतरा छ'

टीका बन्धन, काठमाडौं

निरन्तरको वर्षापछि मुलुकका मुख्य नदी र जलाधार क्षेत्रमा पानीको बहाव बढेसँगै मध्य र पश्चिम तराईका अधिकांश नदी तटीय क्षेत्रका बस्ती उच्च जोखिममा रहेका छन्।

आइतबारदेखिको निरन्तर झरीले चुरे र महाभारत हुँदै बहने नदी र खहरे खोलाले तल्लो तटीय क्षेत्रमा बाढीको जोखिम बढाएको हो। मध्य तराईको सप्तरीदेखि बारा आसपासका त्रियुगा, खाँडो, रातु, गागनलगायतका नदी तटीय क्षेत्रमा उच्च सतर्कता अपनाउन जल तथा मौसम विज्ञान विभागको बाढी पूर्वानुमान शाखाले आग्रह गरेको छ। त्यसै गरी नारायणी नदीदेखि महाकाली नदी तटीय क्षेत्रमा पनि उच्च सतर्कता अपनाउनुपर्ने शाखाले जनाएको छ।

(क्रमशः पृष्ठ ९ मा)

## खोलाले जिप बगाउँदा चार बेपत्ता

पृष्ठ ६









# महानगर

कलेजो प्रत्यारोपण जीवित मानिस या ब्रेन डेथ भएका मानिसबाट गर्न सकिन्छ। यसका लागि नेपालमा भर्खरै अंग दानको कानुन बनेर कार्यान्वयनमा आउन लागेको अवस्थामा धेरै कुराको सुधार र व्यावहारिक प्रयोगमा ल्याउन वातावरण सहज बनाउनु आवश्यक छ।





# कलेजोमा सफलता

## नेपालमा दुईपटक सफल भइसक्यो कलेजोको प्रत्यारोपण

भगवती तिमल्सिना
bgtimilsina@yahoo.com

कलेजो प्रत्यारोपण गर्नु चिकित्सा विज्ञानमै जटिल शल्यक्रिया हो। हालै मात्र मानव अंग प्रत्यारोपण केन्द्र भक्तपुरमा दोस्रोपटक कलेजो प्रत्यारोपण सफल भएको छ। मानव अंग प्रत्यारोपणका क्षेत्रमा नेपाल सरकार तथा स्वास्थ्य मन्त्रालयले समन्वय एकाइको मान्यता दिएको केन्द्रले ६ महिनाअघि कोरियाली विशेषज्ञहरूको सहयोगमा नेपालमै पहिलोपटक कलेजो प्रत्यारोपण गरेको थियो। यो दोस्रो कलेजो प्रत्यारोपण केन्द्रले एक साताअघि सफलतापूर्वक काम सम्पन्न गरेको हो। दोस्रोपटक काठमाडौं लगन निवासी ५७ वर्षीय हीराकाजी महर्जनमा सफल कलेजो प्रत्यारोपण गरिएको हो। बिहान ५ बजेदेखि दिउँसो ४ बजेसम्म ११ घण्टा लामो समय नेपाल र भारतका विशेषज्ञ टोलीहरूको सक्रियतामा प्रत्यारोण कार्य सम्पन्न भएको केन्द्रले जनाएको छ। कलेजो दाता महर्जनकी आफ्नै छोरी रहेको पनि केन्द्रले जनाएको छ। केन्द्रका कार्यकारी निर्देशक डा. पुकारचन्द्र श्रेष्ठका अनुसार शल्यक्रियामा भारतका विशेषज्ञसहित १० जना र मानव अंग प्रत्यारोपण केन्द्रका २० जना डाक्टर तथा नर्ससहित ३० जनाको टोलीको सक्रियता रहेको थियो।

कलेजो प्रत्यारोपणका लागि भारतको नयाँ दिल्लीस्थित म्याक्स हेल्थकेयरका निर्देशक कलेजो प्रत्यारोपण विशेषज्ञ डा. सुभास गुप्तासहित १० जना प्राविधिक टोलीको सहयोगमा प्रत्यारोपण सम्पन्न गरिएको डा. श्रेष्ठले जानकारी गराउनुभयो। यता केन्द्रबाट भने डा. सुबोध अधिकारी, डा. क्षेतेन योञ्जन तामाङ, डा. प्रविन जोशी, डा. आरती राई, डा. किरण अधिकारी, डा. महालक्ष्मी देउजा, डा. दिपेश गुरुवाचार्य, डा. निरज जोशी, डा. सुभास आचार्य, इन्दिरा प्रधान, मेरिना राणा, अनिता कार्की, सृष्टि साह, शर्मिला कोजुलगायतको टोली प्रत्यारोपणमा संलग्न थिए। नेपाली टोलीको नेतृत्व डा. पुकार आफैंले गर्नुभएको थियो।

केन्द्रमा दोस्रोपटक कलेजो प्रत्यारोपणलाई प्रत्यक्ष रूपमा नियालेर आवश्यक सहयोग पुऱ्याउँदै आउनुभएका अमेरिकाको एटलान्टास्थित पिटमन्थ मेडिकल सेन्टर कलेजो प्रत्यारोपण युनिटका निर्देशक डा. रोशन श्रेष्ठ भन्नुहुन्छ- अंग प्रत्यारोपण नेपाल र अमेरिकामा उस्तै हो तर नेपालमा प्राविधिक रूपमै सुधार गर्नुपर्ने देखिन्छ। कलेजो प्रत्यारोपणपछि महर्जन परिवारलाई पूर्णकालीन रूपमा हेर्दै आउनुभएका डा. श्रेष्ठले कलेजो प्रत्यारोपण जीवित मानिस या ब्रेन डेथ भएका मानिसबाट गर्न सकिने बताउनुभयो। यसका लागि नेपालमा भर्खरै अंग दानको कानुन बनेर कार्यान्वयनमा आउन लागेको अवस्थामा धेरै कुराको सुधार र व्यावहारिक प्रयोगमा ल्याउन वातावरण सहज बनाउनु आवश्यक छ।

नेपालबाट हरेक वर्ष ५० जनाभन्दा बढी मानिस कलेजो प्रत्यारोपणका लागि विदेशिनुपर्ने बाध्यता रहेको अवस्थामा नेपालमै यो कार्यको थालनीले आर्थिक रूपमा समेत निकै लाभ मिल्ने र समयमै उपचार दिने कुरामा आफूहरू लागिपरेको डा. पुकार बताउनुहुन्छ। महर्जन परिवारले मानव अंग प्रत्यारोपण केन्द्रमा ४ महिनाअघिदेखि सम्पर्कमा गई सम्पूर्ण परीक्षणपछि बल्ल कलेजो प्रत्यारोपण सफल भएको डा. श्रेष्ठ भन्नुहुन्छ। यति बेला बिरामी र दाता दुवैको स्वास्थ्य अवस्था राम्रो रहेको र एक दुई दिनभित्रै डिस्चार्ज गर्ने अस्पतालले जनाएको छ।



डा. रोशन भन्नुहुन्छ- बिरामीको कलेजोलाई शल्यक्रियाको माध्यमबाट निकालेर त्यस ठाउँमा स्वस्थ कलेजो राख्ने काम नै कलेजो प्रत्यारोपण हो। मस्तिष्क मृत्युपश्चात दान गरिएको कलेजो बिरामीमा पूरै प्रत्यारोपण गर्न मिल्छ भने जीवित मानिसको कलेजोको केही अंश मात्र शल्यक्रिया गरी बिरामीमा प्रत्यारोपण गरिन्छ।

स्वस्थ व्यक्तिको शरीरबाट कलेजोको सानो भाग निकालेर बिरामीको खराब भएर हटाएको कलेजोको भागमा लगि प्रत्यारोपण गरिन्छ। कलेजो नङ र कपाल जस्तै छिटोछिटो बढ्दै जाने अंग भएकाले थोरै भाग राखिए पनि विस्तारै बढ्दै गएर एक साताभित्र सक्रिय हुन थाल्छ र तिन महिनाभित्र पूर्ण भइसक्ने पनि डा. पुकार बताउनुहुन्छ।



कलेजो निकालेको १० देखि १२ घण्टाभित्र प्रत्यारोपण गरिसक्नुपर्ने भएकाले बिरामी, दाता, चिकित्सक तथा उपकरण २४सै घण्टा उपलब्ध हुनुपर्छ। कति बेला ब्रेनडेथको खबर आउँछ, बिरामी कहाँ छ, प्रत्यारोपण समन्वय टोली कहाँ छ भन्ने बारेमा खोज्नुनपर्ने बनाउन सरकारले थप सेवा सुविधा उपलब्ध गराउनुपर्ने राय विगतमा पूर्वस्वास्थ्यमन्त्री गगनकुमार थापासमक्ष पेस गरेको केन्द्रले जनाएको छ। पेस गरिएको रायमा ब्रेनडेथका बारेमा खबर गर्ने अस्पताल, ब्रेनडेथ भएको व्यक्तिका परिवारलाई समेत आर्थिक सहयोग गर्ने र सेवामा खट्ने चिकित्सकलाई उचित पारिश्रमिकको व्यवस्था गर्नुपर्ने रहेको डा. श्रेष्ठ बताउनुहुन्छ।

सरकारले केन्द्रलाई समन्वय एकाइको मान्यता दिएको छ तर केही ठूला सरकारी अस्पतालहरूले नै किन खबर गर्ने भन्ने जस्ता अभिव्यक्ति दिनुको पछाडि कुनै लाभ नभएको पाइएकाले पनि खबर गर्ने, दाता र उपचारमा संलग्न टोलीलाई समेट्नु जरुरी भएको डा. श्रेष्ठको ठम्याइ छ। कलेजो प्रत्यारोपणमा मात्र वर्षेनी ७५ करोडको हाराहारीमा बिरामीका साथमा रकम विदेशिन्छ भने मृगौला प्रत्यारोपणमा ६ अर्बको हाराहारीमा बाहिरिँदै आएकोमा नेपालमै मृगौला प्रत्यारोपणपछि १ अर्ब बराबरको रकम बाहिरिनबाट जोगिएको छ। यति मात्र नभई छिमेकी मुलुक भारतलगायतका बिरामीले नेपालमा आई अंग प्रत्यारोपण गराउने कार्य बढ्दै जाँदा स्वास्थ्य पर्यटनमा समेत वृद्धि हुँदै गएको पनि डा. श्रेष्ठ बताउनुहुन्छ।

सबै पक्षको सहयोग र सद्भाव भए केन्द्रमा महिनामा कम्तीमा एक जना बिरामीलाई कलेजो प्रत्यारोपण गर्न सकिन्छ डा. श्रेष्ठ भन्नुहुन्छ। केन्द्रले पहिलोपटक ७ डिसेम्बर २०१६ मा र दोस्रोपटक २ जुनमा कलेजो प्रत्यारोपण कार्यमा सफलता पाएको हो।

नेपालमा कति मानिसको कलेजोको समस्या छ भन्ने बारेमा यकिन तथ्यांक नभए पनि अनुमानित १ हजारको हाराहारीमा रोगीको संख्या हुन सक्ने अनुमान चिकित्सकहरूले लगाएका छन्। छिमेकी मुलुक भारतलगायत अन्य मुलुकमा कलेजो प्रत्यारोपण सेवा अत्यन्तै महँगो झन्डै १ करोडको हाराहारीमा पर्छ। यो सेवा लिनु नेपालीहरूका लागि निकै कठिन अवस्था भइरहेको र यति बेला नेपालमा गरिएका प्रत्यारोपणमा २० लाख रुपियाँको हाराहारीमा खर्च हुने अनुमान गरिएको केन्द्रले जनाएको छ।

गत वर्ष मानव शरीरको अंग प्रत्यारोपण (नियमित तथा निषेध) नियमावली, २०७३ मन्त्रिपरिषद्बाट पास भएपश्चात नेपालमा कलेजो प्रत्यारोपण गर्न बाटो खुलेको हो। पहिलेको नियमावलीमा प्रत्यारोपणसम्बन्धी नीति तथा नियमको दायरा साँघुरो थियो। नीति तथा नियमको दायरा फरक भएसँगै अब अस्पतालको क्षेत्र पनि विस्तार हुनुका साथै थप उपकरण, जनशक्तिका लागि सरकारले समयमै ध्यान दिनुपर्ने देखिन्छ। यति बेला मानव अंग प्रत्यारोपण केन्द्रले १ सय बेड सञ्चालनमा ल्याएको छ भने ४ वटा अप्रेसन थिएटर र २० वटा मात्र आईसीयू कक्ष छन्। अंग प्रत्यारोपण गरिएका हरेक बिरामी सघन उपचार कक्षमै राख्नुपर्ने अवस्थामा हुन्छन्। यस अस्पतालको साँघुरो घेराभित्र मृगौला प्रत्यारोपणलाई प्राथमिकता दिए कलेजो प्रत्यारोपणले पालो नपाउने जस्ता अति आवश्यकीय सेवाको खाँचो रहेको अस्पतालका कार्यकारी निर्देशक श्रेष्ठको भनाइ छ।

# दुहुनो गाई बन्दै अस्पताल




कृष्णउदास खनाल, वीरगन्ज

२०४२ सालमा महेन्द्र आरोग्य केन्द्र हुँदै नारायणी उपक्षेत्रीय अस्पतालमा परिणत भएको वीरगन्जको छपकैंयामा रहेको नारायणी उपक्षेत्रीय अस्पताल बिरामीको सेवा गर्ने निकाय नभई कमाउने थलोका रूपमा विकसित हुन थालेको छ।

पछिल्लो राजनीतिक गतिविधिको प्रत्यक्ष मारमा परेको नारायणी अस्पतालमा बिरामीले पाउने सेवाभन्दा पनि अस्पतालमा आउने विभिन्न प्रकारका रकमको चलखेल हुने गरेको अस्पतालका कर्मचारीहरूले नै बताएका छन्। नाम कमाएका र ख्याति प्राप्त वीरगन्ज बाहिरका चिकित्सकहरूलाई कथित भूमिगतको नाममा आतंक सृजना गरिएपछि करिब एक दशकदेखि यस अस्पतालमा विशेषज्ञ राम्रा चिकित्सकहरूको अभाव देखिएको वीरगन्जको नारायणी अस्पतालको विषयमा अध्ययन गर्दै आइरहेका समाजसेवी युवा कमल चौगाईंले बताए। उनले अस्पताल सुधार गर्ने र बिरामीहरूको सेवा गर्ने भावनाभन्दा पनि अस्पताललाई दुहुनो गाई बनाउने खेल बढी भइरहेको भन्दै चिन्ता जनाए।

उनका अनुसार अस्पताल दिनप्रतिदिन बिग्रँदै गइरहेको छ। अस्पतालका स्वास्थ्यकर्मीहरू राजनीतिक संरक्षणमा रहेका कारण कुनै गलत कार्य गरेपछि छुट्ने गरेको पाइएको छ। केही वर्ष अगाडि मात्रै अस्पतालको स्टोर शाखाको सामान चोरीको अभियोगमा एक जना स्वास्थ्यकर्मी पक्राउ परेको भए पनि कर्मचारीहरूको आन्दोलनका कारण प्रहरीले पक्राउ परेका स्वास्थ्यकर्मीलाई छाड्न बाध्य भएको थियो। अस्पतालमा कहिले चोरीको अरोपमा बबण्डर त कहिले अस्पताल हाताभित्र सञ्चालित फार्मेसीको विषयमा चर्को विवाद हुने गरेको छ। अस्पतालभित्र सञ्चालन भइरहेको फार्मेसीमा पनि राजनीतिक संरक्षणका आधारमा बढी चलखेल हुने गरेको पाइएको हो। यसपालि पनि अस्पतालले नै सञ्चालन गरेको फार्मेसी बन्द गरी निजी क्षेत्रबाट सञ्चालित फार्मेसीलाई प्रोत्साहन गर्ने खालको खेल शुरू भएको अस्पतालका कर्मचारीहरूले नै बताएका छन्। तर अस्पतालका मेसु डा. चित्ररञ्जन साहले भने अस्पतालको फार्मेसी यथावत् राख्दै अन्य फार्मेसी सञ्चालन गर्न दिइने बताए।

यसैबीच पछिल्लोपटक सार्वजनिक समाचारअनुसार स्वास्थ्य मन्त्रालयले अस्पताललाई पठाएको ८५ लाख रुपियाँ तीन दिनमा सकिएको छ। रङरोगन, मर्मत र सामान खरिदमा रकम सिध्याइएको हो। अस्पतालमा केही महिना पहिले भएको पेन्टमाथि पुनः पेन्ट लगाएर काम नलाग्ने घर, भवनमा समेत रङरोगन भइरहेको देखिन्छ। नाउक्षे अस्पताललाई मन्त्रालयले कार्यादेश केही महिनाअघि पठाए पनि रकम तीन दिनअघि पठाएकाले टेन्डर प्रक्रिया झन्झटिलो भएका कारण कोटेसनमा दिइएको निमित्त मेसु चित्ररञ्जन साहले बताएका छन्।

# वुद्धवीर बने पहिलो बीमित



रोशन पराजुली, हेटौंडा

मकवानपुरमा स्वास्थ्य बिमा शुरू भएको छ। बिहीबार मनहरी गाउँपालिकामा गाउँपालिका अध्यक्ष एकराज उप्रेती र क्षेत्रीय स्वास्थ्य निर्देशनालयका निर्देशक डा. वासुदेव पाण्डेले संयुक्तरूपमा बिमा परिचयपत्र वितरण गरी स्वास्थ्य बिमा शुरू गरेका हुन्।

मनहरी गाउँपालिका-८ का ५४ वर्षीय वुद्धबीर गहतराजको मकवानपुरमा पहिलो स्वास्थ्य बिमा गरिएको हो। आर्थिक अभावका कारण उपचार गर्न समस्या भएपछि उनले पत्नी गुमाएका थिए। उनी आफू पनि रोगले ग्रसित भएपछि समस्यामा पर्दै आएका थिए। क्षेत्रीय स्वास्थ्य निर्देशक डा. पाण्डेले सरकारले जनतालाई प्रत्यक्ष फाइदा पुग्ने गरी ल्याएको कार्यक्रममा सहभागी हुन आग्रह गरे। उनले आगामी दिनमा कार्यक्रमको परिमाण ठूलो हुँदै जाने बताए।

गाउँपालिका अध्यक्ष उप्रेतीले सामान्य व्यक्ति बिरामी हुँदा आर्थिक अभावमा गाउँपालिका कार्यालयबाट आर्थिक सहयोगका लागि अनुरोध गरी चिठी लेख्नुपर्ने बाध्यता रहेको सुनाए। उनले बिमा कार्यक्रमबाट त्यस्तो चिठी लेख्नुपर्ने बाध्यताबाट मुक्ति पाइने बताए।

पहिलो बीमित गहतराजका निम्ति उप्रेतीले २ हजार ५ सय रुपियाँ सहयोग गरेका थिए। बिमा कार्यक्रमअन्तर्गत सरकारले ४ जनासम्मको परिवारका लागि २ हजार ५ सय रुपियाँमा वार्षिक बिमा गर्ने नीति ल्याएको हो। ५ जनाभन्दा बढी परिवार संख्याका भए थप रकम तिरेर बिमा गर्न सकिने जनाइएको छ। बीमित व्यक्ति बिरामी भएमा ५० हजार रुपियाँसम्मको उपचार खर्च सरकारले व्यहोर्ने नीति छ।

SAURABH GROUP

ISO 9001:2008 Certified Company
ISO 14001:2004 Certified Company

# सर्वोत्तम सिमेन्ट नै किन?

## किन कि यो हो नेपाल कै एक मात्र सिमेन्ट उद्योग जो सँग छ

### युरोपियन भि आर एम मेसिन
डेनमार्कबाट आयातित अत्याधुनिक युरोपियन भि आर एम मेसिनबाट उत्पादित एक मात्र सिमेन्ट जसको कण कणमा छ ४५०० ब्लेन सम्मको सर्वोत्तम मसिनोपन ।

### एक्स-रे डिफ्राक्सन् मेसिन
एक्स-रे डिफ्राक्सन् मेसिनद्वारा परिक्षण गरिने यस सिमेन्टको हरेक कण कणमा छ समान स्तरको सर्वोत्तम गुणस्तर।

### एकसपर्ट कन्ट्रोल एण्ड सुपरभिजन (इ सि एस)
सिमेन्टको गुणस्तरलाई अनुगमन र निरिक्षण गरी (इसिएस) सिस्टमले बाँड्छ हरेक कण कणमा एकैनाशको गुणस्तर र दिन्छ सर्वोत्तम पकडशक्ति ।

### आफ्नै विद्युत उत्पादन
नेपालमै पहिलो पटक आफ्नो स्टिम इन्जिनबाट विद्युत उत्पादन गरी बिना अवरोध निरन्तर सिमेन्ट उत्पादनमा एकरुपता प्रदान गरी दिन्छ सर्वोत्तम क्वालिटी ।

**सर्वोत्तम सिमेन्टको थप विशेषताहरु:**

- ६ स्टेज प्रि-हिटरबाट उत्पादित
- वाटरप्रुफ लेमिनेटेड बोरा प्याकेजिङ्ग
- पाल्पा तथा चितवनको उत्कृष्ट चुनढुंङ्गा खानीबाट निर्मित
- सबैभन्दा बढी लगानी भएको
- ISO 9001 गुणस्तर, 14001 वातावरण मैत्रि र नेपाल गुणस्तर प्रमाणित




डिलर/बिक्रेता बन्नका लागि सर्म्पक:
काठमाडौं/रामेछापः नरेश पौडेल- ९८५१०१२४९१ । काठमाडौं/नुवाकोट / रसुवाः उमेश गौतम- ९८५११३२०८६ । काठमाडौंः प्रदिप शर्मा- ९८५१२४७७६३ ललितपुर/धादिङ्ः दिनेश गिरी- ९८५१०१२८८६ । भक्तपुर/मेलम्ची/चौताराः मदन न्यौपाने- ९८५१०१२४९३ । पोखरा/गोर्खाः महेश गौतम- ९८५७०२३९५३
नारायणगढः राम भट्ट- ९८५१२४७७६० । बुटवल/भैरहवाः दिनेश पोखरेल- ९८५७०२४६६३ नवलपरासीः विश्वनाथ गौतम-९८५७०२४७६३ । नेपालगञ्ज/दाङ्ः अशोक मिश्र- ९८५७०२४४६३ । धनगढीः नवराज जोशी- ९८०१२२४४०४ । कर्पोरेट अफिसः ०१ ४१११५६७, ४१११५७१, ४१११८६८, ४१११९०३, ४१११७०९, ४११७५०२

# विचार

लेखकहरु हो दृ आफ्नो शक्तिअनुरुप विषयको छनोट गर, तिम्रो काँधले बोक्न सक्ने र नसक्ने विचारहरुमाथि गम्भीरतापूर्वक विचार गर।

–होरेस

प्रविधिपूर्ण कला जुन मनोरञ्जक हुनुको साथै मानव मात्रको हितको सोचको अनुभूतिस्वरुप शब्दमा व्यक्तिएर आएको हुन्छ- साहित्य।

–माधवलाल कर्माचार्य

## सम्पादकीय

नेपाल समाचारपत्र NEPAL SAMACHARPATRA

## जारको पानीमा प्रश्न

अहिले राजधानीमा अक्सर जारको पानी र मिनरल वाटरको अधिक प्रयोग भएको पाइन्छ। तथापि गत आइतबार आयोजित एक कार्यक्रममा बोल्ने विज्ञहरुले त्यस खालको पानीमा हैजाका किटाणु भएको बताउनुले मानिसमा एकप्रकारको त्रासको वातावरण सिर्जना भएको छ। सार्वजनिक खपतका लागि मात्रै विज्ञहरुले सो धारणा राखेका हुन् भने कुरा बेग्लै हो। होइन भने सरकारी निकायले आवश्यक छानबिन गरी गलत काम भइरहेको छ भने त्यस्ता पक्षलाई कारबाही गर्नुपर्दछ र सहीलाई सही भन्दिनुपर्ने हुन्छ।

नत्र राम्रो काम गरिरहेकाहरुलाई एकातर्फ मार पर्ने सम्भावना हुनेछ भने अर्कातर्फ गलत काम गर्नेले अझै गलत काम दोहोऱ्याउन सक्छन्। त्यसैले गुणस्तर हेर्ने निकायहरुले जारको पानी वितरण गर्ने निकायहरुलाई आवश्यक निगरानी गर्नुपर्ने हुन्छ । हुन त सरकारी निकायहरुले सरुवा रोग नियन्त्रण गर्नका लागि आफू सक्षम भएको बताउँदै आएका छन्। तर, रोग लागेर समस्या सिर्जना भइसकेपछि त्यसको उपचारमा लाग्नुभन्दा पनि रोग नै लाग्न नदिनेतर्फ सम्बद्ध सबै पक्ष सतर्क भएर लाग्नु जरुरी रहेको छ।

काठमाडौँका जनस्वास्थ्य प्रमुख महेन्द्रप्रसाद श्रेष्ठले उपत्यकामा झाडापखाला र हैजा रोगको जोखिम अरुभन्दा बढी भएको स्वीकार्नुभएको छ। पानी नभई नहुने कुरा भएकोले यसलाई स्वच्छरुपमा वितरणको व्यवस्था राज्यका तर्फबाट हुनुपर्दछ। विज्ञहरुका अनुसार जुलाईदेखि सेप्टेम्बरसम्म हैजाका बिरामी बढी मात्रामा देखिने हुनाले पानी उमालेर खाएमा हैजा, झाडापखाला र आउँ न्यून हुन सक्छ। त्यसैले सर्वसाधारणले पनि आवश्यक होसियारी अपनाउनु जरुरी रहेको छ।

अहिले राजधानीमा वितरण गरिँदै आएका जारको पानी भन्दै ट्यांकरबाट ल्याएको पानी दिने गरिएको समेत बताइँदै आएको छ। यती गम्भीर कुरा हचुवाको भरमा भन्नुभन्दा आवश्यक अनुगमन र अनुसन्धान गरी सम्बद्ध पक्षलाई कारबाही गर्नु जरुरी रहेको छ। नेपालमा हैजा फैलाउने मूल कारण जारको पानी भएको काठमाडौं जनस्वास्थ्यले गरेको एक अनुसन्धानले पनि देखाएको जनाइएको छ। त्यसले गर्दा पनि खानेपानीको विषयमा राज्यका सबै संयन्त्रले आवश्यक कदम चाल्नु आवश्यक छ। समस्या परेपछि तातेझैँ गर्ने र अरु बेला मौनता साँधेर बस्ने सरकारी शैलीले जनता बारम्बार मारमा पर्दै आएका छन्। नियमितरुपमा आफ्नो काम सम्बद्ध निकायहरुले गर्ने हो भने कुनै पनि समस्या नदेखिनुपर्ने हो तर हामीकहाँ कर्तव्य पालना गर्ने बानी बसेको छैन। यो अवस्थाले गर्दा सरकारी निकाय नै त कतै यस्ता गलत धन्दामा लागिरहेका छैनन् भन्ने प्रश्न पनि उब्जने गरेका छन्। यदि त्यसो होइन भने त्यसलाई प्रमाणित गर्नका लागि पनि सरकारी निकायको सक्रियता जरुरी देखिएको छ।

**लेखकहरुलाई अनुरोध**

१००० शब्दसम्मका उत्कृष्ट लेख-रचना एवम् छोटा पाठक-पत्रहरु निम्न ठेगानामा पठाउनुहुन अनुरोध गरिन्छ।

email : samacharpatrac@gmail.com, lekh_rachana@yahoo.com

# दलका कार्यकर्ता पदाधिकारीमा रुपान्तरण

## समृद्धिका लागि सहकार्यको खाँचो



बद्री तिवारी

स्थानीय तहको पहिलो र दोस्रो चरणको निर्वाचन छिटपुट घटनाबाहेक सफलतापूर्वक सम्पन्न भएको छ। पहिलो चरणअन्तरगत चितवनको भरतपुर महानगरपालिकाबाहेक सबै स्थान २ सय ८२ स्थानीय तहको परिणाम सार्वजनिक भएपछि नवनिर्वाचित जनप्रतिनिधिहरुले आ-आफ्नो पदभार ग्रहण गरिसकेका छन्। यो लेख तयार पार्दासम्म दोस्रो चरणमा निर्वाचन भएका ३५ जिल्लाका ३ सय ३४ स्थानमध्ये ३ सय ३१ स्थानको परिणाम सार्वजनिक भएको छ। पहिलोजस्तै दोस्रो चरणमा पनि नेकपा एमालेले नै बढी स्थानमा विजय हासिल गरेको छ भने बाँकी स्थानमा पनि एमालेले नै अग्रता लिइरहेको छ। स्थानीय तहको समग्र नतिजाले एमालेलाई मुलुकको सबैभन्दा ठूलो दल बनाएको छ।

पछिल्लो मतपरिणामअनुसार नेकपा एमाले पहिलो, नेपाली कांग्रेस दोस्रो र नेपाल कम्युनिस्ट पार्टी माओवादी केन्द्रले तेस्रो स्थान हासिल गरेका छन्, उल्लेखनीय रुपमा रुकुममा सबै स्थानीय तहमा माओवादी केन्द्रले विजय हात पारेको छ भने भक्तपुर नगरपालिकामा नेपाल मजदुर किसान पार्टीले पूरै स्थानमा विजय हासिल गरेको छ। अन्य साना दलहरुमध्ये थोरैले मात्र आफ्नो उपस्थिति जनाउन सफल भएका छन्। कतिपय स्थानमा ठूला दलको एकलौटी वर्चश्व कायम भएको पाइन्छ भने कतिपय स्थानमा मिश्रित परिणाम आएको छ। मुलुकका केही स्थानमा संघीय समाजवादी फोरम, लोकतान्त्रिक फोरम, राष्ट्रिय प्रजातन्त्र पार्टी, राष्ट्रिय जनमोर्चा, नयाँ शक्ति र राष्ट्रिय जनता पार्टीबाट छुट्टिएर स्वतन्त्ररुपमा निर्वाचनमा भाग लिएका उम्मेदवारहरुले झीनो उपस्थिति जनाएका छन्।

डेढ दशकदेखि जनप्रतिनिधिविहीन बनेका स्थानीय तहले यतिखेर पदाधिकारीहरु पाएका छन्, अब आफ्नो अधिकार हनन भएर पीडित बन्नुपर्ने स्थितिलाई लिएर होस् वा विभिन्न कार्यालयसँग सम्बद्ध काम लिएर जिल्ला सदरमुकाम धाउनुपर्ने बाध्यतामा पर्ने सेवाग्राहीहरु होऊन्, उनीहरु विमुख भएर फर्कनुपर्ने स्थितिको अन्त्य भएको छ। अब त्यस्ता कार्यहरु स्थानीय तहबाटै सम्पादन हुनेछन्। त्यसकारण भन्न सकिन्छ कि यो आमनेपाली नागरिकका लागि खुशीको क्षण हो, उत्साह र उत्सुकताको क्षण हो। किनकि लोकतन्त्रको संस्थागत विकास, गाउँ-नगरको आवश्यकतानुसारका पूर्वाधार निर्माण र जनतालाई सेवा प्रदान गर्ने कार्य व्यवस्थित स्थानीय तहविना कल्पना पनि गर्न सकिँदैन।

आखिर जुनसुकै आस्था/विचारलाई आदर्शका रुपमा मान्ने राजनीतिक दलबाट निर्वाचनमा भाग लिएका भए पनि उम्मेदवार सबैको नारा र उद्देश्य भनेका जनसेवा, राष्ट्रहित, विकास र मौलिकताको पहिचानमै केन्द्रित रहेको दृष्टान्त चुनाव प्रचारप्रसारका क्रममा सार्वजनिक गरिएका उनीहरुका चुनावी घोषणापत्रहरुले दिइसकेका छन्। गत वैशाख ३१ गतेसम्म उनीहरु उम्मेदवार थिए, राजनीतिक दलका नेता/कार्यकर्ता थिए, तर आज उनीहरुको पहिचान फेरिएको छ- महानगरपालिका, उपमहानगरपालिका, नगरपालिका र गाउँपालिकाका प्रमुख, उप-प्रमुख, वडाध्यक्ष र वडा सदस्यको रुपमा। जनताले विश्वास गरेर निर्वाचित गरिसकेपछि अब ती पदाधिकारीहरुले आफूलाई दलका कार्यकर्ताको घेराबाट माथि उठाएर जनताको सेवा गर्नमा समर्पित गराउनुपर्ने बेला आएको छ। त्यो भनेको पक्ष-विपक्ष वा स्वतन्त्र वा जुनसुकै हैसियतमा रहेका नागरिकलाई पनि बडो गम्भीरताका साथ विनाआग्रह/पूर्वाग्रह समानरुपमा व्यवहार गर्नुपर्ने खाँचो टड्कारो बनेको छ।

> गत वैशाख ३१ गतेसम्म उनीहरु उम्मेदवार थिए, राजनीतिक दलका नेता/कार्यकर्ता थिए, तर आज उनीहरुको पहिचान फेरिएको छ- महानगरपालिका, उपमहानगरपालिका, नगरपालिका र गाउँपालिकाका प्रमुख, उप-प्रमुख, वडाध्यक्ष र वडा सदस्यको रुपमा। जनताले विश्वास गरेर निर्वाचित गरिसकेपछि अब ती पदाधिकारीहरुले आफूलाई दलका कार्यकर्ताको घेराबाट माथि उठाएर जनताको सेवा गर्नमा समर्पित गराउनुपर्ने बेला आएको छ। त्यो भनेको पक्ष-विपक्ष वा स्वतन्त्र वा जुनसुकै हैसियतमा रहेका नागरिकलाई पनि बडो गम्भीरताका साथ विनाआग्रह/पूर्वाग्रह समानरुपमा व्यवहार गर्नुपर्ने खाँचो टड्कारो बनेको छ।

स्थानीय तहका नवनिर्वाचित पदाधिकारीहरुले बुझ्नै पर्ने कुरा भनेको अब दलको कार्यकर्ताबाट उनीहरु सार्वजनिक निकायको जिम्मेवार, आधिकारिक र साझा व्यक्तित्वमा परिणत भइसकेका छन्। त्यसैले उनीहरुले आफ्ना त्रुटिपूर्ण बानी व्यवहारमा सुधार गर्नेदेखि जटिल कार्यसम्पादन गर्नुपर्दाको स्थितिमा अपनाउनुपर्ने उपायसम्ममा तयार रहनुपर्दछ, ताकि कसैले पनि आफ्नो योग्यता/क्षमतामा औंला ठड्याउन नसकोस्। नवनिर्वाचित पदाधिकारीहरुमा उनीहरुले गर्नुपर्ने कार्यका बारेमा तात्विक ज्ञानको आवश्यकता पर्दछ, त्यसका लागि सरकारले गोष्ठी, अन्तरक्रिया, प्रशिक्षण तथा छलफलका कार्यक्रमहरुलाई माध्यम बनाउन सम्बद्ध स्थानीय तहहरुलाई निर्देशित गर्ने नै छ। स्वाध्यायन, व्यक्तित्व विकास र सम्भव भएसम्म पछिल्ला विकास एवम् सूचना प्रविधिमा अद्यावधिक बन्न निरन्तर अभ्यासमा जुट्नुपर्दछ।

दलगत समूह नै विजयी भएका ठाउँमा होस् वा मिश्रित परिणाम आएका ठाउँमा नै किन नहोस्, जनताले निर्वाचित सबैलाई मिलेर सहमतिका आधारमा काम गर्नु है भन्ने सन्देश दिएजस्तै लाग्दछ। विजयी उम्मेदवारका निकटतम प्रतिस्पर्धीहरुले प्राप्त गरेको मतसंख्याले त्यही सन्देशलाई पुष्टि गर्दछ। अत्यन्त कडा प्रतिस्पर्धा भएका स्थानका सबै मतदाताहरुको सम्मान गर्न पनि मिलेर अघि बढ्नुको विकल्प छैन। हुन पनि अबका स्थानीय तह भनेका राजनीतिक प्रतिशोध साँध्ने सोचभन्दा फरक, आपसमा मिलेर अगाडि बढ्नुपर्ने संस्कारको विकास गर्नुपर्छ भन्ने मानसिकता भएका व्यक्तिहरुको पकड र समन्वयात्मक भूमिकालाई आवश्यक ठानेर त्यसकै लागि पहल गर्नुपर्छ भन्ने पदाधिकारीहरुको पर्याप्तता छ। यसलाई दृष्टिगत गर्दा जनतालाई गाउँ-गाउँमा सिंहदरबारको शक्ति विकेन्द्रित भएको महसुस गराउन सकिने पूर्वाधार निर्माण भएको छ।

यद्यपि कहीं-कतै जित्नेले हार्नेलाई अवमूल्यन गर्ने र हार्नेले पनि जित्नेलाई अपाच्य आलोचना गर्ने प्रवृत्ति देखा परेको छ। आखिर मात्तिनु वा आत्तिनु दुवै अवस्था सामान्य अवस्थाभन्दा फरक हुन्, यस्तो बेलामा विवेकले काम गर्दैन। विवेकले काम गर्ने वातावरण त त्यस बेला तयार हुन्छ जब सम्बद्ध व्यक्तिहरुको मानसिक र शारीरिक अवस्था सन्तुलित रहन्छ। त्यसकारण पदाधिकारीहरुले अविवेकी बन्नबाट जोगिनुपर्छ नै, कुनै पनि निर्णय गर्दा विवेक प्रयोग गरेर गर्नु आवश्यक छ। निर्वाचनमा पराजित हुनेले विजयी हुनेलाई बधाई दिनु वा पूरा कार्यकाल सफलतापूर्वक सम्पन्न हवस् भनेर कामना गर्न सकिन्छ।

**सहकार्यको उदाहरण बन्न सक्छ राजधानी शहरः**

पहिलो चरणको निर्वाचन सम्पन्न भएको काठमाडौं महानगरपालिकामा देखिएका केही दृश्यहरु वास्तवमै अन्य स्थानका लागि अनुसरणीय छन्। मत परिणाम सार्वजनिक भइसकेपछि एमालेको तर्फबाट मेयर पदमा विजयी उम्मेदवार विद्यासुन्दर शाक्यलाई उनका निकटतम प्रतिद्वन्द्वी नेपाली कांग्रेसका राजुराज जोशीले बधाई तथा कार्यकाल सफलताको लागि शुभकामना व्यक्त गर्दै उदार छाती प्रदर्शन गरे। त्यसो त विवेकशील पार्टीकी रञ्जु न्यौपाने 'दर्शना', साझा पार्टीका किशोर थापा, नयाँ शक्ति पार्टी र संघीय समाजवादी संयुक्तका पवित्रमान वज्राचार्यलगायतका उम्मेदवारहरुले शाक्यलाई बधाई तथा शुभकामना व्यक्त गर्ने क्रम चलिरह्यो। आफ्नो पराजय स्वीकार गर्दै विजयी प्रतिस्पर्धीहरुलाई बधाई तथा शुभकामना व्यक्त गर्ने परम्परा सभ्य समाजको द्योतक हो। अझ उनीहरुले आफ्ना मतदातालाई धन्यवाद दिने क्रममा चुनाव प्रचारका बेला गरेका बाचालाई पूरा गर्न मेयर शाक्यसँग मिलेर काम गर्ने वचन पनि दिएका छन्। यो आश्वासनले आफ्ना एजेन्डा स्थापित नै गर्न नपाए पनि जनताका आवश्यकता पूरा गर्न महानगर नेतृत्वसँग मिलेर अघि बढ्ने सम्भावनालाई बलियो बनाएको छ। मेयर शाक्यले शपथग्रहणका समयमा अन्य दलका नेताहरुलाई नाम लिएर सम्बोधन गर्दै महानगरवासीको हित, महानगरको समग्र विकासलगायतका कार्यमा सबैसँग हातेमालो गर्दै काँधमा काँध मिलाएर अघि बढ्ने प्रतिबद्धता व्यक्त गर्नुले आममहानगरवासीलाई आशावादी तुल्याएको छ।

यसरी जीत-हारलाई जुँगाको लडाइँका रुपमा लिनुको सट्टा चुनावको स्वाभाविक प्रक्रियाका रुपमा लिने हो भने दलहरुबीच राजनीतिक संस्कारको विकास हुनसक्छ।

मुलुकका अन्य नगरपालिकाले सिको गर्न सकून् भन्ने हिसाबले काम गर्ने हो भने अहिले काठमाडौं नै गतिलो उदाहरण बन्न सक्छ। त्यसका लागि काठमाडौंले आफ्ना स्रोत-साधनलाई वैज्ञानिक तरिकाले व्यवस्थापन गर्नुपर्ने त छँदै छ, सबैको भावना समेटेर योजना तथा कार्यक्रम निर्माण गर्दा सदुपयोगका हिसाबले पनि त्यो उचित कदम ठहरिनेछ। यसका लागि नवनिर्वाचित मेयर शाक्यले आफ्ना निकटतम प्रतिद्वन्द्वी नेकाका राजुराज जोशी र उल्लेखनीय मत हासिल गर्ने विवेकशील नेपाली दलकी रञ्जु दर्शना, साझा पार्टीका किशोर थापा, माओवादी केन्द्रका सर्वोत्तम डंगोल र नयाँशक्ति/संघीय समाजवादीका पवित्रमान वज्राचार्यलाई विश्वासमा लिएर महानगरलाई समृद्धशाली बनाउन उनीहरुका योजनालाई पनि समावेश गर्नुपर्दछ ताकि सम्पूर्ण महानगरवासीको मतको सम्मान गर्न सकियोस्। राजधानी शहरको सपना पूरा गर्नका लागि सबैका योजनाबाट साझा कार्यक्रम निर्माण गर्ने र छुट्टै विशेषतासहितका नीति तथा योजना पनि छन् भने तिनीहरुलाई पनि महानगरपालिकाको कार्यक्रमकै रुपमा समावेश गर्नु आवश्यक छ। त्यसो त नेपाली कांग्रेसले विजय हासिल गरेका ललितपुर महानगरपालिका, विराटनगर महानगरपालिकालगायत अन्य स्थानीय तहका प्रमुखहरुले पनि आफ्ना निकटतम प्रतिद्वन्द्वीहरुलाई साथमा लिएर उनीहरुको सल्लाह-सुझावअनुसार अघि बढ्न सकेमा आमनगरवासीका अपेक्षाहरुलाई पूरा गर्न तथा उचित सम्बोधन गर्न सकिनेछ।

प्रश्न उठ्न सक्छ, अन्य दलका एजेन्डालाई किन समेट्ने ? समेटिहालेको खण्डमा उनीहरुको सोचअनुसार कार्यान्वयन गर्न त समस्या पर्न सक्छ। त्यस्ता समस्याको समाधान सजिलो छ, किनकि संयुक्तरुपमा निर्मित योजना तथा कार्यक्रम सञ्चालनका लागि तिनै दलका प्रतिनिधिलाई सम्मिलित गराई पर्याप्त बजेटको व्यवस्था गरी परियोजनाको नेतृत्व उनीहरुलाई नै जिम्मा लगाउनुपर्दछ। काठमाडौंको हकमा लामो समयसम्मको सरकारी सेवाबाट अवकाशप्राप्त गरी राजनीतिमा प्रवेश गर्नुभएका इन्जिनियर किशोर थापाको नेतृत्वमा शहरी विकास तथा निर्माणको ढाँचा तयार गर्ने परियोजना, युवाको जोश-जाँगरलाई महानगर निर्माणमा लगाउन अर्की नेतृ रञ्जु दर्शनाको नेतृत्वमा महानगर युवा परिचालन तथा विकास परियोजनाको जिम्मेवारी, एक्काइसौं शताब्दीको काठमाडौंलाई वास्तविकतामै महानगरको अनुभूति गराउन आवश्यक नीति निर्माण तथा सेवा विस्तारको परामर्श लिनका लागि राजुराज जोशी, पवित्रमान वज्राचार्य र सर्वोत्तम डंगोलको संयुक्त नेतृत्वमा नीति निर्माण, विश्लेषण तथा परामर्श सेवा परियोजनाको जिम्मेवारी दिनुपर्दछ। उल्लिखित सबै परियोजना तथा कार्यक्रमको मुख्य नेतृत्व र संरक्षण मेयर शाक्यबाटै हुनु आवश्यक छ। उहाँहरुलाई त्यसरी सेवा पुऱ्याएबापत पारिश्रमिक, भत्ता, सवारी सुविधा उपलब्ध गराउनु आवश्यक छ, यो महानगरपालिकाको दायित्वभित्रै पर्दछ। यति गर्न सकिएको खण्डमा अन्य दलका नेतृत्वलाई रणनीतिक साझेदारका रुपमा प्रयोग गर्न पनि सकिने र आममहानगरवासीको सपनालाई मूर्तरुप दिन सकिनेछ। महानगरवासीले पनि आफ्नो मतको सदुपयोग र सम्मान भएको महसुस गर्न पाउने वातावरणको निर्माण हुनेछ। राष्ट्रको समग्र विकास र समृद्धिका लागि अब सहकार्य नै जरुरी पर्दछ। मुलकका अन्य स्थानीय तहले पनि आफ्नो स्रोत-साधनले भ्याएसम्म सहकार्यको यही अवधारणालाई कार्यान्वयन गर्न सकेमा निर्बाधरुपमा योजना तथा कार्यक्रमहरुलाई सञ्चालन गरी समृद्धिको शिखर चुम्न सकिन्छ।

badript@gmail.com

## पाठक पत्र

### बढ्दो दुर्घटना रोकौं

नेपालमा दैनिकजसो दुर्घटनाका खबरहरु आइरहेका हुन्छन्। एक त दुर्घटना आफैंमा हृदयविदारक हुन्छ, साथै दिनहुँ धेरै नेपालीले दुःखद दुर्घटनामा परी अकालमा आफ्नो प्राणको आहुति गर्न बाध्य छन्। कतै चालकको लापरबाही त कतै साँघुरा सडक, दुर्घटनाको कारण जेसुकै भए पनि जसले आफन्त, नातागोता, इष्टमित्र, छोराछोरी, श्रीमान्/श्रीमती गुमाएको छ। त्यसको पीडा जीवनभरि नै उनीहरुको मनमा परिरहेको हुन्छ।

जसको काँधमा वृद्ध आमा, बुबा, श्रीमती र छोराछोरीहरुको भविष्यको जिम्मेवारी हुन सक्छ, ऊ त मरेर गयो, उसको परिवार पनि मरेतुल्य नै हुन्छ। जुन परिवारमा यी घटनाहरु घटेका छन्, उनीहरुको भयावह अवस्था हेर्दा पनि कहालीलाग्दो छ। एक त उनीहरु पीडामा हुन्छन्, त्यसमाथि थप पीडा दिने काम गर्छ यो घूसखोरी प्रशासनतन्त्र, पुलिस, कानुन अनि सरकारले। नेपालमा हुने अधिकांश सडक दुर्घटनामा कम उमेरमा सवारीचालक अनुमतिपत्र पाएका ट्यापे, झ्यापे र अत्यधिक मादक पदार्थ अनि लागूऔषध सेवन गरेर अनियन्त्रित ढंगले सवारी चलाउने युवा चालकहरुले गर्दा नै दुर्घटना दिनानुदिन बढ्दो क्रममा छ। मारे पनि के भो त ? भोलिपल्ट व्यवसायी आउँछन्, सेटिङ मिलाइहाल्छन् अनि पैसा पनि इन्सुरेन्स कम्पनीले तिर्ने हो, पुलिसलाई हल्का पैसा दिएपछि मुचुल्का नै बदलिन्छ। अनि, भोलि फेरि त्यो ड्राइभर निस्केर बाहिर गई अर्को परिवारको दियो ननिभाउला भनेर कसरी मान्ने ?

नेपालमा सवारी दुर्घटना बढ्नुको प्रमुख कारण यही नै हो भने सहायक कारणहरु थोत्रा र चलाउँदा पूरै वातावरणलाई कालो बादलले ढाक्ने गरी धूवाँ आउने सवारीसाधनहरु, दशकौँदेखि स्तरोन्नति हुन नसकेका मिनी तालयुक्त खाल्डाखुल्डी भएका जर्जर सडक, सडकछेउमा बनाएका अव्यवस्थित भौतिक संरचनाहरु आदि हुन्। दुर्घटना आफैँमा दुःखद घटना हो। पीडित परिवार आफैं पीडामा हुन्छ र ठूलो वज्रपात सहिरहेको हुन्छ। अपत्यारिलो घटनाले ठूला उथलपुथल ल्याएको हुन्छ। यस्तो संवेदनशील घडीमा प्रशासन आफैं सक्रिय भएर पीडितलाई क्षतिपूर्ति दिलाउनुको सट्टामा आफैं व्यवसायीसँग मिलेर पैसाको चलखेलमा मुद्दालाई निरीह बनाइदिन्छन्।

क्षतिपूर्ति रकमको लागि लासलाई बन्धक राखेर ढुंगामुढा र चक्काजाम गऱ्यो भने केही छिटो राहत पाइएला, होइन भने चक्कर लगाउँदा-लगाउँदा आफैं थाकेर भयो चाहिएन भनी पन्छिनबाहेक अरु कुनै विकल्प रहँदैन। आखिर कहिलेसम्म यो सिलसिला दोहोरिने ? के पीडित परिवारप्रति राज्यको कुनै दायित्व हुँदैन ? हे सरकार। यदि तिमीमा अलिकति पनि मानवीयता छ भने यस्तो कानुन लिएर आऊ जहाँ दुर्घटना गराउने चालकहरुले पनि सजाय पाऊन्, ताकि भविष्यमा फेरि अर्को दुर्घटना नहोस्। पीडित परिवारलाई क्षतिपूर्ति मात्र होइन, शिक्षा, स्वास्थ्य र रोजगारको पनि व्यवस्था होस्। सडक चौडा एवं गति मापन मेसिन लगाएर दुर्घटना न्यूनीकरणतर्फ लागियोस्। होइन भने, दुर्घटनाले अझै विकराल र भयावह अवस्था ल्याउने निश्चित छ।

*- राकेश महर्जन, काठमाडौं*

### राइनो ताल बचाऔं

भरतपुर उपमहानगरपालिका वडा नं. १२ स्थित रामवेल सामुदायिक वन उपभोक्ता समूहको वनको बीचमा राइनो ताल छ। जुन तालको प्रचारप्रसार नहुनु दुःखको कुरा हो। उक्त तालको भरतपुर उपमहानगरपालिकाले प्रचारप्रसार गरेको भए उक्त ताल स्वदेशी तथा विदेशीको नजरमा आस्थाको केन्द्रविन्दु बन्थ्यो। तर, हाल उक्त तालले आफ्नो अस्तित्व खोजिरहेको छ। उक्त तालको साँध-सिमाना कति छ, पर्खाल लगाएर नघेर्नु, तालको बीचका सुकेका रुखहरु नहटाउनु, तालको पूरै भाग जलकुम्भीले ढाक्नु, घाँसैघाँस उम्रनुले ताल हो भनेर जो-कोहीले विश्वास नै गर्दैनन्।

त्यसैले उक्त ताल यहाँका जनता तथा सामुदायिक वन उपभोक्ता समूहसँग असाध्य रिसाएको छ। जिङ्ग्रिङ्ग बूढो हुँदै अब मलाई कसले उपचार गरिदेला र म तन्नेरीरुपमा निरोगी भई सबैलाई आफ्नो चिनारी चिनाउन पाऊँला भनी प्रतीक्षामा बसेको पनि कैयौं वर्ष भइसक्यो। तर दुःखको कुरा, उक्त बूढो राइनो तालका बारेमा कसैको आँखा पुग्न सकेको छैन। देखेर पनि नदेखेको जस्तो गर्नु, त्योभन्दा दुःखको कुरा अरु के हुन सक्छ र ?

भरतपुरमा विभिन्न संघसंस्था, एनजीओ/आईएनजीओ लगायत धेरै सरकारी संघसंस्थाहरु छन्। त्यसमाथि, रामवेल सामुदायिक वन उपभोक्ता समूहले त विशेष गरी संरक्षण गर्नु दायित्व नै थियो। तर त्यस्तो गर्न नसक्नु उसको कमजोरी हो जस्तो लाग्छ। किनकि, उचित संरक्षण गरेको भए उक्त ताल अवलोकन गर्न आउनेहरुको घुइँचो लाग्थ्यो र बर्सेनि लाखौंको आम्दानी गर्न सकिन्थ्यो। अझ, विदेशी पर्यटकहरुलाई निम्त्याउन सके त लाखौं डलर नेपाल भित्र्याउन सकिन्थ्यो। हाल उक्त ताल व्यवस्थित नभए पनि पिकनिक मनाउनेहरु र सुटिङ गर्न आउनेहरुको त्यहाँ घुइँचो लाग्ने गर्छ।

धेरै वर्षअगाडि ३/४ जना मानिस डुंगाबाट खस्दा मृत्यु भएको भनी मलाई स्थानीयले बताएका थिए। म वर्षको एकचोटि काठमाडौंबाट चितवन घुम्न आउँछु। घुम्दै जाँदा यस्तो महत्वपूर्ण ठाउँ ओझेलमा परेको देख्दा सम्बन्धित निकायको ध्यानाकर्षण गर्ने गरेको छु। आजभन्दा धेरै वर्षअगाडि बीसहजारी ताल घुम्न गएको थिएँ। त्यसबारे ४/५ वटा पत्रिकामा लेख पनि छापिएका थिए। हाल बीसहजारी तालको मुहार फेरिएको थाहा पाएँ, सारै खुशी लाग्यो। बीसहजारी तालजस्तै राइनो तालका बारेमा सम्बन्धित निकायले बेलैमा सोचेर काम गर्न नितान्त आवश्यक भैसकेको छ। सम्बन्धित निकायले यसबारे छिट्टै पहल गरोस्।

*- सुदीप तिमल्सिना, भरतपुर, चितवन*

## सामाजिक सञ्जाल



राष्ट्रपतिको मोटर कार सडकमा कुद्दाकुद्दै पाङ्ग्रा पंक्चर भयो भने देशको इज्जत रहला त ? नयाँ कार किन चाहियो भन्ने त प्रश्नै भएन नि !

**Kishore Nepal @kishorenepal**



झुप्रोमा बस्नेले सुस्वागतम् भन्छन्, अक्सर महलमा बस्नेले सावधान भन्छन्। यही हो धनी र गरिबको फरक।

**Narayan acharya @Narayan18697001**



नेपालीले कुनै विषय मात्रै पाउनुपर्छ, उति बेलै नेता, व्यापारी, किसान, सर्वसाधारण सबै भइदिन्छन्। खास आफ्नो क्षेत्र-पहिचान के हो, कसैलाई थाहा छैन !

**Mahadev Bharati @MahadevBharati**

२०७४, असार
मंगलबार
२७

आयोगको अनुसार साउन १ देखि १५ गतेसम्म फोटोसहितको मतदाता नामावलीमा नाम दर्ता खुला गरिनेछ। नाम लेखाउन नागरिकता लिएर जिल्ला निर्वाचन अधिकृतको कार्यालयमा जानुपर्नेछ। साथै बसाइँ सरेको भए त्यसको प्रमाण लिएर जानुपर्नेछ।



# नेपाल

# मतदाता नामावली अद्यावधिक गरिंदै

सुनील महर्जन, काठमाडौं

निर्वाचन आयोगले प्रदेश र संघीय संसद्को चुनावका लागि फोटोसहितको मतदाता नामावली अद्यावधिक गर्ने निर्णय गरेको छ।

प्रमुख निर्वाचन आयुक्त डा. अयोधिप्रसाद यादवसहित चार जना आयुक्तबीच सोमबार बसेको बैठकले मतदाता नामावली अद्यावधिक गर्ने निर्णय गरेको हो। प्रतिनिधि सभा र प्रदेश सभा निर्वाचनका लागि प्रारम्भिक तयारी शुरू गरेको सन्दर्भमा आयोगले सो निर्णय गरेको प्रवक्ता एवं सहसचिव सूर्यप्रसाद शर्माले नेपाल समाचारपत्रलाई जानकारी दिनुभयो।

आयोगको अनुसार साउन १ देखि १५ गतेसम्म फोटोसहितको मतदाता नामावलीमा नाम दर्ता खुला गरिनेछ। 'नाम लगाउन सम्बन्धित जिल्ला निर्वाचन अधिकृतको कार्यालयमै जानुपर्नेछ' -प्रवक्ता शर्माले भन्नुभयो।

नाम लेखाउन नागरिकता लिएर जिल्ला निर्वाचन अधिकृतको कार्यालयमा जानुपर्नेछ। साथै बसाइँ सरेको भए त्यसको प्रमाण लिएर निर्वाचन अधिकृतको कार्यालयमा जानुपर्नेछ। 'पहिलाजस्तो आफू बस्दै आएको ठाउँबाट आफ्नो जिल्लामा नाम दर्ता गराउन मिल्ने छैन। यसले गर्दा काठमाडौंमा बस्दै आएका तर, मतदाता नामावलीमा नाम नभएकाहरू सम्बन्धित जिल्लामै जानुपर्ने आयोगले जनाएको छ।

निर्वाचन आयोगका अनुसार मतदाता नामावलीमा कुनै त्रुटी भए सच्याउन पनि सकिनेछ। हाल कायम रहेको मतदाता नामावलीमा स्थानीय तहको निर्वाचन घोषणा भएको मिति गत फागुन ९ गतेसम्म १८ उमेर पुगेका मतदाता मात्र समावेश रहेकोले प्रदेश सभा र प्रतिनिधि सभा सदस्यको निर्वाचनको लागि पुन: मतदाता नामावली संकलन गर्नुपर्ने अवस्था रहेको आयोगले जनाएको छ।

निर्वाचनको मिति घोषणा गरेपछि मतदाता नामावली अद्यावधिक गर्न नहुने कानुनी बाध्यता रहेको जनाउँदै आयोगले प्रदेश र संघको निर्वाचनका लागि शुरूमै मतदाता नामावली अद्यावधिक गर्ने निर्णय गरेको बुझिएको छ।

मतदाता नामावलीसम्बन्धी ऐन, २०७३ को दफा ४ मा निर्वाचनको घोषणा भइसकेपछि सो निर्वाचन प्रयोजनका लागि मतदाताको नाम दर्ता गर्न नमिल्ने प्रावधान रहेको छ। आसन्न प्रदेश सभा सदस्य र प्रतिनिधि सभा सदस्यको निर्वाचनका लागि मतदाता नामावली अद्यावधिक गर्न १५ दिनको म्याद दिइएको हो।

यसअघि आयोगले प्रदेश, राष्ट्रिय सभा र संघको प्रतिनिधि सभाको निर्वाचनको कार्यतालिका अघि सारेको थियो। आयोगले अघि सारेको कार्यतालिकामा प्रदेशसभा सदस्यको निर्वाचन आउँदो असोजको अन्तिम हप्तासम्म, राष्ट्रिय सभा सदस्यको निर्वाचन आउँदो कात्तिकको दोस्रो हप्तासम्म र प्रतिनिधिसभा सदस्यको निर्वाचन आउँदो मंसिरको पहिलो हप्तासम्म गरिसक्नुपर्ने रहेको छ।

हालको व्यवस्थापिका संसद् २०७४ साल माघ ७ गतेसम्म कायम रहने हुँदा उक्त मितिभित्र संघीय संसद्को निर्वाचन सम्पन्न गर्नुपर्ने सवैधानिक बाध्यता रहेको छ। प्रदेश सभा सदस्य र प्रतिनिधि सभा सदस्यको निर्वाचनका लागि संविधानको धारा २८६ बमोजिम निर्वाचन क्षेत्र निर्धारण आयोग गठन हुनुपर्ने छ। त्यसपछि आयोगले दिएको प्रतिवेदन सरकारमार्फत् निर्वाचन आयोगमा प्राप्त हुनुपर्ने संवैधानिक व्यवस्था रहेको छ।

हालसम्म निर्वाचन क्षेत्र निर्धारण आयोग गठन नभएको, प्रदेशसभा सदस्य निर्वाचन विधेयक, राष्ट्रिय सभा सदस्य निर्वाचन विधेयक तथा प्रतिनिधि सभा सदस्य निर्वाचन विधेयकको प्रारम्भिक मस्यौदा तयार गरी गृह मन्त्रालयमा पठाइसकेको छ। सो विधेयकहरू संसद्बाट पारित भइनसकेको कारणले गर्दा प्रदेश सभा सदस्य र प्रतिनिधि सभा सदस्य निर्वाचनको तयारीलाई सघनरूपमा अगाडि बढाउन नसकिएको पनि प्रमुख निर्वाचन आयुक्त डा. यादवले बताउनुभयो।

# बाढीपीडितलाई २५ हजार दिइने

## प्रमका विदेश मामिला सल्लाहकारमा भट्टराई

काठमाडौं, (नेस)

सरकारले सप्तरीका बाढीपीडितको टहरा निर्माण र जस्तापाता खरिदका लागि तत्काल प्रतिपरिवार २५ हजार रुपियाँ राहत दिने निर्णय गरेको छ।

सोमबार बसेको मन्त्रिपरिद्को बैठकले टहरा निर्माणका लागि १५ हजार रुपियँ र जस्तापाता खरिदका लागि १० हजार रुपियाँ गरी कुल २५ हजार रुपियाँ राहत दिने निर्णय गरेको अर्थमन्त्री ज्ञानेन्द्रबहादुर कार्कीले जानकारी दिनुभएको छ।

सप्तरीका विभिन्न खोला र नदीमा आएको बाढीबाट प्रभावित एवं विस्थापित क्षेत्रको स्थलगत निरीक्षणपछि शुक्रबार प्रधानमन्त्री शेरबहादुर देउवाले बाढीपीडितलाई २५ हजार राहत उपलब्ध गराउने तथा उनीहरूको बसोबासको व्यवस्था गर्न १५ लाखसम्म सहुलियत ऋणको व्यवस्था गर्ने प्रतिवद्धता जनाउनुभएको थियो।

दुई हप्ता अगाडि खाडो, जातो र मौली नदीमा आएको बाढीले त्यहाँको बाँध भत्काउनुका साथै सप्तरीका एक दर्जन गाउँ डुबानमा पारेका थिए।

सो बाढीबाट कञ्चनरूप नगरपालिका तथा तिरहुत, रूपनी, तिलाठी कोइलाडी र कृष्णाशवरण गाउँपालिकालगायत दर्जनौं गाउँमा पानी पसेर डुबानमा पारेको थियो। बाढीबाट त्यहाँका करिब १ हजार ५ सयभन्दा बढी घर डुबानमा परेको थियो।

यसै गरी मन्त्रिपरिषद्ले बैठकले सप्तरीका बाढपीडितको बसोबासको व्यवस्था गर्न १५ लाख सहुलियत ऋण दिने पनि निर्णय गरेको छ। बैठकले प्रतिनिधिसभाको सदस्य निर्वाचनसम्बन्धी व्यवस्था गर्न बनेको विधेयकलाई व्यवस्थापिका संसद्मा पेस गर्ने निर्णय गरेको छ।

त्यस्तै बैठकले प्रधानमन्त्रीको परराष्ट्र सल्लाहकारमा डा. दिनेश भट्टराईलाई नियुक्त गरिएको अर्थमन्त्री कार्कीले जानकारी दिनुभयो। भट्टराईले तत्कालीन प्रधानमन्त्री सुशील कोइरालाको परराष्ट्र सल्लाहकारको भूमिकासमेत निर्वाह गरिसक्नुभएको छ।

सिनेमा कर्नर

TODAY'S MOVIES
Tubelight 8:20, 11:20 2:20, 5:20
रातो घर 8:20, 11:20 2:20, 5:20
Raabta 8:20, 11:20 2:20, 5:20
Kidnap 8:20, 11:20 2:20, 5:20
तारेभिर 8:20, 11:20 2:20, 5:20
लाल्टीन 8:20, 11:20 2:20, 5:20
पर्व 8:20, 11:20 2:20, 5:20

Gopi Krishna Movies
Dolby Dogital, DTS Surround Sound
Luxurious & Pushback Seats
Extraordinary Picture Quality
Comfort Lounge
Comfy Cabins Serving Food on order
Massage Chair
Children's Comer
Coffee Joints
Rhythm Room
In-Theatre Advertising




Booking: 4812393/4812409

Guna Cinema
एकै छानामुनी ८ सिनेमा हल

Guest in London
तारेभिर
धनपति
लाल्टिन
ताकतवर
मन्दीरा
रातो घर




Information SMS "smscinema" to 4862 or Dial 01618015 202777
Show Time 9:00, 12:00, 3:00, 6:00

गंगा चलचित्र मन्दिर
2 in 1 बालाजु, काठमाडौं, फोन नं. ९८५१०३०४६२, ९८४१६८०२०६




# नर्वेजियन राजदूतद्वारा बिदाइ भेट



काठमाडौं, (नेस

सभामुख ओनसरी घर्तीले नेपालका लागि नर्वेका राजदूत चेल टोरमोड पिटर्सनसँग बिदाइ भेट गर्नुभएको छ।

व्यवस्थापिका संसद् भवन, नयाँ बानेश्वरमा भएको भेटमा नेपाल र नर्वेबीचको दुई पक्षीय हित र आपसी सहयोगका विषयमा छलफल भयो।

छलफलको शुरूमा सभामुखले राजदूत पिटर्सनले नेपालमा रहँदा दुई देशको हितमा खेल्नुभएको भूमिकाका लागि धन्यवाद दिनुभयो।

सभामुखले नेपालको दीर्घकालीन विकासका लागि नर्वेले सन् १९९६ देखि नै प्राथामिकतामा राखेकोमा धन्यवाद दिँदै जलविद्युत् क्षेत्रमा नर्वेको सहयोगको सराहना गर्नुभयो।

# 'चिकित्सक परीक्षामा भनसुन नगर'

काठमाडौं, (नेस)

निवर्तमान स्वास्थ्यमन्त्री गगनकुमार थापाले चिकित्साजस्तो संवेदनशील क्षेत्रमा काम गर्ने अनुमति पाउने परीक्षामा भनसुन चल्न नहुने बताउनुभएको छ।

भनसुनका आधारमा अदक्षलाई पास गराएर जनताको स्वास्थ्यमाथि खेलबाड गर्न छुट दिन नहुने उहाँले बताउनुभयो।

हालै भएको विशेषज्ञ चिकित्सकको नाम दर्ताको परीक्षामा फेल भएका ७० प्रतिशत चिकित्सकहरूमध्ये केहीले पास गराइदिन भन्दै आफुसँग भनसुन गरेपछि उहाँले भनसुनका आधारमा पास गराउन नहुने बताउनुभएको हो।

पाल्पाको मुना मेमोरियल ट्रष्टद्वारा वीर अस्पतालमा आयोजित स्वास्थ्य सामग्री हस्तान्तरण कार्यक्रममा उहाँले पुराना र अनुभवी चिकित्सकहरू रहेको वीर अस्पताललाई स्रोतसाधन सम्पन्न गराउन आफ्नो कार्यकालमा अस्पतालले मागेजति रकमको व्यवस्था गरेको बताउनुभयो।

वीर अस्पताललाई जनशक्ति र स्रोतसाधनले सुविधा सम्पन्न गराउन सरकारको सहयोगले मात्रै नभई मुना मेमोरियल ट्रस्टजस्ता परोपकारी संस्थाहरूसँगको सहकार्य पनि आवश्यक रहेको बताउनुभयो। उहाँले अस्पतालले विश्वास कायम गर्न सकेमा मात्रै सहयोगीहरू आकर्षित हुनसक्नेतर्फ ध्यानाकर्षण गराउनुभयो।

कार्यक्रममा राष्ट्रिय चिकित्सा विज्ञान प्रतिष्ठानका उपकुलपति प्राडा गणेशबहादुर गुरुङ र अस्पतालका निर्देशक डा. भूपेन्द्र बस्नेतले निवर्तमान मन्त्री थापाको कार्यकालमा मागेजति बजेट पाएकाले वीर अस्पतालमा धेरै सुधार भएको बताउनुभयो। उहाँले कतिपय कामहरू सम्पन्न हुन बाँकी भएकाले केही समयपछि मात्रै जनताले त्यसको अनुभूति गर्न पाउने दाबी गर्नुभयो।

पाल्पाको रामपुर नगरपालिका वडा नम्बर १० मा जन्मिनुभएकी मुना अधिकारी पौडेलले वीर अस्पतालमा लामोसमय स्वास्थ्यकर्मीको रूपमा सेवा गर्नुभएको थियो। क्यान्सरका कारण उहाँको निधन भएपछि २०६८ सालमा उहाँकै नाममा स्थापना भएको ट्रस्टले उहाँकै चाहनाअनुसार स्वास्थ्य क्षेत्रमा परोपकारी काम गर्दै आइरहेको छ।

ट्रस्टले उहाँको जन्मस्थान पाल्पा रामपुरमा झण्डै १५ लाखको लागतमा मुना स्मृति सामुदायिक भवन बनाइएको र त्यसमा अहिले नगरपालिकाको शहरी स्वास्थ्य क्लिनिक सञ्चालन भइरहेको ट्रस्टका अध्यक्ष अमृत अधिकारीले जानकारी दिनुभयो।

उहाँले भवनको व्यवस्थापनको जिम्मा स्थानीय सिर्जना आमा समूहलाई दिइएको र उहाँले अध्ययन गरेको स्थानीय जनकल्याण उच्चमाविबाट प्रवेशिका परीक्षामा सर्वाधिक अंक ल्याउने छात्रालाई नगद पुरस्कार र एक जना उत्कृष्ट छात्रालाई सीएमए पढ्ने व्यवस्था गरिएको बताउनुभयो।

ट्रस्टले सोमबार अस्ट्रिया नेपाली समाजको सहयोगमा वीर अस्पतालका सबै शैय्यालाई एक-एक वटा पुग्ने गरी ३ सय ७० थान बिरामीले लगाउने पोशाक प्रदान गरेको थियो।

# 'स्थानीय तहलाई अधिकार सम्पन्न बनाइन्छ'

काठमाडौं, (नेस)

उपप्रधान एवं संघीय मामिला तथा स्थानीय विकासमन्त्री विजयकुमार गच्छदारले स्थानीय तहलाई अधिकार सम्पन्न बनाउन सरकारले प्राथमिकताका साथ ऐन तथा नियम तर्जुमा गरेको बताउनुभएको छ।

व्यवस्थापिका संसद्को सोमबारको बैठकमा 'विनियोजन विधेयक-२०७४' अन्तर्गत संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयसँग सम्बिन्धत विषयमा सांसदहरूले उठाएको प्रश्नको जवाफ दिँदै उहाँले स्थानीय तह स्थानीय सरकार भएकाले त्यसलाई अधिकार सम्पन्न बनाउन सरकारले कुनै पनि कसर नराख्ने बताउनुभयो।

उपप्रधानमन्त्री गच्छदारले आफ्नो कानुन आफैंलाई बनाउन सजिलो होस् भनेर स्थानीय तहका लागि नमुना नियमावली, बैठक सञ्चालन कार्य अवधि, बजेट तथा योजना तर्जुमासम्बन्धी दिग्दर्शन सरकारले जारी गरेको बताउँदै स्थानीय सरकार सञ्चालनमा थप सहजता ल्याउन सरकारले कार्यकारी अधिकृतको व्यवस्था गरिएको र जनशक्ति व्यवस्थापनका लागि आदेश जारी गरिसकिएको जानकारी दिनुभयो।

# 'बव क्याट लोडर' भित्रिँदै

ईश्वरराज ढकाल, काठमाडौं

नेपालमा पहिलोपटक 'बव क्याट लोडर' भित्रिने भएको छ। भूकम्प र अन्य प्रकोपबाट जोखिम स्थानमा प्रवेश गरी ती स्थानका सामग्री हटाउन सो मेसिन आउन लागेको हो।

अन्य लोडरको तुलनामा फरक बव क्याटले साना बाटोमा प्रवेश गरी तत्काल ती सामान बोकेर बाटो सफा गर्नेछ। अन्य लोडरको तुलनामा यो पूर्णरूपमा फरक हुने काठमाडौं महानगरपालिका दमकल कार्यालयले जनाएको छ।

'सामान्य लोडरले सामान हटाउने काममा मात्रै प्रयोग हुन्थ्यो भने बव क्याटले तत्काल सामान बोकेर हटाउन प्रयोग गरिन्छ' -काठमाडौं महानगरपालिका दमकल कार्यालयका प्रमुख किशोर भट्टराईले बताउनुभयो।

उहाँका अनुसार उक्त लोडरले स्मारक क्षेत्रमा हुने आगलागीको क्रममा सामान हटाउने काम गर्छ। सो लोडरको चक्का र चेन रबरका हुने भएकाले जुनसुकै स्थानमा सजिलै प्रयोग हुन सक्ने दमकल कार्यालयको भनाइ छ। बव क्याट लोडर गल्ली र सानो बाटोमा सजिलै छिर्न सक्छ। अबको २ महिनाभित्र २ वटा बव क्याट लोडरसहित ५ वटा दमकललगायतका सामग्री नेपाल भित्रन लागेको हो।

अमेरिकाको पेन्सिनभेनियाबाट आउन लागेको ती सामग्री अत्याधुनिक सिस्टममा रहने उहाँको भनाइ रहेको छ। उहाँका अनुसार फायर फाइटरले लगाउने ड्रेस र अन्य सामग्री, २ वटा एरियल ल्याडर, कमान्ड कार नेपाल भित्रन लागेको हो। कामपाले बौद्धमा स्थापना गर्न लागेको दोस्रो स्टेसनमा सो सामग्री राखिने भएको छ।

प्रमुख भट्टराईले लामो समयको प्रयासपछि सबै सामग्री नेपाल ल्याउन लागिएको जानकारी गराउँदै ती सामग्री नेपाल भित्रिएपछि दमकल कार्यालय आगलागी नियन्त्रण गर्न सक्षम रहने दाबी गर्नुभयो।

हाल दमकल कार्यलयमा रहेको ६ मध्ये ३ वटा काम लाग्ने र अन्य मर्मत गरी बनाउन सक्ने अवस्थामा छ। २०७२ सालको भूकम्पले क्षतिग्रस्त वसन्तपुरस्थित दमकल कार्यालयमा नयाँ दमकल आएपछि कहाँ व्यवस्थापन गर्ने भन्ने विषयमा समस्या भएको छ।

बौद्धमा स्थापना गर्न लागिएको दमकल स्टेसन तयार हुन करिब २ वर्ष लाग्ने भएपछि नयाँ दमकल व्यवस्थापन गर्न समस्या परेको हो।

कामपाले सञ्चालन गरेको दमकल कार्यालय आफ्नो स्वामित्वमा नभएको कारण क्षतिग्रस्त दमकल कार्यालय कस्ले बनाउने हो भन्ने विषयमा समस्या परेको छ। कामपाले दमकल कार्यालयको अवस्थाको बारेमा गृह मन्त्रालयलाई पटक-पटक जानकारी गराइसकेको छ। गृह मन्त्रालयको स्वामित्वमा रहेको दमकल कार्यालय पुनर्निर्माण गर्ने विषयमा चासो देखाएको छैन।

# हाम्रै एजेन्डाले जित्यो : प्रचण्ड

काठमाडौं, (नेस)

नेकपा माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड' ले स्थानीय तहको निर्वाचनमा कांग्रेस र एमालेले जिते पनि काम भने माओवादीले नै गर्ने बताउनुभएको छ।

निर्वाचनमा अपेक्षाअनुसार जित्न नसके पनि माओवादी विचार, राजनीति र एजेन्डाले जितेको बताउँदै निर्वाचनमा कांग्रेस, एमालेलगायतका दल र उम्मेदवारले जिते पनि उनीहरूले काम माओवादीकै गर्नुपर्ने बताउनुभएको हो।

सोमबार माओवादी केन्द्रमा प्रवेश गर्ने नेता कार्यकर्तालाई सम्बोधन गर्दै प्रचण्डले भर्खरै ६ वटा प्रदेशमा स्थानीय तहको निर्वाचनमा पार्टीले अपेक्षाअनुसार नतिजा ल्याउन नसकेको बताउनुभयो। 'संघीयता, गणतन्त्र र स्थानीय सरकारको माओवादी एजेन्डाभन्दा बाहिर गएर उनीहरूले काम गर्न मिल्दैन', प्रचण्डले भन्नुभयो- 'जित्न त उनीहरूले जिते। तर, काम हाम्रो गर्न बाध्य छन्।'

प्रचण्डले स्थानीय तहमा माओवादीले जित्दा सुनमा सुगन्ध हुने बताउँदै ढिलो वा चाँडो सबै माओवादीहरू एक ठाउँ आएर देशको नेतृत्व लिनुपर्नेमा जोड दिनुभयो। प्रचण्डले थप्नुभयो- 'सबै माओवादी घर फर्किनुको विकल्प छैन। बाबुरामजी पनि छिट्टै फर्कनुपर्छ, सबै नेता फर्केपछि एक्लै फर्कनुको अर्थ पनि रहँदैन। वैद्यजी, विप्लवजी पनि फर्कनैपर्छ, अन्त जाने कुनै ठाउँ छैन। सबै माओवादी मिलेर मात्रै परिवर्तनलाई संस्थागत गर्न सकिन्छ।'

माउन्ट मकालु यातायात सेवा
काठमाडौं-बिर्तामोड-ताप्लेजुङ
प्रस्थान दिउँसो २ बजे
केन्द्रीय कार्यालय, कलंकी
सम्पर्क फोन : ४२७७५५२, ४२७९६१३

## आजको राशि

ज्यो. चन्द्रेश शर्मा

**मेष** : शारीरिक सुख, गरेका काम सफल, स्वास्थ्य लाभ, हर्ष।
**वृष** : राजनीतिज्ञबाट त्रास, प्रतिष्ठामा कमी, दायित्वबाट तनाव।
**मिथुन** : स्वास्थ्य खराबी, धनको क्षति, पढाइ-लेखाइमा व्यवधान।
**कर्कट** : धनलाभ, व्यक्तित्व विकास, नेतृत्वमा सफलता, कार्य पूरा।
**सिंह** : पैसा प्राप्ति, परीक्षा-खेलकुद क्षेत्रमा जीत, मान-सम्मान।
**कन्या** : ग्यास्टिक, वायुजन्य रोगको सम्भावना, व्यापार घाटा, अशान्ति।
**तुला** : पाचनमा समस्या, आलस्यता, के गरौं के नगरौंको अवस्था।
**वृश्चिक** : द्रव्यलाभ, मान-सम्मानमा, व्यापारिक सफलता, ज्ञान वृद्धि।
**धनु** : धन नोक्सानी, विनाकाममा खर्च, टाउको दु:खाइ, आँखामा समस्या।
**मकर** : धनलाभ, पुरस्कार-सम्मानको सम्भावना, कार्य सफल, शुभ यात्रा।
**कुम्भ** : आर्थिक अभाव, चोटपटकको भय, आफन्तबाट धोका, विवाद।
**मीन** : आर्थिक लाभ, मिष्ठान्न भोजन, केही प्राप्तिको सम्भावना।

# नेपाल

आइतबार रातभर र सोमबार बिहानैदेखि भइरहेको लगातार को वर्षाले खोला बढेको कारण जिप र बेपत्ता व्यक्तिको खोजी कार्यमा कठिनाइ भएको छ। खोजीका लागि स्थानीयबासी, प्रहरी, सशस्त्र प्रहरी र नेपाली सेना पाल्पादेखि बुटवलका विभिन्न स्थानमा परिचालन भएका छन्

# खोलाले जिप बगाउँदा चार बेपत्ता

कविराज नेपाल, पाल्पा



बिहेको भोजबाट फर्किंदै गरेको एउटा जिप खोलाले बगाउँदा त्यसमा सवार चार जना बेपत्ता भएका छन् भने एक जनाको उद्धार भएको छ। तानसेन नगरपालिका ९ र माथागढी-३ को बीचमा पर्ने अम्लिहान भन्ने ठाउँमा जिप आइतबार राति करिब १:३० बजे खोलाले बगाएको हो।

पाल्पा माडी फाँटमा बगेको तिनाउखोलाले लु१ज १२१७ नम्बरको जिप बगाउँदा चार जना बेपत्ता भएका हुन् भने एक जनाको जीवितै उद्धार गरिएको हो। बेपत्ता हुनेमा दुई पुरुष र दुई महिला रहेका छन्। बेपत्ता हुनेमा तानसेन-१ भुसालडाँडाकी २९ वर्षीया उषा श्रेष्ठ, बगनाशकाली गाउँपालिका-३ नायरका ४० वर्षीय पदमबहादुर कुवँर, माथागढी गाउँपालिका-१ चिदीपानीका ५१ वर्षीय तिलबहादुर गाहा र उनको श्रीमती ४० वर्षीया माया गाहा रहेको जिल्ला प्रहरी कार्यालय पाल्पाले जनाएको छ।

जिप आउँदै गर्दा एक्कासि स्टार्ट बन्द भएपछि फोनमार्फत् आफन्त र प्रहरीलाई खबर गरिएको थियो। जिपका चालक तानसेन-१ भुसालडाँडाका शक्ति श्रेष्ठलाई निजको दाजु सम्पूर्ण श्रेष्ठसहितका स्थानीयले डोरीले तानेर उद्धार गरेका थिए। उद्धार गर्ने क्रममा डोरी चुँडिएको र जिपसहित यात्रुलाई बगाएको प्रत्यक्षदर्शी सम्पूर्ण श्रेष्ठले बताए। उनका अनुसार र करिब १ घण्टासम्म जिप खोलाको भेलमा परेको तर हारगुहार गर्दा पनि समयमा प्रहरी र स्थानीयबासी जुट्न नसक्दा उद्धार हुन नसकेको हो। समयमै उद्धार हुन सकेको भए जिपमा सवार सबैलाई उद्धार गर्न सकिने स्थानीयको भनाइ छ।

आइतबार रातभर र सोमबार बिहानैदेखि भइरहेको लगातारको वर्षाले खोला बढेको कारण जिप र बेपत्ता व्यक्तिको खोजी कार्यमा कठिनाइ भएको छ। खोजीका लागि स्थानीयबासी, प्रहरी, सशस्त्र प्रहरी र नेपाली सेना पाल्पादेखि बुटवलका विभिन्न स्थानमा परिचालन भएका छन् तर दिनभर प्रयास गर्दा पनि प्रयास सफल नभएको बताइएको छ।

माडी फाँट अम्लिहानमा पक्की पुल नहुँदा वर्षेनी सवारीसाधन बगाउँदै आए तापनि सम्बन्धित निकायले पुल बनाउन चासो दिएका छैनन्। पुल नहुँदा खोलाको बीचबाटै सवारीसाधन ओहोरदोहोर गर्नुपर्ने बाध्यता रहेको छ। जसका कारण यहाँ विभिन्न समयमा सवारीसाधन बगाउने समस्या रहिआएको देखिन्छ।

# मुखमा राखेर ब्राउनसुगर सप्लाइ

बाँके, (नेस)

लागूऔषध ब्राउनसुगर 'सप्लाइ' गर्न अनेक तरिका अपनाउने गरिएको छ। सीमावर्ती भारतीय बजारमा सहजै पाइने ब्राउनसुगर नेपाल भित्र्याउन कारोबारीले विविध तरिका अपनाउने गरेका हुन्।

नाकको प्याल, संवेदनशील अंग आसपास, मुख र चप्पलमा च्याप्नुका साथै साइकल, मोटरसाइकल, रिक्सा, टाँगाका सिट, घिउ, तेल, चामल, दाल, कपडाभित्र राखेर ब्राउनसुगर सप्लाइ गरेको पाइएको छ।

मुखमा हालेर ल्याएको तीन ग्राम र चप्पलले च्यापेर ल्याएको सय ग्राम ब्राउनसुगरसहित बाँके प्रहरीले चार जनालाई मुद्दा चलाएको छ। सीमावर्ती भारतीय बजार रूपैडिहाबाट एक जना रिक्सा चालकले मुखमा हालेर ब्राउनसुगर ल्याउँदै गर्दा पक्राउ परेका हुन्। प्लास्टिकले बाँधेको ब्राउनसुगरलाई रिक्साचालक भारत बहराइचका राजकुमार गुप्ताले मुखमा राखेर पान खाएकोजस्तो गरेर ल्याउँदै थिए। नाकामा रहेको इलाका प्रहरी कार्यालय, जमुनाहाको टोलीले रिक्साचालकको मुखबाट ब्राउनसुगर निकालेको थियो। रिक्सामा बसेका सुर्खेतका सुलभ विक र सन्तोष विकले किनेको ब्राउनसुगर रिक्साचालकले सप्लाइ गरेका थिए।

जमुनाहाले अर्का एक व्यक्तिलाई चप्पलमा लुकाएर ल्याएको सय ग्राम ब्राउनसुगरसहित नियन्त्रणमा लिएको छ। सुर्खेतकै रमेश थापाले चप्पलमा राखेर ब्राउनसुगर ल्याउँदै थिए। थोरै मात्राको ठूलो मूल्य पर्ने भएकाले कारोबारीले विभिन्न उपाय अपनाएर ब्राउनसुगर सप्लाइ गर्ने गर्दछन्।

इलाका प्रहरी कार्यालय, जमुनाहाका इन्चार्ज सुधीर खड्काले मान्छेको हुलिया हेर्नेबित्तिकै कस्तो हो भनेर पहिचान हुने गरेको बताउनुभयो। 'लागूऔषध कारोबारी त हेर्दाखेरि नै चिन्ने भइसकेका छौं, खड्काले भन्नुभयो- 'उनीहरूले जहाँसुकै लुकाएर ल्याऊन् हामी पत्ता लगाउँछौं।'

प्रहरीले नियन्त्रणमा लिएका चारमध्ये तीन जना सुर्खेतका छन्। तीनै जना सुर्खेतबाट ब्राउनसुगर लिन आएका छन्। विकद्वयले तीन ग्राम ब्राउनसुगर ६ हजारमा किनेर ल्याएका थिए। सुर्खेत पुर्‍याएर कारोबार गर्ने योजनामा थिए।

## दुई मिनेट

### झाडापखालाले बालकको मृत्यु

गोरखा, (नेस)

जिल्लाको चुमनुब्री गाउँपालिका-६ चुम्चेतमा झाडापखलाले एक वर्षका बालकको ज्यान गएको छ। विगत दुई हप्तादेखि गाउँमा झाडापखला प्रकोपकै रूपमा फैलिएको स्थानीय सेराप गुरुङले जानकारी दिए। 'गाउँमा झाडापखला फैलिएको १५ दिनजति भइसक्यो', सेरापले भने- 'गाउँमा हरेक घरमा झाडापखलाले थलिएका छन्।'

पाँच वर्षसम्मका बालबालिका, सुत्केरी तथा गर्भवती महिलाहरूको पोषण र स्वास्थ्यमा काम गर्न भनी शुरू भएको सुआहारा कार्यक्रम प्रभावकारी नहुँदा पनि यस खाले समस्या दोहोरिएको हो। गाउँलेहरूमा रिंगाटा लाग्ने, वान्ता हुने लगातार दिसापिसाब लाग्नेजस्ता समस्या देखिएको उनले बताए। जिल्ला जनस्वास्थ्य कार्यालयका प्रमुख केदार पराजुलीले पनि १ वर्षका बालकको झाडापखलाकै कारणले ज्यान गएको जानकारी आएको बताए। त्यहाँको स्थानीय स्वाथ्य चौकीका कर्मचारीहरू अहिलेसम्म सम्पर्कमा नआएको जिल्ला जनस्वास्थ्य कार्यालय बताउँछ।

### ट्रिपरको ठक्करले मृत्यु

महोत्तरी, (नेस)

महोत्तरी जिल्लाको बर्दिवास सडक खण्डमा ट्रिपरको ठक्करबाट एक युवकको मृत्यु भएको छ। मृत्यु हुनेमा बर्दिवास नगरपालिका-१२ बिजलपुरा बस्ने २६ वर्षीय भुवन विक रहेको जिल्ला प्रहरी कार्यालय महोत्तरीका प्रहरी उपरीक्षक राजकुमार लम्सालले बताएको छ।

भुवन विक आइतबार बेलुकाको समयमा आफ्नो ६५ वर्षीय बुबा ज्ञामु विकसँग बा१०प ६७१४ नम्बरको मोटरसाइकलमा बर्दिवासतिर जाँदै गरेको अवस्थामा एक्कासि पछाडिबाट आएको ना७ख २२९३ नम्बरको ट्रिपरले बर्दिवास सडकखण्डअन्तर्गत पर्ने औरही गाउँपालिका-२ स्थित सडकमा ठक्कर दिँदा दुवै जना गम्भीर घाइते भएको प्रहरी उपरीक्षक लम्सालले जनाएको छ। ठक्करलगत्तै दुवै जनाको अवस्था गम्भीर भएपछि उनीहरूलाई उपचारका लागि काठमाडौं लैजाने क्रममा छोरा भुवनको काभ्रेपलाञ्चोकको शिर मेमोरियल अस्पतालमा आइतबार राति मृत्यु भएको प्रहरी उपरीक्षक लम्सालले बताए।

### साइनबोर्ड हटाइने

बुटवल, (नेस)

जनतालाई प्रत्यक्ष फाइदा हुने गरी काम नगर्ने, कोठे गफ र छलफल मात्रै गर्ने संस्थालाई तत्काल कानुनअनुसार कारबाही गर्ने सिद्धार्थनगरपालिकाका मेयर हरिप्रसाद अधिकारीले बताउनुभएको छ। भैरहवाका नागरिक अगुवाहरूको संस्था बीएमजी ग्रुपद्वारा भैरहवामा नवनिर्वाचित मेयर उपमेयरलाई स्वागत गर्न राखिएको कार्यक्रममा मेयर अधिकारीले भन्नुभयो- 'साइनबोर्ड मात्रै झुन्डाएर बस्ने काम नगर्ने संस्थालाई तत्काल कारबाही हुन्छ। त्यस्ता संस्थाको बोर्ड नगरपालिकाले हटाउँछ।'

# सिनपामा हाइ अलर्ट

नेपाल समाचारपत्र

बुटवल

विगत २४ घण्टादेखि परेको अविरल वर्षाका कारण रूपन्देही जिल्लाको सिद्धार्थनगरका अधिकांश ठाउँ जलमग्न भएका छन्। नगरको धेरै ठाउँ डुबानग्रस्त भएपछि सिनपाका मेयर हरिप्रसाद अधिकारी, उपमेयर उमा काफ्लेसहितको समूह भ्याकुम र स्काभेटर लिएर नगरको डुबानग्रस्त क्षेत्रको अवलोकनमा पुग्नुभएको छ।

अविरल वर्षात्ले जनजीवन प्रभावित भएपछि हरेक वाडका वडा अध्यक्ष एवं सदस्यसहित नगरपालिकाका कर्मचारी पनि सोमबार बिहानैदेखि डुबानग्रस्त क्षेत्रमा खटिएको उपमेयर उमा काफ्लेले बताउनुभयो।

तत्काल डुबान निकासका लागि थुनिएका ठाउँहरू खोल्ने गरी भ्याकुम र स्काभेटरमार्फत् काम गरिरहेको काफ्लेले बताउनुभयो। उहाँले भन्नुभयो- 'हामी बिहानैदेखि दौडधुप गरिरहेका छौं। तर पनि कतिपय ठाउँ अझै जलमग्न छन्।'

नगरमा यति बेला हाइ अलर्ट जारी भएको छ। जसका कारण सबै कर्मचारी तथा जनप्रतिनिधि आवश्यकताअनुसार हिँड्ने गरी तयारी अवस्थामा बसेका छन्। सिद्धार्थनगरमा ढल निकास नहुँदा वर्षेनी जनताले यस्तो सास्ती खेप्दै आएका छन्। मेयर अधिकारीले जनतालाई तत्काल राहत दिने गरी काममा खटिन निर्देशनसमेत दिनुभएको छ।


## वर्गीकृत डिस्प्ले

बोरिङ्ग इनारको रातो पहेलो पानीलाई शुद्ध र सफा गरिन्छ।



जलपादेवी वाटर सोलुशन
फोन नं:- ९८५१०६९३९२, ९८५१०२१०३८

वर्गीकृत डिस्प्ले
आइतबार, मंगलबार, बिहीबार र शुक्रबार
रू. १००० ।-
मूअकबाहेक
विस्तृत जानकारीका लागि
कामना न्युज पब्लिकेशन प्रा.लि. भीमसेनस्थान
फोन : ४२१९९८४, ४२१९०२६, ४२१९६२२, ४२१९४४५

## वर्गीकृत विज्ञापन

**डिप्रेशन र माईग्रेनको सफल उपचार !!!**

- टाउको दुख्ने, चस्कने-घोच्ने, झुम्म हुने, रिङटा लाग्ने, कान कराउने डम्म हुने
- निन्द्रा नलाग्ने, झस्कने, निन्द्रामा बरबराउने, सपना नराम्रो देख्ने,
- डरलाग्ने, मुट हल्लने, आत्मबलको कमी, नर्भस हुने
- हातगोडा गल्ने, कमजोर महसुस हुने, हिनताबोध हुने
- डाह, छटपटि हुने, के गरौं कसो गरौं हुने, मर्न मनलाग्ने
- नकरात्मक सोच आउने, टोलाउने, हुलमा जान नसक्ने
- झर्को लाग्ने, चाँडै रिस उठ्ने, चाँडै बिर्सने
- धेरै आलस्य लाग्ने, रमाइलो गर्ने मन नलाग्ने, धेरै सुत्ने
- श्वास रोकिएला जस्तो हुने, गाह्रो हुने, केही भैहाल्ने होकी भनेर आत्तिने।
- हातखुट्टा पोल्ने, झमझम्याउने, निदाउने
- ग्यास्ट्रिक र स्टुलमा म्युकस देखिने समस्या
- पढ्नमा कन्सनट्रेशन नहुने र मेमोरी पावरको कमी पूर्ति गरिने
- पिसाब चाँडे चाँडो लाग्ने, मुख वा शरिर हप्प तात्ने, घाँटीमा अप्ठ्यारो भइरहने, हात वा शरिर काम्ने हुने
- औषधि खाँदा पनि निको नभएको प्रेशर समस्या ठिक पारिने
- औषधी खाँदा वा इन्सुलिन लिंदासमेत ठिक नभएको सुगर रोगी ठिक हुने
- आँखा पोल्ने, बिझाउने, सुख्खा हुने
- ढाड दुख्ने, नसा च्यापिएको, छाती मुटु दुख्ने, पेट दुख्ने, पोल्ने, डम हुने, खाएको नपच्ने निको हुने।

नोट : **कहीँबाट नभएकाहरूलाई पनि निको पारिने।**

उपचारमा नयाँ आविस्कार सम्बन्धी NTV+ बाट प्रत्येक सोमबार प्रसारण हुने कार्यक्रम बिहान ८:०० देखि ८:३० सम्म र प्रत्येक मंगलबार दिउँसो २:०० देखि २:३० बजेसम्म आउने कुरा सबैमा अवगत गराइन्छ।

युनिक मेडिटेशन सेन्टर
नारायणी पेट्रोल पम्प
रिङरोड, बाफल
४२७९५९५, ९८४९२२८०५९, ९८१३१२५५५८

**मर्मत**

अमूल्य समय, अनावश्यक खर्च र झन्झटबाट छुट्टकारा पाउन पन्चरसिल पन्चरप्रुफ प्रयोग गर्नुहोस् साथै लोडसेडिङको विकल्पको लागि ९५० VA देखि ६.५ KVA सम्मको I र III फेज जेनेरेटरहरु धमाधम बिक्री भइरहेको छ । डिलर चाहनेले र BULKमा लट नै उठाउँन चाहनेले पनि सम्पर्क राख्नुहोला ।

**उपलब्धी सुविधाहरू**

(१) मोटरसाइकल खरिद बिक्री।
(२) जेनेरेटर मर्मत होम सर्भिस।
(३) नयाँ जेनेरेटर बिक्री।
(४) इन्जिन मर्मत १०,००० किमि ग्यारेन्टी।
(५) डेन्टपेन्ट र रंगरोगन

**चाहियो**

मोटरसाइकल मिस्त्री र हेल्पर चाहियो।
खान बस्नको सुविधासहित।
If you are satisfied,
tell others
If not tell us.
**राजु मो-बाइक कन्सर्न**
न्यूप्लाजा, पुतलीसडक, काठमाडौं
फोन नं. ४४३१२८९, ५०१०५५०

**बाथ तथा दमको अचुक उपचार**

हिमाली जडीबुटीहरुको ११ वर्षको लगातार अनुसन्धानपश्चात् साध्य तथा असाध्य रोगमा अपूर्व सफलता।

बाथ एवं नसारोग : स्यालको बोसो, चौंरीको घियू, मूला बीउ, रायो बीउको तेलमा ५१ जडीबुटीलाई सिद्ध गरिएको मालिस तेल र ८१ जडीबुटीबाट निर्मित खाने औषधीबाट बाथमा सफलता।

दम : रूद्राक्षको जराको सत्व, कागतीको जराको सत्व, कण्टकारीको जराको सत्व, दशौं वर्ष पुरानो सख्खर (गुड) का साथमा १३ जडीबुटीलाई सिद्ध गरिएको औषधीबाट दममा सफलता।

मधुमेह : मधुमेह धातु (वीर्य क्षीण हुने) रोग पनि भएकाले वीर्य पुष्टिका लागि- गुर्जोको सत्व, कृष्णब्राम्ही, विमिरोको जराको सत्व, ओखरको तेल, बाँसको जराको सत्व, नीर बाबरीको दानालगायत ११ जडीबुटीबाट वीर्य पुष्टि एवं मधुमेहमा सफलता साथै ग्यास्ट्रिक, अल्सर, पुरानो आउँ, अल्काई, पिनास, पुरानो खोकी, प्यारालाईसिस, साइटिका, कम्मर-घुँडा दुख्ने, नसा च्यापिएको, हड्डी खिइएको, महिनावारीमा तल्लो पेट दुख्ने, श्वेतप्रदर, शीघ्रपतन, यौन अक्षमता, गानोगोला जस्ता सबै खाले पुराना रोगको सफल उपचार गरिन्छ।

**विशाल आयुर्वेद तथा ध्यान-दर्शन योगाभ्यास प्रशिक्षण आश्रम महाराजगन्ज चक्रपथ, नारायणगोपाल चोक परमेश्वर मार्ग, आस्था कला केन्द्रसँगै (अमेरिकन एम्बेसीको अपोजिट साइडबाट ५-७ घर माथि आएपछि परमेश्वर मार्गमा छिर्ने)**
**फोन** : ४७२००४६
**मोबाइल** : ९८५१०७३५००

## नेपाल समाचारपत्र NEPAL SAMACHARPATRA को वर्गीकृत विज्ञापन तथा ग्राहक संकलन काउन्टरहरू

**काठमाडौं**

गोर्खा न्यूज एण्ड स्टेशनरी सोह्रखुट्टे, नयाँबजार, फोन : ४३५५७६०, ९८४१८८७७१६, फ्याक्स नं. : ४३८५३९९ ● स्मार्ट इन्भेष्टमेन्ट प्रोमोशन नेपाल, जोरपाटी, फोन नं. : ०१४९१३०१०, ९७४१०१७२५३ ● एस.एस. स्टेसनरी, बालाजु, ४३८०२३०, ४३८७२७५ ● बी.एन्ड.बी. स्टेशनरी एन्ड कम्युनिकेसन सेन्टर महाराजगन्ज फोन: ३७०७०५, फ्याक्स: ३७२७९९ ● जय बागेश्वरी कम्युनिकेसन जयबागेश्वरी, फोन : ४४६७०३४, २०१३९११, ४४६६६११, ४४७६८१७ ● योञ्जन कम्युनिकेसन विशालनगर ४-४१६५६१, ४-४३५१८७ ● वीडलिक मिडिया प्रा.लि. पुरानो बानेश्वर चोक, ४४९२३०९/२०१४९३२, ९८४३१०५७३८ ● किपु बुक प्वाइन्ट कीर्तिपुर ३३१७७५ ● कार्य विनायक बुक एन्ड स्टेसनरी ४२६७३२४ वसन्तपुर ● मनकामना कम्युनिकेसन चावहिल ४४६७८४७, फ्याक्स : ४४८६८१९ ● डी.के. बुक, भोटाहिटी २५२३२० ● माउण्टेन एयर एक्सपोर्ट एण्ड ट्रेडर्स जावलाखेल, बागडोल फोन : ५५५४७५५, ५५४३७१९ ● होराइजन कम्युनिकेसन गोंगबु नयाँ बसपार्क, फोन: ३५३९४१, फ्याक्स: ३५३९९६ ● ध्रुवको पसल डिल्लीबजार, फोन: ४३९२०१ ● पञ्चावती बुक्स एण्ड स्टेसनरी चावहिल चोक, फोन: ४८६५१३, ४-४८१४३६ ● पिपल्स बुक्स, पकनाजोल, २१८०४४, ४-२१२३८५ ● सार्वजनिक टेलिफोन, पब्लिक कन्ट्र्याक्ट प्वाइन्ट कालीमाटी चोक, फोन नं. : ४-६७४८०१ ● मनकामना गिफ्ट ग्यालरी वनस्थली ४३६४९२४ ● काष्ठमण्डप डिस्ट्रिब्युसन प्रा.लि. टेकु, काठमाडौं, फोन : २०१०८२१, ०१६२२०७८५, मो. ९८५१०७२००४ ● साइ म्युजिक एन्ड मुभिज नयाँ बानेश्वर, फोन : ४४६१३५५, ४४९३५१२ ● बाबा सपिङ प्वाइन्ट महाराजगन्ज फोन: ४-४२६५४५ ● न्यू पी.पी. बुक्स एन्ड ट्रेडर्स कलंकी चोक फोन: २८२४५१, २८०६७३, फ्याक्स: २८१८०२ ● कान्तिपुर फोटोकपी एण्ड स्टेसनरी सप्लाईर्स स्वयम्भु किमडोल, राईजी फोन: २८१०४५, मोबाइल : ९८१०-७०४३५ ● कम्युनिकेशन प्लस, क्षेत्रपाटी ढल्को फोन : २०२१९४८, ४-२६६७५१ सनम स्टेसनरी एण्ड जनरल सप्लाईर्स, सोह्रखुट्टे फोन: ३५८६४१ ● स्टुडेन्ट बुक्स एण्ड स्टेसनर्स जोरपाटी चोक (मिनिबस स्टप) फोन: ४७६६२८ ● विद्या बुक्स एन्ड स्टेसनरी लेखनाथमार्ग, ठमेल, फोन : ४४१३९५४ ● मिडिया एन्ड कम्युनिकेसन नेटवर्क पेप्सीकोला, फोन : ६६३७९१९, ४२४६९३५, ९८५११०६५७५ ● सन्ध्या बुक्स सेन्टर ४३१२५३१ (स्पेन्ट्र) थानकोट, इमाखेल (बसपार्क) नवीन बुक्स एन्ड स्टेशनरी, अनामनगर गौशाला बुक्स एन्ड स्टेशनरी, गौशाला, फोन: ४-४८३६१४ ● एमएस सेढाइ स्टेसनरी एन्ड बुक्स सेन्टर बसुन्धरा-९, काठमाडौं, ४३५६४७५ ● SEVEN EDUCATIONAL CONSULTANCY (P) Ltd . Putalisadak, Kathmandu, Phone : 4238020, 4-424615, P .O . Box : 24829 l Nepaltar Cyber &Communation Nepaltar, Kathmandu, Contact No : 01-4384875, 9841-419658 ● शिक्षा बुक्स एन्ड स्टेसनर्स सामाखुसी, काठमाडौं, ४३६५७७६, मोबाइल : ९८४१-४८३०९६ (नवराज अधिकारी) ● क्वीक कम्यूनिकेशन प्रा.लि., बालाजु, फोन नं. : ४-३८३४५२, फ्याक्स : ४-३८५४२६ स्वयम्भु कम्युनिकेशन, डल्लु, आवास, दयामान वज्राचार्य ९८४१२१९१७३ फोन : ४२७४६३३, ४२८९२६०

**ललितपुर**

हाम्रो टेलिफोन सेवा (ग्वार्को) ५५५०१२४, ५५२४०९८, ५५५५०९८, ९७४१०५१८६० ● ज्ञान स्टेनसरी, पाटनढोका, फोन: ५४५५९२ ● ललित म्यागजिन एन्ड स्टेसनरी लगनखेल, ललितपुर, ५५५३९३१, ५५५३४३४० ● श्रेष्ठ स्टेसनरी सेन्टर ठैव, ललितपुर, फोन : ९८४१५१६९५७ ● लालित्य प्रिन्टर्स लगनखेल, फोन : ५५४३५८२ ● दिगो स्टेसनरी लगनखेल, फोन: ५४२२१२, प्रधान कमिनिकेशन ललितपुर, फोन: ९८४१७६९५९२ ● निशा बुक्स एण्ड स्टेशनरी, लगनखेल, ५५३१९५७, ९८४१६२७४८९

**भक्तपुर**

सुन्दर पुस्तक, ठिमी, ६३१४७३, ● मल: स्टेसनरी गठाघर, फोन: ६३०७५७ ● बेबिस आर्ट इटाछें : ६१२७२४

२०७४, असार
मंगलबार
२७

पछिल्लो समय थप म्यादसहित २०७० असार मसान्तसम्ममा पुल निर्माणको कार्य सकिनुपर्ने भए पनि अहिलेसम्म पुलको पिलर निर्माणको कार्यबाहेक अन्य केही काम नगरिएको स्थानीय मर्स्याङ्दी गाउँपालिकाका उपाध्यक्ष दिलबहादुर घलेले बताउनुभयो।

# नेपाल

# दोर्दीमा अझै बनेन पुल

नवराज पहाडी, लमजुङ

लमजुङको दोर्दीखोलामा निर्माणाधीन अवस्थामा रहेको नौथर-शेरा जोड्ने मोटरेबल पुल यो वर्ष पनि बनेन। ठेकेदारको लापरबाहीका कारण उक्त पुल विगतको चार वर्षदेखि अलपत्र रहेको छ।

जिल्लाको पूर्वी क्षेत्रको दोर्दी गाउँपालिकाको मुख्य नाकाका रूपमा रहेको नौथर जोड्ने उक्त पुल समयमा नबन्दा स्थानीयबासीले लामो समय अघिदेखि सास्ती खेप्न बाध्य छन्। पुलको निर्माणको जिम्मा लिएको ठेकेदार कम्पनीले काम शुरू गरेर अलपत्र अवस्थामा राख्नाले वर्षौंसम्म समस्या भएको हो।

झन्डै सात वर्षअघि ३ वर्षमा निर्माण कार्य सम्पन्न गर्ने गरी ५ करोडको लागतमा निर्माण शुरू गरिएको भए पनि आजसम्म पनि पुल यतिबेला अलपत्र अवस्थामा छ। यो सात वर्षको अवधिमा उक्त पुल निर्माणका क्रममा ३ वटा पिलर बनाउनुबाहेक अन्य कुनै पनि कार्य अघि बढ्न नसकेको स्थानीयको गुनासो छ। यो वर्ष केही काम गरेको देखाउन ढलान गर्न भन्दै केही दिन सामान्य काम गरेको देखाए पनि कामले गति लिएन।

पछिल्लो समय थप म्यादसहित २०७० असार मसान्तसम्ममा पुल निर्माणको कार्य सकिनुपर्ने भए पनि अहिलेसम्म पुलको पिलर निर्माणको कार्यबाहेक अन्य केही काम नगरिएको स्थानीय मर्स्याङ्दी गाउँपालिकाका उपाध्यक्ष दिलबहादुर घलेले बताउनुभयो। उहाँका अनुसार २०६८ सालदेखि २०७० सम्म ठेकेदार कम्पनी सपना जय बाबा जेभीले १/१ वर्षको फरकमा एउटा एउटा खाडल खन्दै पिलर राख्दै आएको र विगत २ वर्षदेखि ठेकेदारले पुल बनाउने कार्यमा सिन्को पनि भाँचेन। चौतर्फी विरोध र गुनासो आएपछि ठेकेदारले आँखामा झारो टार्नकै लागि पाँच-छ जना कामदार ल्याएर राखेको थियो तर काम भने शून्य रहेको स्थानीय दलका नेताहरूसमेत स्वीकार गर्छन्।

उक्त पुल निर्माणका लागि दोर्दी गाउँपालिकाको निर्वाचन सम्पन्न भएलगत्तै नवनिर्वाचित अध्यक्ष उपाध्यक्षको टोली दमौलीस्थित डिभिजन कार्यालयमा गएर दबाब दिने तथा ठेकेदार कम्पनीले बारम्बारको चेतावनीलाई समेत वास्ता नगरेको उपाध्यक्ष घलेले बताउनुभयो। यसबारेमा जिल्ला समन्वय समितिका सम्पर्क गर्दा अब ठेक्का प्रक्रिया नै रद्द गरेर नयाँ प्रक्रियामा जाने तयारी भएको स्थानीय विकास अधिकारी डिल्लीराम सिग्देलले बताउनुभएको छ।

दोर्दी करिडोरमा मात्र जलविद्युत् क्षेत्रमा निजी क्षेत्रबाट २२ अर्बभन्दा बढी लगानी भएको तर पुल निर्माणले गति नलिँदा वर्षायाममा सबै जलविद्युत् आयोजनाहरूको काम रोक्नुपर्ने बाध्यता सिर्जिएको छ। पूर्वी लमजुङको मुख्य नाकाका रूपमा रहेको सो दोर्दी खोलाको मोटरेबल पुल समयमै निर्माण नहुँदा समस्या भएको छ।



# चार बलात्कारी कारागार चलान

लक्ष्मीकुमार साह, महोत्तरी

महोत्तरीको औरही गाउँपालिका-२ फूलबारीयाकी २० वर्षीया सौन्दर्यकर्मी (ब्युटिसियन) लाई जेठ २८ गते बलात्कार गरी फरार रहेका चार जना बलात्कारीलाई प्रहरीले पक्राउ गरी उनीहरूलाई महोत्तरी जिल्ला अदालतले पुर्पक्षका लागि कारागार चलान गरेको छ।

कारागार चलान हुनेमा औरही गाउँपालिका-२ बस्ने वर्ष २६ को सुनील साह, वर्ष २० को अनिकेत यादव, सोही ठाउँ बस्ने वर्ष २१ को रमेश पञ्जियार तथा वर्ष २० को सुरेश यादव रहेको जिल्ला प्रहरी कार्यालय महोत्तरीले जनाएको छ।



सौन्दर्य व्यवसायी राधा (नाम परिवर्तित) लाई जेठ २८ गते पसल बन्द गरी घर जाने क्रममा औरहीदेखि फूलबारीया गाउँतर्फ जाने बाटोसँगको खेतमा बाटो ढुकेर बसेका बलात्कारीहरूले सामूहिक बलात्कार गरेकाले उनीहरूलाई जिल्ला अदालतले पुर्पक्षका लागि जलेश्वर कारागारमा पठाएको प्रहरी उपरीक्षक राजकुमार लम्सालले बताए।

जिल्लाको औरही गाउँपालिकाको वडा नं. २ मा जेठ २८ गते एक सौन्दर्यकर्मीलाई बलात्कार गरी फरार रहेका औरही-२ बस्ने वर्ष २६ को सुनील साहलाई सोही दिन पक्राउ गरी उमाथि जबरजस्ती करणीको मुद्दा दर्ता गरेर कारबाही शुरू गरेको थियो भने बाँकी तीन जनालाई उसको बयानको आधारमा तथा खोजतलासको क्रममा एक साताभित्र पक्राउ गरी उनीहरूमाथि प्रहरीले जबरजस्ती करणी मुद्दा चलाएर महोत्तरी जिल्ला अदालतमा पेस गरेकोमा न्यायाधीश दीपकराज पन्थले उनीहरूलाई पुर्पक्षका लागि कारागार चलान गरेको जिल्ला प्रहरी कार्यालय महोत्तरीले जनाएको छ।


पूर्वाञ्चल विश्वविद्यालय
स्कूल अफ इन्जिनियरिङ्ग एण्ड टेक्नोलोजी, विराटनगर

**बोलपत्र स्वीकृत गर्ने आशयको सूचना**

यस क्याम्पसबाट मिति २०७४।०२।१२ गते प्रकाशित सूचना अनुसार टीन सेड भएको भवन निर्माण सम्बन्धी सूचना बमोजिम प्राप्त बोलपत्रहरुको मूल्यांकन पश्चात तपसिलको बोलपत्रदातालाई न्यूनतम मूल्याङ्कित सारभूत रुपमा प्रभावग्राही भई स्वीकृतिका लागि छनौट गरिएको हुँदा सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ को उपदफा (२) को प्रयोजनार्थ सम्बन्धित बोलपत्रदाताहरुको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

तपसिल

| बोलपत्र नं. | बोलपत्रदाताको नाम, ठेगाना | मु.अ.कर सहितको रकम |
|---|---|---|
| पूसेट/०१/०७३/०७४ | राज कन्स्ट्रक्सन, राजविराज ५ , सप्तरी | १,२३,७४,९०१/७५ |

**हार्दिक श्रद्धाञ्जली**



जन्म
१९८६ पुस १२ गते विहीवार

स्वर्गारोहण
२०७४ असार १५ गते विहीवार

**स्व. देव रत्न राजकर्णिकार**

हाम्रा हितेशी मित्र श्री ऋद्धी राजकर्णिकार ज्यूको बुबा **स्व. देव रत्न राजकर्णिकार**को स्वर्गारोहण भएको आज १३औं दिनको पुण्य तिथीमा शोक सन्तप्त परिवारजनप्रति हार्दिक समवेदना एवं दिवंगत आत्माको चिरशान्तिको लागी भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दैछौं ।

श्रीमान/श्रीमती मोहन तुलाधर
श्रीमान/श्रीमती सरण महर्जन
श्रीमान/श्रीमती नरेश शाक्य
श्रीमान/श्रीमती उत्तम डंगोल
श्रीमान/श्रीमती हरि शंकर श्रेष्ठ
श्रीमान/श्रीमती निलमुनी बज्राचार्य
श्रीमान/श्रीमती दिनेश राज मास्के
श्रीमान/श्रीमती गोविन्द श्रेष्ठ
श्रीमान/श्रीमती उत्तम रत्न शाक्य
श्रीमान/श्रीमती दान रत्न स्थापित
श्रीमान/श्रीमती मोहन कृष्ण मानन्धर

**Government of Nepal**
**Ministry of Urban Development**
**Department of Urban Development and Building Construction**
**Division Office, Gorkha**

**Invitation for Sealed Bids**

***Date of publication: 2074/03/27 (11 July 2017) Nepal Samacharpatra National Daily***
**Invitation for Sealed Bids for the DUDBC/GORKHA/NCB/WORKS/073/74-14**

1. **Government of Nepal** has allocated funds towards the cost of construction of Urban Infrastructural development works of **Gorkha Municipality**, Gorkha as mentioned in the table and intends to apply part of the funds to cover eligible payments under the contract as described in table below. Bidding is open to all eligible Nepalese bidders.

| S. N. | Contract No. | Work Description | Major Works Experience | Key Qualification (without VAT) | | Bid Security Amount NRs. |
|---|---|---|---|---|---|---|
| 1 | DUDBC/GORKHA/NCB/WORKS/073/74-14 | Construction of Gorkha Convention Center (City Hall) at Gorkha Municipality, Gorkha | • PCC/Plum concrete works 3000 Cum<br>• Reinforcement 550 MT<br>• Steel Structure 21 MT | Turnover | NRs. 15,45,00,000.00 | 97,75,000.00 |
| | | | | Experience | 5 years Minimum | |
| | | | | Similar Nature | Rs. 24,72,00,000.00 | |

2. ***Department of Urban Development and Building Construction (DUDBC), Division office Gorkha*** invites sealed bids or electronic bids from eligible bidders for the construction of **above mentioned description of the works** under National Competitive Bidding – Two Envelope Bidding procedures under the Single-Stage. Bidders are required to submit simultaneously two sealed envelopes, **(i)** One sealed envelope containing the technical Bid and labeled as**" Technical Proposal"** and, **(ii)** The Second sealed envelope containing Price Bid only and labeled as **"Price Bid".** Both in turn enclosed in one sealed envelope as per the provision included in ITB 21 of Bid Document. The **"Letter of Technical Bid"** submitted with Technical Bid, and the "Letter of Price Bid" submitted with Price Bid in separately sealed envelopes must be signed by authorized signatory, failure to which may be the ground for declaring the bid non-responsive.
   Only eligible bidders with the following key qualifications should participate in this bidding:
   Minimum Average Annual Construction Turnover of the best 3 years within the last 10 years: ***As mentioned in table above.***
   Minimum Work experience of similar size and nature: [number of project and value of each project as mentioned above.
3. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at the office of ***Department of Urban Development and Building Construction, Division Office Gorkha*** or may visit DUDBC web portal **www.edudbc.gov.np.**
4. A complete set of Bidding Documents may be purchased from the office ***Department of Urban Development and Building Construction, Division Office Gorkha*** by eligible Bidders on the submission of a written application, along with the copy of company/firm registration, business registration certificate, VAT and PAN registration certificate, tax clearance of fiscal year 2072/073 and JV agreement (if applicable), and upon payment of a non-refundable fee of **Nrs 20,000.00** till ***2074/04/26 (9th August,2017) Time 17.00 hrs.*** If so requested, the Bidding Documents can also be sent by post/courier services upon payment of additional cost of NRs. 2000.00. However, the Employer will not be responsible for delay or non-delivery of the documents so sent.

**Or**

Bidder who chooses to submit their bid electronically may purchase the hard copy of the bidding documents as mentioned above or may download the bidding documents for e-submission from DUDBC's web portal www.edudbc.gov.np. Bidders, submitting their bid electronically, should deposit the cost (as specified above) of bidding document in the Project's Rajaswa (revenue) account as specified below and the scanned copy (PDF format) of the Bank deposit voucher shall be uploaded by the bidder at the time of electronic submission of the bids. Information to deposit the cost of bidding document in Bank:
Name of the Bank: Rastriya Banijya Bank, Gorkha
Name of Office: DUDBC, Division Office Gorkha
Office Code no. : 44-347-01
Office Account no.: 1-1-001
Rajaswa (revenue) Shirshak no. : 14227
Bank Code : 306

5. Pre-bid meeting shall be held at ***DUDBC, Division Office Gorkha at 2074/4/19 (3rd August, 2017 ).***
6. Sealed or Electronic bids must be submitted to the office DUDBC, Division Office Gorkha by hand/courier or through DUDBC web portal www.edudbc.gov.np on or before ***12:00*** on ***2074/04/26 (10th August, 2017 )***. Bids received after this deadline will be rejected.
7. Bidder's who choose to submit the bid by e-bidding system, must submit the original copies (**Hard Copies**) of mandatory documents within **7 days** from the bid opening date. Non-submission of hard copy by the bidders with in specified time shall be considered as non-responsive and may cause forfeiture of bid security.
8. The Technical bids will be opened in the presence of Bidders' representatives who choose to attend at ***13:00*** on ***2074/04/26 (10th August, 2017 )*** at the office of ***DUDBC, Division Office Gorkha***. Bids must be valid for a period of **120 days** after bid opening and must be accompanied by a bid security or scanned copy of the bid security in PDF format in case of e-bid, amounting to a minimum of **Nrs 97,75,000.00** ( Ninety Seven Lakh seventy five thousand only) which shall be valid for 30 days beyond the validity period of the bid after dateline for Bid submission last date (i.e total 150 Days) .
9. If the last date of Pre-Bid meeting/ purchasing /submission day falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.
10. Bidders may withdraw or modify its bids by sending a written notice in a sealed envelope, duly signed by an authorized representative, and shall include a copy of the authorization in accordance with ITB 20.2 before 24 hours prior to the deadline of submission of bids.
11. Bidder may submit modification or withdrawal prior to the deadline prescribed for submission of bid through e-GP system by using the forms and instructions provided by the system. Once a Bid is withdrawn, bidder will not be able to submit another bid response for the same bid. Bidders who have submitted their bid electronically must submit the hard copy within seven days of bid opening day.
12. After the completion of evaluation of Technical Bids, which are substantially responsive evaluated bidders, will be invited to attend the opening of Price Bids. The date, time and location of opening of Price Bid shall be notified in writing and/or published in national daily.
13. Other information not mentioned above is as per Public Procurement Act 2063 and Public Procurement Regulation 2064 (Amended).
14. Employer Name:
    DUDBC Division Office Gorkha
    Location: Gorkha Municipality
    Attention: Division Chief, DUDBC Division Office Gorkha
    Telephone: 064-420221, Fax No 064-421401
    Email: dudbc.gorkha@gmail.com

# विश्व

## महामारी

पखालाको महामारी फैलिएपछि यमनको राजधानी सानाको एक अस्पतालमा उपचार गराइरहेका स्थानीय व्यक्तिहरू।



## सुरक्षा

सम्भावित प्रदर्शनलाई ध्यानमा राख्दै भारत अधीनस्थ कास्मिरमा थप सुरक्षा दिँदै भारतीय फौज।



विश्व २ मिनेट

### भारत

## फेसबुकका कारण तनाब

देहरादुन, (एजेन्सी)

केदारनाथ मन्दिरको फोटोसप तस्वीर फेसबुकमा पोस्ट गरेपछि उत्पन्न विवादले उत्तराखण्डको गण्वालको सतपुलीमा स्थानीय हिन्दूत्ववादी कार्यकर्ताहरूले आइतबार तरकारी व्यापारीहरूको पसलमा आगजनी गरी तोडफोड गरेका छन्। यस घटनामा कोही पनि घाइते नभएको प्रहरीले जानकारी दिएको छ। एकजना नाबालिक किशोरले उक्त तस्वीर पोस्ट गरेको र उनको पहिचान गरिसकेको पनि एक प्रहरीले बताए। उत्तराखण्डको यस क्षेत्रका लागि साम्प्रदायिक तनाबको यो घटनालाई नयाँ मानिएको छ। सतपुलीमा केही संख्यामा मात्र मुसलमानहरूको बसोबास रहेको छ।

### अमेरिका

## ट्रम्पको आलोचना

वासिङ्टन, (एजेन्सी)

अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले रुसी राष्ट्रपति भ्लादिमिर पुटिनसँगको भेटवार्तापछि रुससँग रचनात्मक रुपमा काम गर्ने समय आइसकेको बताएका छन्। शुक्रबार जी-२० देशको शिखर सम्मेलनमा पहिलो पटक दुई नेताबीच भेटवार्ता भएको थियो। ट्रम्पले टिवटमार्फत अमेरिकी आमचुनावमा हस्तक्षेप भएको खबरलाई पुटिनले पूर्णरूपमा खण्डन गरेको बताएका थिए। रुससँग मिलेर अनलाइन सुरक्षामा साझेदारीको प्रस्ताव गरेको जानकारी दिएपछि ट्रम्प आफ्नै पार्टीमा आलोचित भएका छन्। संयुक्तराष्ट्र संघमा अमेरिकी राजदूत निकी हेलीले अमेरिकाले रुसमाथि कहिल्यै विश्वास गर्न नसक्ने बताएकी छिन्।

### पाकिस्तान

## आत्मघाती हमला

चमन, (एजेन्सी)

आत्मघाती बम बोकेर मोटरसाइकलमा सवार एकजना व्यक्तिले सोमबार अफगानिस्तानको सीमासँग जोडिएको दक्षिण पश्चिमी पाकिस्तानी शहर चमनमा अर्को एउटा सवारी साधनसँग ठोकाउँदा उक्त सवारी साधनमा सवार एकजना वरिष्ठ सरकारी अधिकारी, उनका गार्ड र एक सर्वसाधारण व्यक्ति मारिएको सरकारी सूत्रले जनाएको छ। यस आक्रमणमा अन्य एघार जना घाइते भएको बलुचिस्तान प्रान्तको राजधानी क्वेटाका प्रहरी प्रवक्ताले बताएका छन्। सो सवारी साधन प्रहरी आयुक्त साजिद खान मोहमदको रहेको र आक्रमणका लागि अहिलेसम्म कसैले जिम्मेवारी लिएको छैन।

### चीन

## लिउ सिकिस्त

बेइजिङ, (एजेन्सी)

हाल अस्पतालमा क्यान्सरको उपचार गारइरहेका चीनका शान्तिका लागि नोबेल पुरस्कार विजयी लिउ सियावाओको स्वास्थ्य स्थिति चिन्ताजनक रहेको सोमबार उनको पारिवारिक सूत्रले जनाएको छ। अघिल्लो दिन मात्र पश्चिमी राष्ट्रका चिकित्सकहरूले उनलाई अझै विदेशमा लगेर उपचार गराउन सकिने बताएका थिए। उत्तर पूर्वी शहर सेनयाङस्थित चाइना मेडिकल युनिभर्सिटीको दि फर्स्ट हस्पिटलले उनको ट्युमर बढेको र कलेजोबाट रक्तस्राव भइरहेको जनाएको छ। चीनमा प्रजातन्त्रको माग गरेकै कारण गरिफ्तारीमा परेका ६१ वर्षीय लिउका लागि आपत्कालीन उपचारको जरुरत पर्न सक्ने अस्पतालले जनाएको छ।

Government of Nepal
Ministry of Urban Development
Department of Urban Development and Building Construction
Division Office, Dhankuta
Re-Invitation for Bid
Notice No.-06/073/074
Date of Publication: 2074/03/27 B.S.

1. Department of Urban Development and Building Construction (DUDBC) Division Office, Dhankuta invites sealed bids from duly eligible and qualified registered bidders for the construction of below mentioned works under National Competitive Bidding - Single Stage Double Envelope Bidding Procedures. Some of the qualification criteria are mentioned below thought the details are in the bidding documents.

| S. N. | Contract No | Description of Works | Specific nature of similar work Experience (At least one contract, Exc. VAT) (NRs) | Average Annual Turnover (Exc. VAT) (NRs) | Bid Security Amount (NRs.) | Line of Credit |
|---|---|---|---|---|---|---|
| 1 | DUDBC/Dhankuta/ Works/NCB/3/073/74 | Construction of Pangcha H.P. Building, Bhojpur | 17000000.00 | 25,000,000.00 | 600,000.00 | 7,000,000.00 |
| 2 | DUDBC/Dhankuta/ Works/NCB/6/073/74 | Construction of Kimalung H.P. Building, Bhojpur | 15,000,000.00 | 23,000,000.00 | 600,000.00 | 6,000,000.00 |
| 3 | DUDBC/Dhankuta/ Works/NCB/9/073/74 | Construction of Ahale H.P. Building, Dhankuta | 15,000,000.00 | 23,000,000.00 | 600,000.00 | 7,000,000.00 |
| 4 | DUDBC/Dhankuta/ Works/NCB/10/073/74 | Construction of Bodhe H.P. Building, Dhankuta | 15,000,000.00 | 23,000,000.00 | 600,000.00 | 7,000,000.00 |
| 5 | DUDBC/Dhankuta/ Works/NCB/11/073/74 | Construction of Maunabudhuk H.P. Building, Dhankuta | 15,000,000.00 | 23,000,000.00 | 600,000.00 | 7,000,000.00 |
| 6 | DUDBC/Dhankuta/ Works/NCB/12/073/74 | Construction of Mudebas H.P. Building, Dhankuta | 15,000,000.00 | 23,000,000.00 | 600,000.00 | 7,000,000.00 |
| 7 | DUDBC/Dhankuta/ Works/NCB/13/073/74 | Construction of Rajarani H.P. Building, Dhankuta | 15,000,000.00 | 23,000,000.00 | 600,000.00 | 7,000,000.00 |
| 8 | DUDBC/Dhankuta/ Works/NCB/14/073/74 | Construction of Teliya H.P. Building, Dhankuta | 15,000,000.00 | 23,000,000.00 | 600,000.00 | 7,000,000.00 |
| 9 | DUDBC/Dhankuta/ Works/NCB/15/073/74 | Construction ofAnkhibhui H.P. Building, Sankhuwasabha | 16,500,000.00 | 25,000,000.00 | 600,000.00 | 7,000,000.00 |
| 10 | DUDBC/Dhankuta/ Works/NCB/16/073/74 | Construction of Baneswor H.P. Building, Sankhuwasabha | 16,500,000.00 | 25,000,000.00 | 600,000.00 | 7,000,000.00 |
| 11 | DUDBC/Dhankuta/ Works/NCB/17/073/74 | Construction of Pathibara H.P. Building, Sankhuwasabha | 16,500,000.00 | 25,000,000.00 | 600,000.00 | 7,000,000.00 |
| 12 | DUDBC/Dhankuta/ Works/NCB/18/073/74 | Construction of Shiddhakali H.P. Building, Sankhuwasabha | 16,500,000.00 | 25,000,000.00 | 600,000.00 | 7,000,000.00 |

2. A complete set of Bidding Documents in English may be purchased by interested bidders on the submission of a written application, along with the attested copy of company/firm registration certificate and upon payment of a non-refundable fee as Rs. 5,000.00 for each set on or before 2074/04/25 B.S. falls on Wednesday at Office Hours at DUDBC, Division Office, Dhankuta. Or,
Any bidders who choose to bid through electronic media (e-bidding) may purchase the hard copy of the bidding documents as mentioned above or may download the bidding documents for e-submission from DUDBC's E-procurement Web Portal www.edudbc.gov.np. Bidders, submitting their bid electronically, should deposit the cost(as specified above) of bidding document in the Project's Rajaswa (revenue) account as specified below and the scanned copy (pdf format) of the Bank deposit voucher shall be uploaded by the bidder at the time of electronic submission of the bids. Information to deposit the cost of bidding document in Bank:
Name of the Bank: Rastriya Banijya Bank, Branch Office, Dhankuta.Bank Code No : 11002012
Name of Office: DUDBC, Division Office DhankutaOffice Code No. : 08-347-01
Office Account No.: Ka-1-1-001 , District Treasury Comptroller Office, DhankutaRajaswa (revenue) Shirshak No. : 14227
3. In case of two envelope bidding procedures Sealed bids (With two sealed envelope, one containing the technical bid labelled as Technical Bid and the other containing price bid only labelled as Price bid, both in turn enclosed in a single sealed envelope according as provision of ITB 21) must be submitted to the Division Chief, DUDBC, Division Office, Dhankuta by hand/courier indicating contract number, name of the contract, name of bidder's firms and it's address at or before 12:00 hrs on 2074/04/26 B.S. falls on Thursday. Late bids will be rejected.
4. If the bidder, except in e-bidding, wish to modify or withdraw their bids the bidder should submit sealed application 24 hours prior to the last date and time of the bid submission. The bid bond will be forfeited if the bidder wish to modify or withdraw the bid after the aforementioned period.
5. Technical Bids for two envelope and other bids for single envelope will be opened physically and electronically immediately in the presence of Bidders' representatives, who choose to attend at 13:00 hrs on the last day of bid submission (2074/04/26 B.S.) at DUDBC, Division Office Dhankuta. Bids must be accompanied by a bid security, amount as listed above in from of bid bond from an "A' class commercial bank which shall be valid for period of 90 days after bid opening. All bids must be accompanied by a Bid Security Amount not less than as stated above, which shall be valid for at least 30 days beyond the validity period of the bid after the date of bid opening. If bidder wishes to submit the Bid Security in the form of cash, the cash should be deposited on Ko.Le.Ni.Ka. Dhankuta's Deposit Account No. 'Kha 3/3 Dharauti' in Rastriya Banijya Bank Dhankuta and submit the receipt of the deposited amount of cash along with the bid.
6. The Pre bid meeting shall be held at DUDBC, Division Office Dhankuta on 2074/04/10 B.S at 13:00 Hrs.
7. In case, the last date of purchase, submission, and pre bid meeting or opening of Bid happens to be a holiday, the next working day will be deemed as the due date but the time will be the same as stipulated. Any corrections needed shall be published on notice board of DUDBC, Division Office Dhankuta. Information or data submitted by the bidder which is either incomplete or unclear or not substantiated by supporting documents shall not be considered for evaluation.
8. Upon notification from the employer, the bidders who choose to submit a bid electronically shall deliver his/her all necessary original documents comprising bids and supporting documents within date and time set in the employer's request. Non submission of hard copy of original documents comprising bids and supporting documents within date and time set in the employer's request shall be treated as a non-responsive bid and such bid will be rejected.
9. DUDBC, Division Office Dhankuta reserves rights to amend and correct at any time in case of discrepancies or error in Bidding document, Tender notice or any other documents.
10. In case of two envelope bids, after the completion of evaluation of Technical bid, all the technically substantially responsive bidders will be invited to attend the opening of Price bids. The time, date and place of opening of Price bid shall be notified in writing and/or publishing notice.
11. The Employer reserves the right to accept or reject any bid, and to annul the process and reject all bids at any time prior to contract award
12. Other related rules and regulations are as per current Public Procurement Act and Regulations with latest amendment.
Telephone: 026-520278 Fax: 026-520290 Email address: dudbcdhankuta@gmail.com

**Division Chief**

# ८ वर्षमा भारतले आर्थिक वृद्धिदरमा चीनलाई उछिन्ने : हार्भर्ड



बोस्टन, (एजेन्सी)

हार्भर्ड युनिभर्सिटीले गरेको एक शोधले सन २०२५ सम्ममा भारतको ७ दशमलव ७ प्रतिशतको वार्षिक वृद्धिदरले चीनको अर्थ व्यवस्थालाई पछाडि पार्ने देखाएको छ।

हार्भर्ड युनिभर्सिटीको सेन्टर फर इन्टरनेसनल डेभलपमेन्ट (सीआईडी) ले सन २०२५ सम्ममा सबैभन्दा तीव्र विकास गर्ने अर्थव्यवस्थाहरूको सूचीमा भारतलाई सबैभन्दा माथि राखेको छ। यो अवधिसम्ममा चीनको वार्षिक वृद्धिदर ४ दशमलव ४१ प्रतिशतसम्म रहने सम्भावना उल्लेख गरिएको छ। भारतको भन्दा बढी एकमा अर्को राष्ट्र युगान्डाको आर्थिक वृद्धि ७ दशमलव ७३ रहनेछ।

सीआईडीको प्रतिवेदनमा केही वर्षमा विश्वव्यापी वृद्धिको मामिलामा भारत लगातार अगाडि बढिरहेकाले विश्व आर्थिक विकासको धुरी चीनबाट खस्केर भारततर्फ बढिरहेको उल्लेख गरेको छ।

भारतले निर्यातलाई नयाँ क्षेत्रसम्म विस्तार गर्दै नयाँ आयाम दिएको रिसर्चले जनाएको छ। यसमा रसायन, सवारी साधन र इलेक्ट्रोनिक्स जस्ता नयाँ क्षेत्र समावेश छ।

अर्कोतर्फ तेल निर्यातमा आधारित अर्थव्यवस्थाहरूले व्यापक नोक्सान बेहोर्नुपरेको पनि उल्लेख छ। प्रतिवेदनमा भारतलगायत टर्की, युगान्डा, इन्डोनेसिया र बुल्गेरियाको अर्थव्यवस्था तीव्र बढ्ने अपेक्षा गरिएको छ। आगामी १० वर्षमा पाकिस्तानको वार्षिक वृद्धिदरमा पनि उल्लेखनीय तीव्रता रहने अपेक्षा गरिएको छ। अनुसन्धानले सन् २०२५ सम्म पाकिस्तान ६ प्रतिशत वार्षिक वृद्धिदरले चीनलाई पछाडि पार्ने देखाएको छ।

यद्यपि चीन र पाकिस्तानको अर्थव्यवस्थामा अत्यन्त धेरै फरक छ। हाल चीनको अर्थव्यवस्था १२० अर्ब डलर छ भने पाकिस्तानको अर्थव्यवस्था अहिले ३ सय अर्ब डलर रहेको छ। सेन्टर फर इन्टरनेसनल डेभलपमेन्टले आफ्नो अनुसन्धानका लागि सबै देशलाई तीन प्रमुख श्रेणीमा विभाजन गरेको छ। पहिलो श्रेणीमा केही सुधारबाट आफ्नो उत्पादनमा विविधता ल्याउन सक्ने देश छन् जसमा बंगलादेश, इक्वेडर, गायनाजस्ता देशहरू छन।

पर्याप्त क्षमता र त्यसको सम्भावना रहेका देश जसले त्यसबाट सजिलै आर्थिक वृद्धि तथा विविधता हासिल गर्न सक्छ, उनीहरूलाई दोस्रो श्रेणीमा राखिएको छ। यसमा भारत, इन्डोनेसिया, टर्कीजस्ता देशहरू पर्छन्। तेस्रो श्रेणीमा जापान, जर्मनी, अमेरिकाजस्ता विकसित देश पर्छन्। ती देशले करिब करिब सबै वस्तुहरूको उत्पादन गर्छ। यो श्रेणीका देशहरूको अर्थव्यवस्था मन्द गतिले बढेको हुन्छ।

# जापानी मन्त्रीमण्डल पुनर्गठन हुने

टोक्यो, (एजेन्सी)

जापानी प्रधानमन्त्री सिन्जो आवेले आगामी महिनाको शुरुमै आफ्नो मन्त्रीमण्डल र पार्टी नेताहरू पुनर्गठन गर्ने भएका छन्। गत साता टोक्यो सभाको चुनावमा ऐतिहासिक ढंगले पारजित भएपछि आवे सन् २०१२ मा सत्तामा आएयता निकै नाजुक अवस्थामा पुगेको लोकप्रियतालाई पुनः बलियो पार्ने उद्देश्यले उनले यो राजनीतिक कदम उठाउन लागेको राजनीतिक विश्लेषकहरूले बताएका छन्।

उनको पार्टीले गत साताको उक्त चुनाव हार्नुलाई आवे र उनको मन्त्रीमण्डलका प्रमुख सचिव योसिहिदेको घमण्डको परिणाम भएको बताइएको छ। सोमबार सार्वजनिक भएको मत सर्वेक्षणले सन् २०१२ मा सत्तामा फर्केयताकै आवेको लोकप्रियता ह्वात्तै घटेर ३६ प्रतिशत पुगेको जनाएको छ।

सो मत सर्भेक्षण कन्जरभेटिभ योमीउरी सिम्वुन अखबारले गरेको हो। यसै महिनाको शुरूमा उक्त लोकप्रियता प्रतिशत ४९ रहेको थियो। जर्मनीको ह्याम्वर्गमा जी-२० को बैठकमा भाग लिने क्रममा आवेले पत्रकारहरूलाई मन्त्रीमण्डल र सत्तारूढ लिवरल डेमोक्रेटिक पार्टीमा पुनर्गठन गरी प्रमुख व्यक्तिहरूलाई ल्याउने बताएका थिए।

# अमेरिकी अभिनेता एल्लिसको निधन

न्युयोर्क, (एजेन्सी)

लोकप्रिय एचबीओ सिरिज 'ट्रु ब्लड'का ३९ वर्षीय अमेरिकी अभिनेता नेल्सन एल्लिसको निधन भएको शनिबार उनको म्यानेजरले पुष्टि गरेका छन्। हरर ड्रामा सिरिज लाफायटे रेनोल्डसको भूमिका निभाएर निकै चर्चामा आएका एल्लिसको हृदयाघातको कारण निधन भएको बताइएको छ।

उनका म्यानेजर एमिली गर्सन साइनेसले हलिउडका पत्रकारलाई एल्लिस अत्यन्तै प्रतिभावान् कलाकार भएको र उनको अभाव सधैं खट्किरहने बताएका छन्। उनले सन् २००८ देखि २०१४ मा सिरिज सकिँदासम्म 'ट्रु ब्लड'मा काम गरेका थिए।

एचबीओले शनिबार नै एक विज्ञप्ति जारी गर्दै उनको निधनप्रति श्रद्धाञ्जली व्यक्त गरेको छ।

उक्त विज्ञप्तिमा नेल्सन लामो समयदेखि एचबीओ परिवारको सदस्य रहेको र उनले निभाएको लाफायटेको जीवन्त भूमिका कहिल्यै नबिर्सिने बताइएको छ। उनले त्यस सिरियलमा पहिलो पटक एउटा स्थानीय रेस्टुरेन्टको कुकको भूमिका निभाएका थिए।

त्यसपछि उनले भूतहरूसँग सजिलै सम्पर्क राख्न सक्ने अद्भूत प्रतिभा भएको समलिंगी मिलाइदिने लाफायटेको भूमिका निभाएका थिए। उनले सन् २०११ मा क्याथरिन स्टोकेटको उपन्यास 'दि हेल'को कथावस्तुमा आधारित फिल्ममा भयोला डेभिस र ओक्टाभिया स्पेन्सरसँग अभिनय गरेका थिए। एल्लिसको सातजना भाइबहिनी र एक छोरालगायत हजुरबुबा एलेक्स ब्राउन र पिता टमि ली थम्पसन रहेका छन्।

२०७४, असार
मंगलबार
२७

भूकम्पपछिको पुनर्निर्माणका सन्दर्भमा प्रधानमन्त्री देउवाले १ हजार ८ सय ४६ विद्यालय, २ सय ३० स्वास्थ्य संस्था, ९ सय ४ खानेपानी, ९८ वटा सरकारी भवन र ३० वटा सम्पदाको निर्माण भइसकेको जानकारी गराउनुभएको छ।

# नेपाल

प्रधानमन्त्रीले भने-

# स्थानीय निकायले साउनदेखि सोझै खर्च गर्न पाउने

नेपाल समाचारपत्र

काठमाडौं

प्रधानमन्त्री शेरबहादुर देउवाले ७ सय ४४ वटै स्थानीय तहलाई साउनको पहिलो हप्तादेखि नै रकम खर्च गर्न पाउने गरी अर्थ मन्त्रालयबाट सोझै अख्तियारी जाने व्यवस्था मिलाइएको बताउनुभएको छ।

स्थानीय तहलाई बजेट कम भएको सन्दर्भमा सरकारले बजेट प्रस्तुत गर्दा स्थानीय तह दोस्रो चरणको निर्वाचनको समय परेको र निर्वाचनको आचार संहिता लागू भएको बेला सरकारले नयाँ नीति कार्यक्रमसहितको बजेट प्रस्तुत गर्न नपाउने भएकाले सोचेजस्तो बजेट विनियोजन गर्न नपाएको पनि बताउनुभएको छ।

व्यवस्थापिका संसद्को सोमबार बसेको बैठकमा विनियोजन विधेयकमाथिको छलफलका क्रममा उठेका जिज्ञासाको जवाफ दिने क्रममा प्रधानमन्त्री देउवाले भुकम्पपीडितहरूलाई दोस्रो र तेस्रो किस्ता दिन शुरू गरिए पनि उत्साहजनकरूपमा लिएको नपाइएको बताउनुभएको छ। अनुदान सम्झौता गर्ने ६ लाख २० हजार २ सय ६७ जनामध्ये २ हजार १ सय ८० ले मात्र तेस्रो अर्थात् अन्तिम किस्ता लिएको जानकारी गराउनुभएको हो।

प्रधानमन्त्री देउवाले हालसम्म पहिचान भएको ७ लाख ४४ हजार ६ सय २० लाभग्राहीमध्ये ५ लाख ८८ हजार ३ ले पहिलो किस्ता प्राप्त गरेको र ३४ हजार ५ सय ८१ जनाले मात्र दोस्रो किस्ता प्राप्त गरेको जानकारी गराउनुभएको थियो। दोस्रो र तेस्रो किस्ता उत्साहजनक नलिएको उहाँको भनाइ थियो।

भूकम्पपछिको पुनर्निर्माणका सन्दर्भमा प्रधानमन्त्री देउवाले १ हजार ८ सय ४६ विद्यालय, २ सय ३० स्वास्थ्य संस्था, ९ सय ४ खानेपानी, ९८ वटा सरकारी भवन र ३० वटा सम्पदाको निर्माण भइसकेको पनि जानकारी गराउनुभएको थियो। भूकम्पपछिको पुनर्निर्माणसम्बन्धी सबै काम प्रभावकारी ढंगले अघि बढाउन सबै मन्त्रालयलाई निर्देशन दिएको प्रधानमन्त्री सदनमा जानकारी गराउनुभयो।

प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयबाट निर्देशन दिएको परिणामस्वरूप एनसेल बिक्रीको लाभकरबापत करिब २६ अर्ब रुपियाँ असुली भइसकेको भन्दै प्रधानमन्त्री देउवाले एनसेल बिक्रीको लाभकरबारे सम्बन्धित निकायले कर निर्धारण गर्ने कार्य पनि गरिसकेको बताउनुभएको थियो।

## 'राष्ट्रपतिको गाडीका लागि प्रस्ताव आएको छैन'

निर्वाचनको सवालमा संघ, प्रदेश र स्थानीय तहको तेस्रो चरणको निर्वाचन समयमै सम्पन्न गर्नका लागि आवश्यक बजेट, जनशक्ति र सुरक्षा प्रबन्ध मिलाउने भन्दै प्रदेश र संघको निर्वाचनका लागि आवश्यक कानुन ल्याइने बताउनुभएको थियो। उहाँले क्षेत्र निर्धारण आयोग पनि छिट्टै गठन गरिने जानकारी पनि गराउनुभयो।

राष्ट्रपतिलाई १६ करोडको गाडी खरिद गरिदिन लागेको र सिंहदरबारभित्र १० करोडको फोहोर व्यवस्थापन केन्द्र स्थापना गर्न लागेको बारे सांसद प्रेम सुवालले राखेको जिज्ञाशाबारे प्रधानमन्त्री देउवाले राष्ट्रपतिलाई १६ करोडको गाडी खरिद गर्ने प्रस्ताव नआएको र सिंहदरबारभित्र १० करोडको फोहोर व्यवस्थापन केन्द्र स्थापना गर्नबारे आफूलाई थाहा नभएको जानकारी दिनुभएको थियो।

मतदातालाई एमालेको धन्यवाद

# १५ दिनभित्र प्रतिवेदन पठाउन निर्देशन

काठमाडौं, (नेस)

प्रमुख विपक्षी नेकपा एमालेले आफ्नो पार्टीलाई स्थानीय चुनावमा पहिलो बनाउने सबैमा धन्यवाद दिएको छ।

सो पार्टीका अध्यक्ष केपी शर्मा ओलीको अध्यक्षतामा सोमबार बसेको ६९औं स्थायी कमिटी बैठकपछि सचिव प्रदीप ज्ञवालीद्वारा जारी गरिएको वक्तव्यमा भनिएको छ- 'असार १४ गते सम्पन्न दोस्रो चरणको स्थानीय तह निर्वाचनमा सत्ता गठबन्धनद्वारा भएको राज्यशक्तिको चरम दुरुपयोग, हाम्रो पार्टीविरुद्धको चौतर्फी घेराबन्दी र अनेकौं प्रतिकूलताका बावजुद नेकपा एमाले पहिलो शक्तिको रूपमा स्थापित हुन सकेकोमा पार्टी सन्तोष व्यक्त गर्दछ।

पार्टीलाई यस स्थानमा पुऱ्याउने सम्पूर्ण मतदाताहरूमा आभार व्यक्त गर्दै निर्वाचित जनप्रतिनिधिहरूलाई हार्दिक बधाई ज्ञापन गर्दछ र निर्वाचन सम्पन्न गर्न भूमिका निर्वाह गर्ने निर्वाचन आयोग, राष्ट्रसेवकहरू, सुरक्षा निकाय एवं सञ्चारमाध्यमहरूलाई धन्यवाद ज्ञापन गर्दछ।

वक्तव्यमा अगाडि भनिएको छ- 'निर्वाचनमा प्राप्त सफलता र कतिपय ठाउँहरूमा भएका अनपेक्षित परिणामका समग्र समीक्षा गर्दै १५ दिनभित्र प्रतिवेदन पार्टी केन्द्रमा पठाउन निर्वाचन सम्पन्न भएका प्रदेशहरूका सम्बन्धित जिल्ला कमिटीहरूलाई निर्देशन गरिन्छ। आगामी असोज २ गतेका लागि तय गरिएको प्रदेश नम्बर २ को स्थानीय तह निर्वाचन निष्पक्ष, शान्तिपूर्ण, भयरहित र स्वच्छ वातावरणमा सम्पन्न गर्न सम्बन्धित सबै पक्षको ध्यानाकर्षण गराउँदै निर्वाचनको तयारीमा व्यवस्थित ढंगले लाग्न सम्बन्धित प्रदेश संगठन कमिटी र मातहत कमिटीहरूलाई निर्देशित गरिएको छ।

त्यस्तै सम्बन्धित जिल्ला कमिटीको सुझावका आधारमा जिल्ला समन्वय समितिका प्रमुख/उपप्रमुखहरूको नाम १५ दिनभित्र पार्टी केन्द्रमा सिफारिस गरी पठाउन प्रदेश संगठन कमिटीलाई निर्देशित गरिन्छ। जिल्ला समन्वय समितिका सदस्यहरूको हकमा सम्बन्धित जिल्ला कमिटीले नै निर्णय गर्नेछन् वक्तव्यमा भनिएको छ।

## संशोधन पारित हुन सक्दैन

'प्रतिनिधि सभा र प्रदेश सभा निर्वाचनको प्रयोजनका लागि यही साउन १ गतेदेखि मतदाता नामावली संकलन गर्ने सूचना निर्वाचन आयोगबाट जारी भएको सन्दर्भमा सोहीअनुसार योजनाबद्धरूपमा लाग्न मातहत कमिटीहरूलाई निर्देशित गरिन्छ', एमालेले भनेको छ- 'स्थानीय तह निर्वाचन सम्पन्न भएपछि मात्रै संविधान संशोधनको विषयमा छलफल गर्ने सहमतिविपरीत सत्ता गठबन्धनद्वारा पुन: संविधान संशोधनको चर्चा चलाएको विषयप्रति बैठकको गम्भीर ध्यानाकर्षण भएको छ।

प्रस्तावित संविधान संशोधन प्रस्ताव राष्ट्रिय हितविपरीत र अनुचित रहेको पार्टीको अडानलाई पुन: दोहोऱ्याउँदै बैठक उक्त प्रस्ताव पारित हुन नसक्ने स्पष्ट पार्न चाहन्छ।'

# महिलाको बेवारिसे शव फेला

गुल्मी, (नेस)

गुल्मी र बाग्लुङ सीमानामा नजिक बाग्लुङको पश्चिम बडिगाड गाउँपालिका-२ खर्वाङ बजारनजिकै वडिगाड नदी किनारमा बेवारिसे शव फेला परेको छ। सोमबार खोला किनारमा भेटिएको बेवारिसे शवको पहिचान हुनसकेको छैन।

स्थानीयले नदीमा तैरिएको अवस्थामा शव देखेपछि प्रहरीलाई खबर गरिएको थियो। शवको अनुसन्धानका लागि बाग्लुङ इलाका प्रहरी कार्यालय, हरिचौरबाट प्रहरी निरीक्षक अर्जुनध्वज अधिकारीको नेतृत्वमा आएको टोलीले शव खोलाबाट निकालेको थियो।

शवलाई प्रहरीले पोस्टमार्टमका लागि बाग्लुङको हटिया लगिएको प्रहरीले जनाएको छ। अधबैंसे महिलाको शव हत्या गरी फालिएको हुनसक्ने प्रारम्भिक अनुमान गरिएको छ। फेला परेको शवबारे थप अनुसन्धान शुरू गरिएको प्रहरीले जनाएको छ।

## सरकार !...

सडकको १ हजार ४ सय मिटरभित्रको दायाँ-बायाँ कालोपत्रे गर्ने जिम्मा प्रदीप कन्ट्रक्सनले लिएको छ। ठेकेदारले पानी परिरहेको बेला सडक कालोपत्रे गरेकाले हप्तादिनमै उप्किएको पनि कार्यालयले जनाएको छ।

कार्यालयका इन्जिनियर दीपेन्द्र विष्टले ठेकेदारले सडक राम्रो नबनाउँदासम्म सडकको मेजरमेन्ट पनि नहुने र रकम भुक्तानी पनि नदिने बताउनुभयो।

कन्ट्रक्सनले १ हजार ४ सय मिटर सडकको दाँया १ मिटर २० सेन्टिमिटर र बायाँ पनि १ मिटर २० सेन्टिमिटर कालोपत्रे गर्ने जिम्मा लिएको छ। ठेकेदारले असार १ गते सम्झौता गरेर कालोपत्रेको काम शुरु गरेको थियो। २९ लाख ४९ हजार रुपियाँको लागतमा निर्माण गर्न थालिएको सडकले असारे विकासको काम कत्तिको झारा टार्ने रुपमा हुन्छ भन्ने स्पस्ट पारेको छ। चौडा पारिएको सडकको कालोपत्रे फुटेर चिरा-चिरा परेको छ भने हिँड्दा पनि खुट्टामा टाँसिएर उप्किने गरेको स्थानीयले जनाएका छन्।

सवारीसाधन हिँडेको भागमा कालोपत्रे उप्किएर खाल्डो परेको छ। भत्किएको कालोपत्रेको तलपटिबाट बालुवा र माटो निस्किएको छ। सडक कालोपत्रेका नाममा ठेकेदारले गिट्टी बिछ्याएर अलकत्रा पोतेको स्थानीयले आरोप लगाएका छन्।

ठेकेदार र सडक कार्यालयको मिलेमतोमा गुणस्तरहीन काम भएको स्थानीयको आरोप छ। उनीहरूले ठेकेदारले मनोमानी ढंगले काम गर्दा पनि सडक कार्यालय मौन बस्नुले यो कुराको पुष्टि हुने उल्लेख गरेका छन्।

## कसरी...

स्थानीय तहको पहिलो निर्वाचनअघि नै संविधान संशोधन विधेयक पारित गराउनका लागि अन्तिम कसरत भए पनि राजपाका सांसद अनुपस्थित भएको कारण असफल भएको थियो।

सरकारले आगामी असोज २ गते प्रदेश नम्बर २ मा हुने स्थानीय तहको निर्वाचनअघि नै विधेयक पारित गर्ने तयारी गरेको छ। निर्वाचनमा सहभागी हुनका लागि राजपाले निर्वाचन आयोगमा दल दर्ता गरे पनि संविधान संशोधन विधेयक पारित नभएसम्म निर्वाचनमा भाग नलिने चेतावनी दिँदै आएको छ।

सरकार र राजपाका नेताहरूबीच एक साताभित्र विधेयक पारित गर्ने सहमति भएपनि दुई तिहाइ पुऱ्याउनका लागि आवश्यक बहुमत संख्या पुग्नसकेको छैन। नेपाली कांग्रेसका प्रमुख सचेतक चीनकाजी श्रेष्ठले भने संविधान संशोधन विधेयक पारित गराउनका लागि भाषण मात्र गरेर नहुने बताउनुभयो।

उहाँले नेपाल समाचारपत्रसँग भन्नुभयो- 'विधेयक पारित गराउनका लागि राजपासँग त सहमति भएको छ, एमालेसँग पनि त हुनुपऱ्यो नि।'

संविधान संशोधन विधेयकलाई सत्तापक्ष र प्रतिपक्षी दलले प्रतिष्ठाको विषय बनाएका छन्। सरकार यसपटक कुनै पनि हालतमा विधेयक पारित गराउने तयारीमा छ भने एमाले कुनै पनि हालतमा पारित हुन नदिने पक्षमा रहेको छ।

संविधान संशोधन विधेयक पारित हुन ३ सय ९८ जना संसद् चाहिन्छ। संविधान संशोधनका लागि संसद्मा दर्ता भएको विधेयक दुई तिहाइले पास गर्न अहिलेको गठबन्धनमा रहेका राष्ट्रिय प्रजातन्त्र पार्टी, राष्ट्रिय जनता पार्टी नेपाल, संघीय समाजवादी फोरम, लोकतान्त्रिक फोरम, नेपाली कांग्रेस र माओवादी केन्द्रका सांसद मात्रले पुग्दैन। संविधान संशोधन विधेयकको पक्षमा मतदान गर्ने कि नगर्ने भन्ने विषयमा राप्रपाले अहिलेसम्म कुनै औपचारिक निर्णय गरेको छैन।

अहिले संसद्मा कायम रहेका ५ सय ९७ सांसदमध्ये सत्तापक्षसँग ३ सय ८८ मात्र छन्। कुल ५ सय ९७ मा दुई तिहाइका लागि ३ सय ९८ सांसद आवश्यक पर्छ। सत्तापक्षले दुई तिहाइ पुऱ्याउन १० जना अरू सांसदको समर्थन जुटाउन सकेमात्र संविधान संशोधन विधेयक पारित हुन्छ।

संशोधन विधेयकको विपक्षमा नेकपा एमालेसहित १ सय ९८ सांसद छन्। जसमा एमाले १ सय ८१, माले ५, नेमकिपा ४, जनमोर्चा ३, परिवार दल २, बहुजन शक्ति १, बौद्धिक जनपरिषद् नेपाल १ र मधेस समता पार्टी १ छन्।

एमालले असहमति जनाए पनि केही साना दल पक्षमा आए संशोधनका लागि आवश्यक संख्या पुग्ने भने देखिन्छ। त्यसका लागि साना दल नेकपा माले ५, परिवार दल २, बहुजन शक्ति १, बौद्धिक जनपरिषद् १ र मधेस समता पार्टी १ लगायतलाई विधेयकको पक्षमा मनाउने तयारीमा सरकार लागेको छ। प्रधानमन्त्रीको सचिवालयका अनुसार बहुजन शक्ति र परिवार दलले विधेयकको पक्षमा मतदात गर्ने सैद्धान्तिक सहमति जनाइसकेका छन्।

३७ सांसद रहेको राप्रपा विधेयकको पक्षमा मतदान गर्ने विषयमा अझै स्पष्ट हुनसकेको छैन। यसअघि संसद् बैठकमा विधेयक पास गर्ने कार्यतालिका भएका बेला राप्रपाका १५ सांसद गायब भएका थिए।

प्रधानमन्त्री देउवाले संसद्मा प्रधानमन्त्रीको निर्वाचन हुनुपूर्व संविधान संशोधन विधेयक पारित गर्नु आफ्नो मुख्य काम हुने बताउनुभएको थियो। तर, सत्ता पक्षसँग दुई तिहाइका लागि आवश्यक संख्या नहुँदा बहुमत पुऱ्याउन दौडधुप शुरु भएको छ।

निर्णायक शक्ति मानिएको राप्रपाले भने संविधान सशोधन विधेयक पारित गर्नका लागि एमालेलाई पनि सहमतिमा ल्याउनुपर्ने अडान लिएको छ। राप्रपाका नेता दिलनाथ गिरीले आफ्नो पार्टी समस्या समाधान गर्न गम्भीर रहेको बताउँदै कर्मकाण्डी संशोधनले समस्याको समाधान नहुने बताउनुभयो।

उहाँले नेपाल समाचारपत्रसँग भन्नुभयो- 'संविधान जारी गर्न मिलेका तीन दल अहिले किन मिल्न सक्दैनन्? विधेयक पारित गराउका लागि एमालेलाई सहमतिमा ल्याउनुपर्छ।'

तीन दलबाट सिर्जना भएको समस्या तीन दलकै सहमतिबाट समाधान गर्नुपर्नेमा राप्रपाले जोड दिँदै आएको छ। नेपालको हित र समृद्धिका लागि संविधान कार्यान्वयन गर्न आवश्यक रहेको बताउँदै नेता गिरीले सबै राजनीतिक दलहरू जिम्मेवार बन्नुपर्ने बताउनुभयो। 'सबै सहमत भए संविधान संशोधन विधेयकको पक्षमा मतदान गर्छौं', नेता गिरीले भन्नुभयो- 'सरकारले गरेको प्रतिबद्धताअनुसार समस्या समाधान गर्नुपर्छ।' राप्रपा सरकारमा सहभागी हुन्छ कि हुँदैन भन्ने जिज्ञाशामा उहाँले सम्मानजक सहभागिता हुनुपर्ने बताउनुभयो।

उहाँले भन्नुभयो- 'संविधान कार्यान्वयन र समस्या समाधान गर्नका लागि सरकारलाई मतदान गरेका हौं, अपमानित र खेताला हुनकै लागि सरकारमा सहभागी हुँदैनौं।'

राजपाका नेता महेन्द्र राय यादवले केही दिनभित्र नै संविधान संशोधन विधेयक पारित हुनेमा आशावादी रहेको बताउनुभयो। उहाँले नेपाल समाचारपत्रसँग भन्नुभयो- 'सरकारले यस पटक कुनै पनि हालतमा पास गराउँछौं भनेको छ, हामी निकै आशावादी छौं, मूलुकलाई निकास दिनका लागि विधेयक पारित गर्नुपर्छ।'

## सतर्क...

नवलपरासीदेखि बाँकेसम्मका विनय, अरुण, तिनाउ, वाणगंगा, झिन्झरी, प्रबासोतानाला, डुण्डुवा आसपासका खोला/नदी तटीय आसपासका क्षेत्रमा पनि बाढीको उस्तै जोखिम रहेको शाखा प्रमुख राजेन्द्र शर्माले बताउनुभयो।

उल्लेखित क्षेत्रमा बाढीको जोखिम बढेपछि त्यस्तो सूचना गृह मन्त्रालय मातहतको राष्ट्रिय आपत्कालीन कार्य सञ्चालन केन्द्र र सम्बन्धित जिल्ला प्रशासन कार्यालयलगायतका निकायलाई अवगत गराइएको उहाँले जानकारी दिनुभयो।

'मध्य तराई र पश्चिमी तराईका नदी तटीय क्षेत्र आसपासका बस्ती र सडक सञ्जाल र अन्य संरचना यति बेला उच्च जोखिममा रहेकाले सतर्कता अपनाउन आग्रह गरिएको हो, सम्बन्धित निकायलाई जानकारी गराइसकेका छौं' -शर्माले नेपाल समाचारपत्रसँग भन्नुभयो। शर्माका अनुसार सोमबार कपिलवस्तुको बाणगंगा आसपास र नारायणी नदीले खतराको तह पार गरेको छ।

कुनै पनि नदी तटीय क्षेत्र आसपासमा २४ घण्टाभित्र १ सय ४० मिलिमिटर वर्षा भएको खण्डमा खतराको तह नाघेको बताउने शाखाले उच्च सतर्कताका लागि आग्रह गर्दै आएको छ। नारायणीको माथिल्लो तटीय क्षेत्रमा सोमबार साँझसम्ममा १ सय ८० मिलिमिटर वर्षा भएको थियो भने बाणगंगा आसपासमा १ सय ५४ मिलिमिटर वर्षा भएको तथ्यांक छ।

जल तथा मौसम पूर्वानुमान महाशाखाका अनुसार मनसुनी न्यून चापीय रेखा (वर्षा सक्रिय बनाउने प्रणाली) आइतबारदेखि नेपालतर्फ सरेकाले झरी मुलुकका अधिकांश भेगमा जारी रहनेछ।

आज मंगलबार मुलुकका अधिकांश भेगमा वर्षाको प्रभाव रहने र तुलनात्मकरूपमा पूर्वी र पश्चिमी तराई क्षेत्रमा केही बढी वर्षा हुने मौसमविद्हरूले जनाएका छन्। भोलि बुधबारसम्म पनि धेरै स्थानको मौसम पूर्णरूपमा खुल्ने सम्भावना नरहेको महाशाखाका मौसमविद् वरुण पौडेलले बताउनुभयो।

## बनाउँदै...

काठमाडौं उपत्यकामा सडक समस्या सर्वसाधारणलगायत सम्बन्धित निकायको पनि टाउको दु:खाइको विषय बनिरहेको छ। एउटा निकायले काम गर्दा अर्कोसँग समन्वयन नै नगर्ने र दीर्घकालीन योजनाका बारेमा छलफल नगरी आफूखुसी काम गर्ने गरेका छन्। मध्यमाञ्चल क्षेत्रीय सडक निर्देशनालयका निर्देशक शिवहरि सापकोटा भने वर्षामा हिलो र हिउँदमा धूलोले पीडित बन्ने राजधानीबासीको समस्या सरकारका विभिन्न निकायहरूबीच दीर्घकालीन सोचका साथ समन्वय रहने र दृढ इच्छाशक्ति हुने हो भने असम्भव नरहेको बताउनुहुन्छ। नेपाल समाचारपत्रसँग कुरा गर्दै निर्देशक सापकोटाले भन्नुभयो- 'सबै निकायहरूलाई समेट्ने गरी निर्देशन प्रणाली बनाउने र त्यसलाई सबैले मान्ने संस्कार विकास गर्न आवश्यक छ। अहिले सडक बनाउने काम मात्रै विभिन्न ६ वटा सरकारी निकायहरूले गरिरहेका छन। इन्जिनियरिङमा असम्भव भन्ने केही हुँदैन तर कार्ययोजनामा एकरूपता र दीर्घकालीन सोचको जरुरत छ।'

निर्देशक सापकोटाले अहिले आफू दिन बिराएर अनुगमनमा जाने गरेको र सडकमा कुनै समस्या आउनेबित्तिकै समाधानका लागि काम शुरु गर्न निर्देशन दिने गरेको बताउनुभयो। 'सडकमुनि कहाँनेरी ढलको पाइप छ कहाँनेर खानेपानीको पाइप छ, कहाँ तारहरू बिच्छाइएका छन भन्ने कुरा अर्कोले खनेर बिगारिसकेपछि मात्र थाहा हुन्थ्यो तर अहिले सडकको यथार्थ जानकारी सबै सरोकारवाला निकायलाई दिन शुरु गरिएको छ।'

असारे विकास रोक्न डिभिजन सडक कार्यालय र सडक विस्तार आयोजनाहरूलाई कालोपत्रे गर्ने र वर्षाले बिग्रिने काम नगर्न निर्देशन दिएको सापकोटाले बताउनुभयो। 'निर्देशनालयले वर्षात्को समय शुरु भइसकेको हुँदा असार महिनामा सडक कालोपत्रेलगायत वर्षाबाट असर पार्नेबाहेकका निर्माण कार्यहरू गरी त्यसअन्तर्गतका सडकहरूमा यातायात सुचारु गर्न गराउन निर्देशन दिएको छ। निर्माणाधीन सडकमा हिलो भई सर्वसाधारणलाई अप्ठेरो नपर्ने गरी ग्राभेलिङलगायतका कार्य गरी सडकलाई दुरुस्त राख्न निर्देशन दिएको हौं' -सापकोटाले भन्नुभयो।

काठमाडौं उपत्यकामा शहरी सडक र अन्य रणनीतिक सडकको मर्मतसम्भार गर्ने उद्देश्यका साथ स्थापना भएका ४ वटा सडक डिभिजन कार्यालय छन्। त्यसबाहेक बढी ट्राफिक चाप हुने र १४ मिटरभन्दा बढी फराकिलो बनाउनुपर्ने सडक विस्तारको काम काठमाडौं उपत्यका सडक सुधार तथा विस्तार आयोजनाले गरिरहेको छ। यी सबै निकायहरूले एकै समयमा बजेट नपाउने र जुन निकायले जतिखेर बजेट पायो अर्को निकायलाई नसोधिकन आफ्ना योजना निर्माण थाल्छन्। तर, आयोजनाहरूको प्रभावकारी कार्यान्वयन र सहकार्यका लागि विद्युत् प्राधिकरण, टेलिकमलगायत खानेपानीदेखि काठमाडौं विकास प्राधिकरणसम्मका निकायहरू रहेको समन्वय समिति क्रियाशील छ।

मध्यमाञ्चल क्षेत्रीय निर्देशनालयले असार १३ गते जारी गरेको परिपत्रमा डिभिजन सडक कार्यालयहरू काठमाडौं १, २, ललितपुर, भक्तपुर, नुवाकोट, हेटौंडा, भरतपुर, जनकपुर, खुर्कोट र चन्द्र निगाहपुरलाई कालोपत्रेलगायत वर्षात्ले असर गर्ने कुनै पनि काम नगर्न निर्देशन दिइएको छ। त्यस्तै सूर्यविनायक-धुलिखेल, धुलिखेल-सिन्धुली बर्दिवास सडक आयोजना, काठमाडौं सडक विस्तार आयोजना, कान्ति लोकपथ सडक आयोजना, धरान-चतरा-गाईघाट-कटारी-सिन्धुली बजार-हेटौंडा, थानकोट चित्लाङ सडक आयोजना, व्यापारिक मार्ग विस्तार आयोजना महोत्तरी र बारालाई यस्तो निदेशन दिइएको हो।

निर्देशनालयअन्तर्गत धेरैवटा रणनीतिक सडक आयोजना भए पनि काठमाडौं छिर्ने नाकालाई २४सै घण्टा सुचारू राख्न प्राथमिकताका साथ काम गरिरहेको सापकोटा बताउनुहुन्छ। 'मानिस काठमाडौं भित्रिने प्रमुख २ वटा प्रवेशमार्ग त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल र पृथ्वी राजमार्ग हुन्। हामी उपत्यका छिर्ने नाका राजमार्गलाई सुचारु बनाउन, गुणस्तर वृद्धि गर्न हरसम्भव प्रयास गरिरहेका छौं' -उहाँको भनाइ छ।

निर्देशनालयका प्रवक्ता तथा सिनियर डिभिजन इन्जिनियर प्रदीप श्रेष्ठले असारमा १० प्रतिशतभन्दा कम निर्माणको काम बाँकी रहेका ठाउँमा मात्र कालोपत्रे गरिने बताउनुभयो। 'ठेकेदार कम्पनीहरूको कामको अनुगमनमा हामी दैनिकरूपमा गइरहेका छौं र अहिले १० प्रतिशत काम बाँकी रहेका ठाँउमा बाहेक कतै अपनि कालोपत्रे भएको छैन।' श्रेष्ठले माघ फागुनदेखि काम गरेको पनि ठेकेदारले असारमा भुक्तानी माग्ने गरेका कारण आर्थिक वर्षको अन्तिममा विकास खर्च बढी देखिने गरेको बताउनुभयो। यस वर्ष चुनावका कारण चैतपछि बजेट निकासा हुन नसकेका कारणले पनि असारमा भुक्तानी बढी देखिने श्रेष्ठको तर्क छ। आयोजनामा लगानी स्रोतको पहिले नै निश्चितता नहुँदा प्रत्येक आर्थिक वर्षमा जति रकम छुट्टियो त्यतिको काम गर्ने गरिएको र बजेटको पूर्वतयारीसमेतले पनि आयोजना अघि बढाउन गाह्रो पर्ने गरेको अनुभव श्रेष्ठको छ।

# डुबेर बालकको मृत्यु

भद्रपुर, (नेस)

झापाको भद्रपुरमा एक बालकको डुबेर मृत्यु भएको छ।

मेचीनगर १५ ज्यामिरगढी बस्ने वर्ष ११ वर्षीय निशान इजम (लिम्बु) को खोलामा डुबेर मृत्यु भएको जिल्ला प्रहरी कार्यालय झापाले जनाएको छ।

भद्रपुर ८ स्थित सुकुम्बासी बस्ती नजिकैको खोलामा पौडी खेल्न गएका बालक लिम्बु असार २४ गतेदेखि बेपत्ता भएका थिए। बेपत्ता भएका लिम्बुको सोमबार बिहान मेची नदीकिनारमा मृत अवस्थामा फेला परेको प्रहरीले जनाएको छ। मृतक बालकको स्थानीय घर ज्यामिरगढी रहे पनि विगतकेही वर्षदेखि भद्रपुर ८ बस्ने बाजे कर्णवीर राईको घरमा बस्दै आएका थिए।

नेपाल सरकार
शहरी विकास मन्त्रालय
शहरी विकास तथा भवन निर्माण विभाग
डिभिजन कार्यालय, धनकुटा

**बोलपत्र स्वीकृत गर्ने आशयको सूचना**

**सूचना प्रकाशन मिति : २०७४/०३/२७**

यस कार्यालयको मिति २०७३/१२/२६ मा प्रकाशित सूचना अनुसार दर्ता हुन आएका बोलपत्रहरूमध्ये निम्नानुसार बोलपत्रदाताको बोलपत्र मूल्यांकित सारभूत रुपमा प्रभावग्राही भई स्वीकृतिको लागि छनौट भएको हुँदा सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ को उपदफा २ को प्रयोजनार्थ सम्बन्धित बोलपत्रदाताहरूको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

| सि. नं. | आयोजना नं. | कामको विवरण | छनौट भएको बोलपत्रदाताहरुको नाम र ठेगाना | कबोल अंक रु. (मु.अ. कर बाहेक) |
|---|---|---|---|---|
| १ | DUDBC/Dhankuta/NCB/Works/02/073-74 | Construction of Deurali H.P. Building, Bhojpur | एन.बि. कन्स्ट्रक्शन प्रा.लि., काठमाण्डौ | १,८७,६१,८११।२५ |
| २ | DUDBC/Dhankuta/NCB/Works/04/073-74 | Construction of Annapurna H.P. Building, Bhojpur | मार्सेली-तारा जे.भी., भोजपुर | १,५७,९२,९६२।२६ |
| ३ | DUDBC/Dhankuta/NCB/Works/05/073-74 | Construction of Amtek H.P. Building, Bhojpur | कार्कीबन्धु/अमर जे.भी., विराटनगर | १,७९,४५,६८९।७९ |
| ४ | DUDBC/Dhankuta/NCB/Works/07/073-74 | Construction of Jarayotar H.P. Building, Bhojpur | मार्सेली-तारा जे.भी., भोजपुर | १,३४,१६,५०१।३१ |
| ५ | DUDBC/Dhankuta/NCB/Works/08/073-74 | Construction of Malta H.P. Building, Sankhuwasabha | याक्थुम्हाङ/एस.ए.एस. जे.भी., फिदिम, पाँचथर | १,६४,३६,४९०।६४ |

- डिभिजन प्रमुख

Government of Nepal
Ministry of Urban Development
Department of Urban Development & Building Construction

# Division Office Parsa, Birgunj

## Invitation for Bids (IFB)

### Invitation for for Sealed Bids No: 02/073/74/DUDBC/PARSA

**First Date of Publication: 2074/03/27 B.S. (11 July, 2017 A.D.)**

1. Government of Nepal has allocated funds towards the cost of construction of the works mentioned in the table below and intends to apply part of the funds to cover eligible payments under the contract for **02/073/74/DUDBC/PARSA** and some of the qualification criteria are mentioned below though the details are in the bidding documents.

| S. N. | Contract No. | Description of Works | Specific Nature of Similar Work Experience | Annual Average Turnover (NRs.) | Bid Security Amount (NRs.) | Cost of Bidding Document (NRs.) | Remarks (Estimated Amount) |
|---|---|---|---|---|---|---|---|
| 1 | DUDBC/Parsa/ NCB/Works/ 03/073/74 | Construction of 2 family Doctor's Quarter Building at Chandranigahapur, Rautahat | - | - | 200000 | 3000 | NRs68,30,991.90 (Excluding VAT), Single Stage, One Envelope Bidding Procedure |
| 2 | DUDBC/Parsa/ NCB/Works/ 04/073/74 | Construction of Four Family Doctor's Quarter Building at Kalaiya Hospital, Bara | - | - | 350000 | 3000 | NRs. 1,17,92,127.61 (Excluding VAT), Single Stage, One Envelope Bidding Procedure |
| 3 | DUDBC/Parsa/ NCB/Works/ 05/073/74 | Construction of Two Family A.Na.Mi. Quarter Building, Langadi Health Post, Parsa | - | - | 300000 | 3000 | NRs. 10031017.95 (Excluding VAT), Single Stage, One Envelope Bidding Procedure |
| 4 | DUDBC/Parsa/ NCB/Works/ 06/073/74 | Construction of Four Family Staff Quarter Building at Rajpur Pharhadwa PHC, Rautahat | - | - | 320000 | 3000 | NRs. 1,06,85,620,13 (Excluding VAT), Single Stage, One Envelope Bidding Procedure |
| 5 | DUDBC/Parsa/ NCB/Works/ 07/073/74 | Construction of Laukaha Health Post Building, Rautahat | at least one building work with a value of NRs. 22500000 in a single contract. | 28000000 | 980000 | 5000 | Single Stage Two Envelope Bidding Procedure |
| 6 | DUDBC/Parsa/ NCB/Works/ 08/073/74 | Construction of Sarmajuwa Health Post Building, Rautahat | at least one building work with a value of NRs. 18500000 in a single contract. | 23000000 | 750000 | 5000 | Single Stage Two Envelope Bidding Procedure |
| 7 | DUDBC/Parsa/ NCB/Works/ 09/073/74 | Construction of Inarwamal Health Post Building, Bara | at least one building work with a value of NRs. 19900000 in a single contract. | 24800000 | 850000 | 5000 | Single Stage Two Envelope Bidding Procedure |
| 8 | DUDBC/Parsa/ NCB/Works/ 10/073/74 | Construction of Ratanpuri Health Post Building, Bara | at least one building work with a value of NRs. 19900000 in a single contract. | 24900000 | 850000 | 5000 | Single Stage Two Envelope Bidding Procedure |

2. Department of Urban Development and Building Construction, Division Office Parsa invites sealed bids or electronic bids from eligible bidders for the construction of above mentioned works under National Competitive Bidding – Two Envelope Bidding procedures. Under the Single-Stage, Two Envelope Procedure, Bidders are required to submit simultaneously two sealed envelopes, (i) One sealed envelope containing the technical Bid and labelled "Technical Proposal" and, (ii) The other sealed envelope containing Price Bid only and labelled as "Price Bid". Both in turn enclosed in one sealed envelope as per the provision included in ITB 21 of Bid Document. The "Letter of Technical Bid" submitted with Technical Bid, and the "Letter of Price Bid" submitted with Price Bid in separately sealed envelopes must be signed by authorized signatory, failure to which may be the ground for declaring the bid non-responsive.
   Only eligible bidders should participate in this bidding.
3. Maximum number of JV Partners shall be three only, compliance requirement for each partner of JV=25% of the requirement, compliance requirement for the lead partner of JV=40% of the requirement.
4. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at the office of Department of Urban Development and Building Construction, Division Office Parsa or may visit DUDBC web portal **www.edudbc.gov.np.**
5. A complete set of Bidding Documents may be purchased from the office Department of Urban Development and Building Construction, Division Office Parsa by eligible Bidders on the submission of a written application, along with the copy of company/firm registration certificate, and upon payment of a non-refundable fee of above mentioned amount till 30th day of notice publication during office hours (i.e., **2074/04/25 B.S.**).If so requested, the Bidding Documents can also be sent by post/courier services upon payment of additional cost of NRs. 2000.00. However, the Employer will not be responsible for delay or non-delivery of the documents so sent.
   **or**
   Bidder who chooses to submit their bid electronically may download the bidding documents for e-submission from DUDBC's web portal www.edudbc.gov.np. Bidders, submitting their bid electronically, should deposit the cost (as specified above) of bidding document in the Project's Rajaswa (revenue) account as specified below and the scanned copy (PDF format) of the Bank deposit voucher shall be uploaded by the bidder at the time of electronic submission of the bids.
   **Information to deposit the cost of bidding document in Bank:**
   Name of the Bank: Nepal Rastra Bank, Birgunj, Parsa, Nepal
   Name of Office: Department of Urban Development and Building Construction, Division Office Parsa
   Office Code No.: 34-347-01 Office's Account No.: Ka 11999 Rajaswa (Revenue) Shirshak No: 14227
6. The date of bid opening.Pre-bid meeting shall be held at DUDBC, Division Office Parsa on the 21st day from the day of notice publication (i.e., **2074/4/16 B.S.**) at 13:00 hours.
7. Sealed or Electronic bids must be submitted to the office DUDBC, Division Office Parsa by hand/courier or through DUDBC web portal www.edudbc.gov.np on or before 12:00hours of 31st day of notice publication (i.e., **2074/04/26 B.S.**). Bids received after this deadline will be rejected. The Technical bids will be opened in the presence of Bidders' representatives who choose to attend at 14:00 hours on 31st day of notice publication (i.e., **2074/04/26 B.S.**) at the office of DUDBC, Division Office Parsa. Bids must be valid for a period of 90 days after bid opening and must be accompanied by a bid security or scanned copy of the bid security in PDF format in case of e-bid, amounting to a minimum of as specified above which shall be valid for 120 days (30 days beyond the validity period of the bid) from the last date of bid submission.
   Bids must be accompanied by a **Bid Security** of minimum amount specified either in the form of bank voucher confirming cash deposit in deposit account no 1701200-001-002-524 , Kosh tatha Lekha niyantrak karyalay Dharauti khata, Nepal Rastra Bank , as specified above or a bid security (unconditional bank guarantee) issued by **"A" Class commercial Bank as approved by Nepal Rastra Bank**.
8. Bidders who choose to submit the bid by e-bidding system must submit the original complete bid (hard copy) at the DUDBC, Division Office Parsa within seven days of last date and time of bid submission. None submission of those documents within that time shall be considered as non-responsive and may cause forfeiture of Bid Security.
9. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such a case, the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.
10. Bidders may withdraw or modify its bids by sending a written notice in a sealed envelope, duly signed by an authorized representative, and shall include a copy of the authorization in accordance with ITB 20.2 before 24 hours prior to the deadline of submission of bids. Bidder may submit modification or withdrawal prior to the deadline prescribed for submission of bid through e-GP system by using the forms and instructions provided by the system. Once a bid is withdrawn, bidder will not be able to submit another bid response for the same bid.
11. After the completion of evaluation of Technical Bid which are substantially responsive evaluated bidders, will be invited to attend the opening of Price Bids. The date, time and location of opening of Price Bid shall be notified in writing and/or published in national daily.
12. Bidders shall quote item rates exclusive of VAT in BOQ in figure as well as in words.Bids Without total bid price shall be considered non responsive and shall be rejected. In case of discrepancies of rates in figures and words; rates quoted in words shall govern. Bidders are advised to visit site and assess the actual site conditions before submitting their bid.
13. Other mandatory information as per Public Procurement Act 2063 (Amended) and Public Procurement Regulation 2064 (Amended).

**Employer Address:**
The Employer is : DUDBC, Division Office, Parsa, Nepal
Street Address : Birgunj Metropolitan city Ward No.- 9
Telephone : +977-051-522215, 527870
Email address : **dudbcParsa@gmail.com**

Attention : Division Chief
Floor/Room number : First floor
Facsimile number : +977-051-522215
Website : **www.edudbc.gov.np**

**Division Chief**

नेपालको नं. 1 मारुती सिमेन्ट
हामी बनाउँदैछौं नेपाललाई...

JAGDAMBA STEEL
देशको मेरुदण्ड
बिक्री मूल्य रु. प्रति किलोग्राम

| स्थानहरु / साइज | JAGDAMBA E ८ एम.एम. | १०-२० एम.एम. | २५ एम.एम. | २८-३२ एम.एम. |
|---|---|---|---|---|
| काठमाडौं | ७६ | ७३ | ७६ | ७६ |
| सिमरा, बिरगंज, कलैया | ७४/४० | ७१/४० | ७४/४० | ७४/४० |
| मलंगवा, जनकपुर, नारायणघाट | ७५/४० | ७२/४० | ७५/४० | ७५/४० |
| लाहान, विराटनगर, धरान, इटहरी | ७६/९५ | ७३/९५ | ७६/९५ | ७६/९५ |
| विर्तामोड, दमक, बुटवल, भैरहवा, कृष्णनगर | ७५/१० | ७२/१० | ७५/१० | ७५/१० |
| पोखरा, स्याङ्जा | ७५/६० | ७२/६० | ७५/६० | ७५/६० |

नोट : उपरोक्त मूल्यमा १ रुपैयाँ प्रति के.जी. अन्तशुल्क र १३% मु.अ. कर थप लाग्नेछ ।
JAGDAMBA E Fe 500 NS:191
EARTHQUAKE RESISTANT REBAR
नेपालको सबैभन्दा विश्वसनीय भुकम्प प्रतिरोधक छड ।

ज्योति हिमाल स्टील आजको भाउ

| | टोरस्टिल ८ मि.मि. | टोरस्टिल १०-२० मि.मि. | टोरस्टिल २५-३२ मि.मि. | टि. एम. टि. टेम्पकोर ८ मि.मि | टि. एम. टि. टेम्पकोर १०-२० मि.मि | टि. एम. टि. टेम्पकोर २५-३२ मि.मि. | टोरकारी ४.७५-७ मि.मि. | एनिल्ड |
|---|---|---|---|---|---|---|---|---|
| काठमाडौं | ७७.८५ | ७६.८५ | ७९.३५ | ७८.३५ | ७५.३५ | ७७.८५ | ७७.६५ | ८७.२२ |
| बीरगंज | ७५.९५ | ७४.९५ | ७७.४४ | ७६.४५ | ७३.४५ | ७५.९४ | ७५.७५ | ८५.४२ |
| विराटनगर | ७६.४५ | ७५.४५ | ७७.९४ | ७६.९५ | ७३.९५ | ७६.४४ | ७६.२५ | ८६.०२ |

• अन्त: शुल्क/भ्याट बाहेक प्रति किलो मूल्य • ५०० के.जी. माथि नेपालभरि फ्रि होम डेलिभरी
• अन्य ठाउँको मूल्य नजीकको डिपोबाट लिनु होला । तौलमा हुक र चुरा समावेश छ ।

2017, JULY
Tuesday
11

## सेञ्चुरी बैंकको शाखा रहित बैंकिङ सेवा थप

काठमाडौं, (नेस)

सेञ्चुरी कमर्सियल बैंकले कबिलासी- ९ गैर, सर्लाहीबाट शाखारहित बैंकिङ सेवा शुरू गरेको छ।

बैंकले यसअघि भोजपुर, कैलाली, मोरङ, खोटाङ, रौतहट, कञ्चनपुर, बर्दिया र धनकुटा जिल्लाको विभिन्न १४ स्थानबाट शाखारहित बैंकिङ सेवा प्रदान गर्दै आएको छ।

बैंकले हाल ५३ वटा शाखा, ३४ वटा एटीएम, १५ वटा शाखारहित बैंकिङ र ५ वटा एक्सटेन्सन काउन्टरबाट सेवा प्रदान गर्दै आइरहेको छ। सगरमाथा फाइनान्स, अल्पाइन डेभलपमेन्ट बैंक तथा सेती फाइनान्सको प्राप्तिपश्चात् सेञ्चुरी बैंकको कुल शाखा संख्या ९० वटा हुनेछ।

आयो है गाईजात्रे तन्त्र



आयो हजुर आयो फेरि गाईजात्रे तन्त्र
आ-आफ्नो तालमा नाच्ने मनपरी मन्त्र।
सडक पूरै जाम पर्दैमा थोरै पानी
जति बजेट आएनि आफैं बाँडीचुँडी खानी।
मेलम्ची र सडक विस्तारलाई बहाना बनाई खाल्डैखाल्डो भयो शहर
धुलो र धूवाँ, खाल्डो र हिलो देशकै रोग भयो जनताको कहर।
देशैभरि अशान्ति छ, गर्नेलाई अझै छ उस्तै मस्ती
जनतालाई भने जो नै आए नि सधैं उस्तै सास्ती।
दोषीचाहिं छाती फुलाएर हिंड्ने निर्दोषलाई जेल
पिटेजस्तो रोएजस्तो कस्तो अनौठो खेल।
अराजकता र बेथितिले बाँध सबै फुट्यो
महँगीको ओखलमा जनता कुट्नु कुट्यो।
भूकम्प र पहिरोको पीडा भोग्नेलाई अझै छ कति सास्ती
डाडु बोक्ने र ठालु राहत र पुनर्निर्माणकै नाममा गर्दै छन् मस्ती।
दिनका दिन नारा लाउँदा बसिसक्यो गलो
संसद् भयो जनता झुक्याउने थलो।
पेटभरि खाना छैन, खाली खुट्टे यात्रा
हेर जनता नेतागणको हाँडी गाउँले जात्रा।
फेरि नि अहिले देऊ प्रधानमन्त्री मलाई अर्कोपालि तिम्रै भो कुर्सी
बाँदरको हातमा नरिवलजस्तो भयो देशकै गति।
देश विकास भन्दाभन्दै आमा भइन् बूढी
सत्ताको बाँडफाँडले सधैं उही लुछाचुँडी।
स्थानीय तह निर्वाचन कसैलाई मस्ती नै मस्ती
भाग नपाउनेलाई बहाना भो फेरि खेल्न कुस्ती।
विसंगति विकृतिको खोली हालौं पोको
गाईजात्रे कामनाको सधैं यही धोको।
व्यंग्य लेखक, कार्टुनिस्ट टुप्पी कसी बस
जनतामारा फटाहालाई जति सक्छौ घोच।
छोटो मीठो व्यंग्य लेख लेखौं सटिक व्यंग्य चित्र
यही साउन एक म्याद यसको पठाऊँ यहीभित्र।
हरेक साल उत्कृष्ट छ परारभन्दा पोहोर
बांगाटिंगा स्रष्टाले पाउलान् धेरै थोरै मोहोर।

कामना न्यूज पब्लिकेसन्स
कामना प्लाजा, भीमसेनस्थान, काठमाडौं
पो. ब. नं. २०४५
ईमेल : merokamana@gmail.com, kamana2041@yahoo.com

शेयर बजार ओरालो लागेसँगै कारोबार रकममा पनि कमी आएको छ। सोमबार बजारमा १ सय ५० कम्पनीका २८ लाख ६५ हजार ९२ कित्ता शेयर ६९ करोड ३५ लाख ९७ हजार ५ सय ४१ रुपियाँमा कारोबार भए।

# जीएसटीबारे बुझ्न नेपाली टोली भारतमा

**नेपाल समाचारपत्र**

काठमाडौं

भारतले लागू गरेको नयाँ कर प्रणाली जीएसटी तथा त्यसको प्रभाव विषयमा छलफल गर्न नेपालको एक उच्चस्तरीय टोली भारत गएको छ। भारत सरकारको निमन्त्रणामा वाणिज्य मन्त्रालयका सहसचिव रविशंकर सैंजुको संयोजकत्वमा एक टोली सोमबार नयाँदिल्लीका लागि उडेको हो।

भारतले नेपाल, भुटानलगायत छिमेकीलाई जीएसटीको कस्तो असर पर्छ भन्ने विषयमा छलफल गर्न नेपालसँगै छिमेकी पक्षलाई बोलाएको हो। भारतले छिमेकीलाई जीएसटी कस्तो नीति हो भन्ने विषयमा ब्रिफिङ गर्न बोलाएको वाणिज्य मन्त्रालयका सूचना अधिकारी रामकृष्ण अधिकारीले जानकारी दिनुभयो।

उहाँका अनुसार भ्रमण टोलीमा वाणिज्य, अर्थ, परराष्ट्र मन्त्रालय, भन्सार विभाग तथा निजी क्षेत्रका प्रतिनिधि रहेका छन्। नेपाल समाचारपत्रसँग कुरा गर्दै अधिकारीले भन्नुभयो-'नयाँ तथा एकीकृत प्रणाली एकाएक कार्यान्वयनमा ल्याइएकाले भारत सरकार अझै पनि यस विषयमा स्पष्ट नभएकाले छलफल गर्न बोलाएको हो।'

त्यस्तै परराष्ट्र मन्त्रालयले आफ्नो प्रतिनिधिसमेत रहने गरी एउटा टोली भारत प्रस्थान गरेको जनाएको छ। मन्त्रालयका प्रवक्ता भरतराज पौडेलले नेपाली टोली जीएसटीको असर अध्ययन गर्न मात्र गएको बताउनुभयो। माहोल बुझेर मात्र हामीलाई गाह्रो परेको कुरा भारतसमक्ष राख्न भनिएको उहाँले बताउनुभयो। उहाँले भन्नुभयो-'टोलीले आयात तथा निर्यातको विषयमा नेपालमा कस्तो प्रभाव पार्छ भन्ने अध्ययन गर्नेछ। त्यसपछि मात्र समस्या हल गर्न पहल गर्ने छ।'

यता नेपाल चेम्बर अफ कमर्सका अध्यक्ष राजेशकाजी श्रेष्ठले भारत तथा तेस्रो मुलुकबाट नेपाल भित्रिने वस्तुको मूल्यांकन गरेपछि मात्र यसको असर थाहा हुने बताउनुभएको छ। श्रेष्ठले भारतबाट तथा भारत हुँदै नेपाल भित्रिने वस्तु अझै नेपाल आइनसकेकाले यसले कस्तो असर पारेको छ भन्न नसकिने बताउनुभयो।

भारतले कार्यान्वनमा ल्याएको जीएसटी करको विषयमा सरकारको कस्तो धारणा छ भन्ने विषयमा व्यवसायी जान्न इच्छुक रहेको राष्ट्रिय व्यापार संघका सचिव वैकुण्ठ दाहालले बताउनुभयो। यस विषयमा सरकारले चाँडो निर्णय गर्नुपर्ने सबैको व्यापारीको माग रहेको उहाँले जानकारी दिनुभयो।

'सामान नेपाल नभित्रिँदा नजिकिँदै गरेको दशैं तिहारको मुखमा सामानको अभाव पर्न सक्ने खतरा छ। अहिलेसम्म सामान नेपाल आएको छैन। व्यापारीहरू पनि सामान लिन भन्सारसम्म लिन गएका छैनन्।' उहाँले बताउनुभयो।

त्यस्तै तेस्रो मुलुकबाट नेपाल भित्रिने सामानमा सरकारको मूल्यांकन समयसापेक्ष नभएकाले मूल्यांकन नमिलेर सामान नभित्रिएको हो।'

'सामान नेपाल नभित्रिँदा नजिकिँदै गरेको दशैं तिहारको मुखमा सामानको अभाव पर्न सक्ने खतरा छ। अहिलेसम्म सामान नेपाल आएको छैन। व्यापारीहरू पनि सामान लिन भन्सारसम्म लिन गएका छैनन्।'






# नेप्सेमा उतारचढाव

काठमाडौं, (नेस)

चालू आर्थिक वर्षको अन्तिम साताको दोस्रो दिन सोमबार नेप्से परिसूचकमा ८ दशमलव ९३ अंकको गिरावट आएको छ। मौद्रिक नीति आएको दिन आइतबार २ दशमलव शून्य ४ अंकले बढेको शेयर सोमबार फेरि ओरालो लागेको हो।

मौद्रिक नीति सार्वजनिक गरेको अर्को दिन बजारमा उतारचढाव देखियो। सोमबार १ हजार १ सय ८४ दशमलव १५ अंकबाट शुरु भएको बजार शुरूमा घटे पनि दिउँसो साढे १२ बजेपछि सुधारिएको थियो। सवा २ बजेपश्चात् बजार फेरि ओरालो लागेर १ हजार १ सय ७५ दशमलव २२ अंकमा पुगेर रोकिएको हो।

सोमबार 'क' वर्गका कम्पनीको कारोबार मापन गर्ने सेन्सेटिभ इन्डेक्स पनि २ दशमलव १३ अंकले घटेर ३ सय ३४ दशमलव ६२ को बिन्दुमा पुग्यो।

सोमबार शेयर बजार ओरालो लागेसँगै कारोबार रकममा पनि कमी आएको छ। सोमबार बजारमा १ सय ५० कम्पनीका २८ लाख ६५ हजार ९२ कित्ता शेयर ६९ करोड ३५ लाख ९७ हजार ५ सय ४१ रुपियाँमा कारोबार भए। कारोबार रकम आइतबारको तुलनामा ४३ करोड कम हो। आइतबार बजारमा १ अर्ब १२ करोड ६८ लाख रुपियाँभन्दा बढीको कारोबार भएको थियो।

सोमबार कारोबारमा आएका समूहमध्ये उत्पादन तथा प्रशोधन मुलकबाहेक सबै समूहमा रातो पोतिए। राष्ट्र बैंकले उत्पादनमुलक क्षेत्रलाई प्राथमिकतामा राखेर मौद्रिक नीति ल्याएको दोस्रो दिन सो समूहमा ५५ दशमलव ७५ अंकको सुधार देखियो।

सोमबार सबैभन्दा धेरै गिरावट बीमा समूहमा आयो। सोमबार बीमा समूह ५९ दशमलव ६३ अंकले घट्दा जलविद्युत् समूहको परिसूचक पनि १६ दशमलव ५३ अंकले घट्यो। त्यस्तै होटल, विकास बैंक बैंकिङ र वित्त समूह क्रमश: १५ दशमलव शून्य ८, ११ दशमलव ५४, ८ दशमलव ७५ र ३ दशमलव शून्य ७ अंकले घटे। अन्य समूहमा पनि ४ दशमलव शून्य ४ अंकको गिरावट आयो।

सोमबार सबैभन्दा धेरै कारोबार सोल्टी होटलको भयो। होटलका २ लाख ३ हजार ७ सय ७९ कित्ता शेयर कुल ७ करोड ३३ लाख ६५ हजार ६ सय ४१ रुपियाँमा कारोबार भए। कारोबार रकमका आधारमा सोमबार नेपाल लाइफ इन्स्योरेन्स कम्पनी र सेञ्चुरी कमर्सियल बैंक क्रमश: दोस्रो र तेस्रो स्थानमा रहे।

सोमबार वर्ल्ड मर्चेन्ट बैंकिङ एन्ड फाइनान्स लिमिटेडका लगानीकर्ताले सबैभन्दा धेरै कमाए। कम्पनीको शेयर मूल्य सर्वाधिक ८ दशमलव ३३ प्रतिशतले बढ्दा प्रोग्रसिभ फाइनान्सका लगानीकर्ताले सबैभन्दा धेरै शेयर मूल्यको ९५ दशमलव ६६ प्रतिशत गुमाए।

# बजेट पारित

काठमाडौं, (नेस)

व्यवस्थापिका संसदको सोमबारको बैठकले आर्थिक वर्ष २०७४/७५ का निम्ति विनियोजित बजेट बहुमतले पारित गरेको छ।

अर्थमन्त्री ज्ञानेन्द्रबहादुर कार्कीले विनियोजन विधेयक, २०७४ प संसदबाट पारितको गर्नका लागि पेश गर्नुभएको थियो। बैठकले आर्थिक विधेयक २०७४ माथि विचार गरियोस् भनी प्रस्तुत प्रस्तावलाई पनि स्वीकृत गरेको छ। सभामुख ओनसरी घर्तीले सो विधेयकमा असार २९ गते दफावार छलफल हुने घोषणा गर्नुभएको छ। साथै राष्ट्र ऋण उठाउने विधेयक, २०७४ लाई पनि बैठकले स्वीकृत गरेको छ। सरकारले गत जेठ १५ गते आगामी आर्थिक वर्षका निम्ति १२ खर्ब ७८ अर्ब ९९ करोड ४८ ४८ लाख ५५ हजार रुपियाँ बराबरको बजेट विनियोजन गरेको थियो।

# प्राचीन बस्तीका घरलाई प्राधिकरणको थप अनुदान

काठमाडौं, (नेस)

राष्ट्रिय पुनर्निर्माण प्राधिकरणले भूकम्पप्रभावित विभिन्न पुरातात्विक तथा पर्यटकीय महत्वका प्राचीन बस्तीको संरक्षण गर्न त्यस क्षेत्रमा बन्ने निजी आवासलाई थप ५० हजार रुपियाँ अनुदान दिनेलगायतका प्रोत्साहन प्रस्ताव अघि बढाएको छ। प्राधिकरणको कार्यकारी समितिको बैठकले काठमाडौं उपत्यकाभित्रका तीन र बाहिरका तीन गरी ६ वटा बस्तीमा प्राचीन स्वरूप झल्कने गरी पुनर्निर्माण गर्ने कार्यलाई प्रोत्साहन गर्न यस्तो प्रस्ताव गरेको हो।

प्राधिकरणले काठमाडौंको साँखु, ललितपुरका खोकना तथा बुंगमती तथा गोरखा रको गोरखा दरबार तथा संग्रहालय क्षेत्र, नुवाकोटको दरबार क्षेत्र एवम् दोलखाको भीमेश्वर मन्दिर वरिपरीको बजार क्षेत्रमा रहेका करिब तीन हजार निजी घरलाई प्राचीन स्वरूप झल्किने गरी कलात्मक बनाएर पुनर्निर्माण गर्ने गरी थप सहयोगको प्रस्ताव अघि सारेको हो।

यससम्बन्धी प्रस्ताव असार २८ गते बुधबार बस्ने निर्देशक समितिको बैठकमा प्रस्तुत हुनेछ र समितिबाट पारित भएपछि कार्यान्वयनमा जानेछ। खासगरी घरको अगाडिपट्टिको भाग प्राचीन स्वरूपमा निर्माण गराउन प्रोत्साहन गर्न प्राधिकरणले परम्परागत इंटा खरिदमा ५० हजार रूपैंयाा सहुलियत दिने योजना अघि सारेको छ। त्यस्तै प्राधिकरणले त्यसरी घर निर्माण गर्दा काठमा सहुलियत दिन तथा नक्सा पास नि:शुल्क गर्न स्थानीय तहलाई सिफारिस गर्ने व्यवस्था मिलाउन प्रस्ताव गरेको पनि छ।

# केबल तथा डीटीएच टिभी बन्द गर्ने चेतावनी

काठमाडौं, (नेस)

केबल टिभी व्यवसायीहरूले सरकारले विज्ञापन नीति, २०७३ लागू गरेमा साउनबाट सम्पूर्ण केबल तथा डीटीएच टिभी बन्द गर्ने चेतावनी दिएका छन्।

उक्त नीति नेपालको संविधान तथा राष्ट्रिय प्रसारण ऐन, २०४९ विपरीत रहेको भन्दै नेपाल केबल टेलिभिजन महासंघ, नेपाल केबल टेलिभिजन व्यवसायी महासंघ र डिस होम नेपालले संयुक्त विज्ञप्ति जारी गरेर यस्तो चेतावनी दिएका हुन्।

सरकारले लागू गर्ने तयारी गरेको विज्ञापनरहित क्लिन फिड नीति फिर्ता नभए प्रसारण हुँदै आएका सबै स-शुल्क, नि:शुल्क, स्वदेशी, विदेशी तथा स्थानीय केबल टिभीलगायत टेलिभिजन सेवा बन्द गर्ने घोषणा गरेका हुन्। भू-परिबेष्टिक र खुला सीमाना भएको मुलुकमा विदेशी डीटीएचको चोरी पैठारी हुन सक्ने र नेपाली डीटीएच कम्पनी तथा केबल कम्पनी धराशयी बन्ने र सोको कारणबाट नेपाली टेलिभिजन पनि प्राय: बन्द नै हुने अवस्था आएको उनीहरूको दाबी छ। नेपाली डीटीएच कम्पनी तथा केबल कम्पनीमा लगानी भएको अर्बौं रुपियाँ नोक्सानी हुने भएकाले विज्ञापनरहित नीति रद्द गर्न उनीहरूले माग गरेका हुन्।

# क्लिन फिडमा कुनै बहानाबाजी गर्न पाइन्न : मिडिया सोसाइटी

**नेपाल समाचारपत्र**

काठमाडौं

नेपाल मिडिया सोसाइटीले क्लिन फिड कार्यान्वयनमा कुनै बहानाबाजी नगर्न सम्बन्धित सबैलाइ आग्रह गरेको छ। नेपालमा प्रसारण हुने विदेशी च्यानलमा क्लिन फिड हुनुपर्ने आफ्नो सिधा तथा सरल मान्यता रहेको बताउँदै सोसाइटीले सरकारसँगको माग वा विरोधको नाममा नेपाली टेलिभिजन च्यानललाई लक्षित गरिनेजस्ता प्रचारबाजी गरिएकोमा दु:ख व्यक्त गरेको छ।

नेपाली बजारलाई लक्षित गरिएका सबै मिडिया र व्यापारिक क्रियाकलाप नेपाली भूमिमा नै हुनुपर्छ भन्ने बाहेक नेपाल मिडिया सोसाइटीको अर्को कुनै स्वार्थ र उद्धेश्य नभएको प्रेस विज्ञप्तिमा उल्लेख छ। सरकारले निर्णय गरिसकेको विषय कार्यान्वयनमा सघाउन यस्ता क्रियाकलाप तत्काल सच्चाउन सोसाइटीले सम्बन्धित पक्षसँग अनुरोध समेत गरेको छ।

सरकारको यो नीति तथा सोसाइटीको यो आग्रह कसैका विरुद्ध लक्षित नभएको विज्ञप्तिमा उल्लेख छ। सोसाइटीले प्रसारक, सेवा प्रदायक तथा वितरकका आ-आफ्ना सिमा तथा दायित्व रहेकोतर्फ सबैलाई सजग गराएको छ। सोसाइटीले ऐन, नियम वा सरकारी विभेदकारी रबैयाका विरुद्धको लडाईंमा सोसाइटी सदाझैं सहकार्य गर्न तयार रहेको विज्ञप्तिमा जनाइएको छ।

## सिटी एक्सप्रेसको नयाँ शाखा फुकुओकामा

काठमाडौं, (नेस)

जापानको फुकुओकामा सिटी एक्सप्रेस मनी ट्रन्सफरले सेवा विस्तार गरेको छ। कम्पनीका अध्यक्ष महेशकुमार श्रेष्ठले एक समारोहका बीच शाखा कार्यालयको उद्घाटन गर्नुभयो। सिटी एक्सप्रेसको उक्त शाखा हप्ताको सातै दिन बिहान ९ बजेदेखि बेलुका ८ बजेसम्म सञ्चालनमा आउनेछ। कम्पनीले शाखा सञ्चानलको अवसरमा यस महिनाभर नि:शुल्क रकम पठाउन पाउने व्यवस्थासमेत मिलाएको छ।

## एनएमबि बैंक र समितिभेज अस्पतालबीच सम्झौता

काठमाडौं, (नेस)

एनएमबि बैंकको अन्तर्राष्ट्रिय भिजा डलर कार्डका ग्राहकले अब थाइल्यान्डको बैंककस्थित समितिभेज अस्पतालमा उपचार गराउँदा विशेष परामर्श सेवासहित अस्पतालको सम्पूर्ण शुल्कमा पाँच प्रतिशत छुट पाउने भएका छन्। बैंकले समितिभेज अस्पतालका नेपालस्थित प्रतिनिधि स्पिडवे फ्रेइट सर्भिसेज प्रालिसाग छुट तथा परामर्श सेवाको सम्झौता गरेको हो।

सम्झौता बमोजिम एनएमबि बैंकका अन्तर्राष्ट्रिय भिजा डलर कार्डका ग्राहकले स्पिडवे फ्रेइट सर्भिसेज प्रालिबाट अस्पताल, यात्रा तथा बसाई सम्बन्धी जानकारी, डाक्टरसागको समय मिति मिलाउनको साथै उपचार खर्चमा समेत ५ प्रतिशतको छुट प्राप्त गर्न सक्नेछन्। ग्राहक लाभान्वित हुने गरी केही अत्तिरिक्त सुविधा दिने उद्देश्यले यो योजना ल्याएको बैंकले जनाएको छ।

# निगमको पेट्रोल भण्डारण क्षमता बढ्यो

काठमाडौं, (नेस)

नेपाल आयल निगमले पेट्रोलको भण्डारण क्षमता बढाएको छ। निगमले आइतबारदेखि १० दिनलाई धान्ने क्षमता बढाइएको हो। निगमले थानकोटस्थित डिपोमा मट्टीतेल ट्यांकीमा पेट्रोल हाल्ने भएपछि पेट्रोलको भण्डारण क्षमता बढेको हो। बजारमा मट्टीतेलको माग कम भएपछि प्रयोगमा नआएका २ वटा ट्यांकीमा पेट्रोल भण्डारका गर्न लागिएको निगमका प्रवक्ता सीताराम पोखरेलले जनाउनुभयो। ट्यांकी थपिएसागै ५ हजार ३ सय किलोलिटर पेट्रोल भण्डारण हुनेछ। किलोलिटरका २ वटा ट्यांकी निगमले थप गरेको हो। सो भारतको ट्यांक टेक एसिया कम्पनीको इन्जिनियर टोलीले ६ महिना लगाएर परिमार्जन गरेको थियो। जुन टंयाकीमा तेल हाल्दा बढदै जाने र कम हुँदा घट्ने बिशेषता रहेको पोखरेलले बताउनुभयो।

यसअघि निगमसँग ११ सय किलोलिटर पेट्रोल र ८ हजार किलोलिटर डिजेल भण्डारण गर्ने क्षमता थियो। थानकोटका ट्यांकी पूरा भर्न पाए आयात ठप्प हुँदा पनि १०/११ दिनको माग धान्न सकिने निगमको थानको ढिपो प्रमुख नेत्रप्रसाद काप्लेको भनाइ छ। हाल काठमाडौंलगायत आसपासमा दैनिक ५ लाख किलोलिटरभन्दा बढी पेट्रोलको माग रहेको निगमले जनाएको छ।

यसैबीच सरकारले कम्तीमा ९० दिनसम्मको माग धान्ने गरी पेट्रोलियम पदार्थ भण्डारणस्थल निर्माणको प्रक्रिया अगाडि बढाएको छ। व्यवस्थापिका-संसद्मा विनियोजन विधेयक, २०७४ अन्तर्गत उठेका प्रश्नको प्रधानमन्त्री शेरबहादुर देउवाको तर्फबाट जवाफ दिँदै उपप्रधान एवम् शिक्षामन्त्री गोपालमान श्रेष्ठले पेट्रोलियम पदार्थ भण्डारणको निर्माण प्रक्रिया अगाडि बढाइएको बताउनु भएको हो ।

सरकारले यसअघि नै मुलुकका विभिन्न सात स्थानमा पेट्रोलियम पदार्थको भण्डारणस्थल निर्माण गर्ने गरी काम शुरु गरिसकेको बताउँदै उहाँले भारतमा रोकिएका नेपाली ग्यास बुलेटलाई मुलुकमा भित्र्याउन कुटनीतिक प्रयास थालिएको जानकारीसमेत गर्नुभयो ।उपप्रधानमन्त्री श्रेष्ठले नेपाल खाद्य संस्थानमार्फत् कर्णाली अञ्चलमा उत्पादन भएका सिमी, बोडीजस्ता खाद्यान्नको काठमाडौंलगायतका विभिन्न शहरमा बिक्री वितरणको प्रक्रिया अगाडि बढाइएको जानकारीसमेत गराउनु भएको छ।

श्रेष्ठले मेलम्ची खानेपानी आयोजनालाई आगामी असोजसम्म सम्पन्न गराउने गरी कार्य शुरु भएको उल्लेख गर्दै लार्के र याङ्ग्रीकोसमेत पानी थप गर्ने कार्ययोजना बनाइएको उल्लेख गर्नुभयो ।


## हामा बहुउद्देश्यीय सहकारी संस्था लिमिटेड त्रिपुरेश्वर, काठमाडौंको कर्जा चुक्ता गर्ने ३५ दिने सूचना

तपसिलमा उल्लेखित कर्जावालाहरुले यस संस्थाबाट लिनु भएको कर्जाको सांवा, व्याज तथा हर्जाना समेतको रकम समयमा नबुझाई कर्जा लिदा गरेको शर्त बमोजिम कर्जा चुक्ता गर्न पटक पटक मौखिक एवं लिखित ताकेता गर्दा समेत कर्जा चुक्ता नगर्नु भएकोले यो सूचना प्रकाशित गरिएको छ। अत: यो सूचना प्रकाशित भएको मितिले बाटोको म्याद बाहेक ३५ दिन भित्र तिर्नु बुझाउनु पर्ने बाँकी सम्पूर्ण सांवा, व्याज र लाग्ने अन्य दै-दस्तुर समेत बुझाउन यस संस्थाको कार्यालयमा उपस्थित भई कर्जा चुक्ता गर्नुहोला र उक्त रकम तिरी बुझाई सकेको भए त्यसको प्रमाण पेश गर्नु होला। अन्यथा लेखिदिएको धितो लिलाम विक्री गरी असुल उपर गरिनेछ। सो बाट पनि अपुग भएमा ऋणी, धनजमानी दिने व्यक्ति समेतको घर घरानाबाट असुल उपर गरिने व्यहोरा अवगत गरांउदै सहकारी ऐन, २०४८ को दफा ३९ तथा सहकारी नियमावली २०४९ को नियम २५ अनुसार यो सूचना प्रकाशित गरिएको छ।

**तपशिल**

| क्र.सं | कर्जावालाको नाम र तिनपुस्ते | ठेगाना | धितो विवरण | व्यक्तिगत धनजमानी दिनेको नाम, ठेगाना र तिनपुस्ते |
|---|---|---|---|---|
| १. |  **गिता नेपाल पाण्डे**<br>**बाबु : दधि प्रसाद नेपाल**<br>**ससुरा : राम प्रसाद पाण्डे**<br>**पति : सुन्दर प्रसाद पाण्डे** | ल.पु.जि.वज्रवाराही न.पा. वडा नं.७ घर भै हाल मनमैजु-४ | ऋणीको नाममा मालपोत कार्यालय ललितपुरमा दर्ता श्रेस्ता कायम रहेको ललितपुर साविक हाल ठेचो ९क हाल बज्रवाराही न.पा. वडा नं.७ स्थित कि.नं. २०३६ को क्षे.फ.०-५-३-३ (१८८।७९व.मि.)जग्गा र सो जग्गामा बनेको २ तल्ले घर र मा.पो.का.चावहिलमा दर्ता श्रेस्ता कायम रहेको हाल का.जि. टोखा न.पा.वडा नं.९ साविक धापासि गा.वि.स.वडा नं.६ स्थित कि.नं.३३५ को क्षे.फ.२२२।५७ व.मि. र ऐ.ऐ.स्थित कि.नं.३३४ को क्षे.फ.२८२।१९ व.मी.जग्गा लिगलगापात समेत |  **सुन्दर प्रसाद पाण्डे**<br>**का.जि. मनमैजु वडा नं.४**<br>**बाजे : ताम्र प्रसाद पाण्डे**<br>**बाबु : राम प्रसाद पाण्डे**<br> **विजय लम्साल**<br>**का.म.न.पा.वडा नं.३४**<br>**बाजे : कृष्ण प्रसाद लम्साल**<br>**बाबु : केशव कुमार लम्साल** |
| २. |  **कृष्ण लाल श्रेष्ठ**<br>**बाजे : हर्ष बहादुर श्रेष्ठ**<br>**बाबु : बसन्त लाल श्रेष्ठ** | का.जि.का.म.न.पा. वडा नं.२१ भोटेबहाल | ऋणीको नाममा मालपोत कार्यालय डिल्लीबजारमा दर्ता श्रेष्ता कायम रहेका का.जि.का.म.न.पा.वडा नं.२१ स्थित कि.नं.२१०६ को क्षे.फ.०-१-३-२ जग्गा र सो जग्गामा बनेको ४१/२ तल्ले घर र लिगलगाापात समेत |  **मनोज लाल श्रेष्ठ**<br>**का.म.न.पा. वडा नं.२१ भोटेबहाल**<br>**बाजे : हर्ष बहादुर श्रेष्ठ**<br>**बाबु : बसन्त लाल श्रेष्ठ** |

**नोट** :- यस हामा बहुउदेश्यीय सहकारी संस्था लि. बाट कर्जा लिई समयमा सांवा व्याज किस्ता नियमित नबुझाउने अन्य ऋणीहरुले समेत संस्थामा तुरुन्त सम्पर्क राखि किस्ता बुझाउनु होला अन्यथा क्रमश अन्य ऋणीहरुको समेत सुचना प्रकाशित गरी रकम असुल उपरको कारवाहि गरिने व्यहोरा जानकारी गराइन्छ।

**हामा बहुउद्देश्यीय सहकारी संस्था लिमिटेड**
**त्रिपुरेश्वर, काठमाडौं**
**फोन नं. ४२१९९३५, ४२२८८७५**







तयारीमा-एसियाली फुटबल महासंघअन्तर्गत एएफसी यू-२३ च्याम्पियनसिपको छनोट चरणको तयारीमा रहेको नेपाली यू-२३ राष्ट्रिय फुटबल टोलीले आज बंगलादेशको टोलीसँग खेल्दै छ। सोमबार भएको पत्रकार सम्मेलनमा नेपाली टोलीका प्रशिक्षक राजुकाजी शाक्यले मंगलबार हुने खेलले च्याम्पियनसिपको तयारीमा टेवा मिल्ने बताएका छन्। उनले बताए- 'यही खेलकै प्रदर्शनको आधारमा यूएईमा खेल्ने हो। त्यहाँ रहेका टोली केही माथिल्लोस्तर भएपछि हामीलाई यो खेलले केही टेवा पुग्नेछ।'

# लेविसको शतकमा भारत पराजित

नयाँ दिल्ली, (एजेन्सी)

भारतविरुद्धको पहिलो टी-२० अन्तर्राष्ट्रिय क्रिकेट खेलमा वेस्ट इन्डिजले ९ विकेटको उत्कृष्ट जित निकालेको छ।

भारतले १ सय ९१ रनको ठूलो लक्ष्य दिए पनि वेस्ट इन्डिजले ९ बलअघि नै १ सय ९४ रन जोडेर जित हात पार्‍यो। पाहुना टोलीविरुद्ध एकदिवसीय सिरिज गुमाएको वेस्ट इन्डिजको जितमा इभिन लेविसले शतक प्रहार गरेका थिए। अन्तसम्म क्रिजमा डटेका लेविसले टोलीमा लामो समयपछि फर्केका क्रिस गेलसँग ८२ रनको र दोस्रो विकेटका लागि मार्लोन सेमुल्ससँग १ सय १२ रनको साझेदारी गरे। ६२ बलमा १२ छक्का र ६ चौका प्रहार गरेका लेविस १ सय २५ रनमा नटआउट रहेका थिए। त्यस्तै गेलले २० बलमा १ छक्का र १ चौकाको सहयोगमा १८ रन मात्रै जोडेका थिए। उनी कुलदीप यादवको शिकार बनेका थिए। यसै गरी सेमुल्सले २९ बलमा ५ चौका र १ छक्कासहित ३६ रनमा नटआउट रहे।

यसअघि भारतले निर्धारित २० ओभरमा ६ विकेटको नोक्सानीमा १ सय ९० रन जोडेको थियो। जसमा दिनेश कार्तिकले ४८, विराट कोहलीले ३९ रन, शिखर धवनले २३ रन, रिषभ पन्तले ३८ रन जोडेका थिए। जब कि पूर्वकप्तान महेन्द्रसिंह धोनी मात्र २ रनमै सीमित भएका थिए। वेस्ट इन्डिजका बलरमा जेरोमी टेलर र विलियम्सले दुई-दुई विकेट लिएका थिए।

### जिम्बावेलाई सिरिज

जिम्बावेले श्रीलंकाविरुद्धको पाँचौं तथा अन्तिम एकदिवसीय अन्तर्राष्ट्रिय खेलमा जित हात पारेर ओभरसिजमा सन् २००१ पछि पहिलो ठूलो सिरिज हात पारेको छ। ग्राएम क्रेमेरको टोलीले ३-२ ले सिरिज जितेको हो। ३८ रनको अन्तरालमा ६ विकेट गुमाए पनि हमबान्टोटामा जिम्बावेले श्रीलंकालाई तीन विकेटले माथ दिन सफल भयो। जब कि यस वर्ष शुरुमै जिम्बावेले अफगानिस्तानसँग सिरिज हारेको थियो।

जिम्बावेले १ सय ३७ रनमा सर्वाधिक रन बनाएका हेमिल्टन मासाकाड्जाको रुपमा दोस्रो विकेट गुमाएको थियो। ७३ रन बनाएका मासाकाड्जालाई लासिथ मालिंगाले आउट गरेका थिए। यसपछि अकिला दनन्जयले लगातार विकेट लिएर जिम्बावेलाई ७/१७५ को स्कोरमा पुर्‍याए। दनन्जयले चार विकेट लिए पनि बलिङमा जमेका रजाले जिम्बावेलाई ऐतिहासिक जित दिलाएका थिए।

## धरहरा

### यस्तो गरे पो !



हिजोको मन्त्रिपरिषद्को बैठकले बाढी पहिरोमा परेकाहरुलाई २५ हजार रुपियाँ दिने निर्णय गरेको धरहराबाट देखियो। तर, धरहरा छेउमा आएका केही व्यक्तिहरु भनिरहेका थिए- 'यहाँ सुरक्षाकर्मीलाई हत्या गर्न संलग्नहरुलाई सरकार करोडौं रुपियाँ बाँड्छ।'

कोही कोही मान्छेलाई गाडी किन्नका लागि करोडौं रकम चाहिन्छ। धनी व्यक्तिलाई हाच्छिउँ आयो भने पनि उपचारका लागि उसको दलीय हैसियतको आधारमा लाखौं वा करोडौं रकम खर्च गरेर विदेश पठाइन्छ।

तर, सरकारले अहिले साँच्चैका पीडितलाई दिने भनिएको २५ हजारले सर्वसाधारण 'हात खाऊँ कि भात खाऊँ'को अवस्थामा पुगेको पाइएको छ।

साँच्चै पीडामा परेका जनतालाई त हात खोलेर दिनु नि। सरकारी अधिकारीहरु काम न काजका काममा विदेश भ्रमणमा जानका लागि कति खर्च भइरहेको होला अहिले? बरु जान्ने हो भने राष्ट्रपति, प्रधानमन्त्री, उपप्रधानमन्त्री, मन्त्रीहरु, सांसदहरु तथा सरकारी कर्मचारीहरुले एक महिनाको तलब वा सम्भव नभएमा १५ दिनको खाइपाई आएको तलब कटौती गरेर बाढी पीडितलाई दिने भनिदए कति राम्रो सन्देश जान्थ्यो। कसले भनिदिने उहाँहरुलाई यस्तो काइदा? पाठकहरु कसैले भनिदिनुहुन्छ कि?

# विश्व नम्बर एक बाहिरिइन्

लन्डन, (एजेन्सी)

विश्व नम्बर एक महिला खेलाडी एन्जेलिक केर्बर विम्बल्डन टेनिसमा चौथो चरणबाटै बिदा भएकी छन्।


गार्बिन मुगुरुजा जितपछि।

स्पेनकी गार्बिन मुगुरुजाले जर्मनीकी केर्बरलाई ४-६, ६-४, ६-४ ले पराजित गरेकी थिइन्। कोर्ट टूमा भएको अन्तिम १६ को खेलमा केर्बरले करिब २ घण्टा २० मिनेट संघर्ष गरेर पनि हार टार्न सकिनन्। उनी गत संस्करणकी उपविजेता थिइन्। उता जितसँगै २३ वर्षिया मुगुरुजाले क्वार्टरफाइनलमा रुसकी सेटलाना कुज्नेटसोभासँग खेल्ने तय गरेकी छिन्।

केर्बरले कोर्ट टूको अवस्था नराम्रो भएको प्रतिक्रिया दिएकी थिइन्। उनले सन् २०१६ मा चारमध्ये दुई ग्रान्डस्लाम जितेकी थिइन्। यस वर्ष भने उनी क्वार्टरफाइनलसम्म पनि पुग्न सकेकी छैनन्। यो हारले उनको विश्व नम्बर एक स्थान पनि डावाँडोल भएको छ।

यदि रोमानियाकी सिमोना हालेप सेमिफाइनल पुगेमा केर्बरले विश्व नम्बर एक स्थान गुमाउनेछिन्। तर हालेप अन्तिम चारमा नपुगेमा चेकको कारोलिन पिलिस्कोभा शीर्ष स्थानमा उक्लिनेछिन्। उनी भने जारी प्रतियोगिताको दोस्रो चरणबाटै बाहिरिएकी थिइन्।












कामना न्यूज पब्लिकेसन्स् प्रालिद्वारा प्रकाशित कार्यालयः कामना प्लाजा, भीमसेनस्थान, काठमाडौं, पो.ब.नं. २०४५, फोनः ४-२६११७९, फ्याक्सः ४-२१८९९०, Email: nepalsamacharpatra@gmail.com प्रमुख कार्यकारी अधिकृत तथा प्रबन्ध सम्पादकः दिरेकलाल श्रेष्ठ, सम्पादकः लेखनाथ अधिकारी, प्रधान सम्पादकः पुष्करलाल श्रेष्ठ